# प्राङ्गारिक कृषि उत्पादन, प्रमाणिकरण सम्बन्धी मापदण्ड, निर्देशिका, मार्गदर्शन एवं कार्यविधिहरुको संगालो


नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय
**कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम**
हरिहरभवन, ललितपुर
२०७०

# प्राङ्गारिक कृषि उत्पादन, प्रमाणिकरण सम्बन्धी मापदण्ड, निर्देशिका, मार्गदर्शन एवं कार्यविधिहरूको संगालो


नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय
कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम
हरिहरभवन, ललितपुर
२०७०

# दुई शब्द

स्थानीय प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दीगो कृषि व्यवस्थापन मार्फत कृषि क्षेत्र एवं मुलुकको आर्थिक विकास गर्ने लक्ष्य हासिल गर्नमा प्राङ्गारिक कृषि प्रणालीले महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास गर्न सकिन्छ । यस सन्दर्भमा राष्ट्रिय कृषि नीति, २०६१ मा प्राङ्गारिक खेतीलाई प्रोत्साहन पुऱ्याइनेछ भनि उल्लेख भएको र सोही नीति कार्यान्वयनका लागि कृषि विकास मन्त्रालयबाट "**प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका**, **२०६४**" स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । सो निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा राष्ट्रिय/अन्तरराष्ट्रिय स्तरका प्राङ्गारिक प्रमाणिकरण निकायलाई सम्बन्धन प्रदान गर्ने उद्देश्यले "**राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको कार्यविधि**, **२०६९**" स्वीकृत भई कार्यान्वयनमा आएको छ । त्यसैगरि विश्वासिलो र सर्वसुलभ प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणालीको विकास र कार्यान्वयन गर्न "**प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन**, **२०६९**" स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस मार्गदर्शनले प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रकृयालाई सस्तो, सर्वसुलभ र व्यवहारिक बनाउने अपेक्षा गरिएको छ । साथै प्राङ्गारिक कृषि उत्पादन, प्रमाणिकरणको मूल आधार आन्तरिक नियन्त्रण प्रणाली भएकोले "**प्राङ्गारिक कृषि उत्पादनको सामुहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका**, **२०६९**" स्वीकृत भई कार्यान्वयनमा आएको छ । उपरोक्त निर्देशिका, मार्गदर्शन र कार्यविधिले प्राङ्गारिक कृषि प्रमाणिकरण प्रकृयालाई थप विश्वासिलो र व्यवहारिक बनाउने उद्देश्य लिइएको छ ।

प्राङ्गारिक कृषि उत्पादन गरी उक्त वस्तुहरुको प्रमाणिकरण गर्दा लाग्ने खर्चमा अनुदान दिने उद्देश्यले नेपाल सरकारबाट आ.ब. २०६६/६७ देखि प्रमाणिकरण शुल्क अनुदान उपलव्ध गराउदै आएको र सो प्रकृयालाई व्यवस्थीत गर्ने उद्देश्यले "**प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि प्रमाणीकरण शुल्क अनुदान उपलब्ध गराउने ब्यवस्था सम्बन्धी कार्यविधि**, **२०६९**" स्विकृत भई कार्यान्वयनमा ल्याइएको छ । उक्त कार्यविधिले

उत्पादनकर्ता, प्रशोधनकर्ता, निर्यातकर्तालाई प्रोत्साहन गर्ने अपेक्षा राखिएको छ ।

यस निर्देशिका, मार्गदर्शन र कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा सरकारी एवं सरोकार राख्ने निजी क्षेत्रहरु बिचको प्रभावकारी समन्वय र सहकार्यमा मात्र सहज रुपमा सञ्चालनमा आउन सक्ने हुनाले सबै क्षेत्रको रचनात्मक सहयोग रहने अपेक्षा गरिएको छ । साथै यस पुस्तिकाले प्राङ्गारिक कृषि उत्पादन गर्ने कृषक, प्रशोधनकर्ता, व्यापारी तथा अन्य सबैलाई सहयोग पुऱ्याउने आशा गरिएको छ ।

यस पुस्तिका तयार गर्ने सिलसिलामा उपयुक्त राय, सुझाव तथा प्रतिक्रिया दिई सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरु र प्रस्तुत प्रतिक्रियाहरुलाई समेटी पुस्तिकालाई अन्तिम रुप दिने कार्यमा संलग्न कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रमका वरिष्ठ कृषि अर्थविज्ञ श्री दुर्गा प्रसाद उप्रेती र कृषि अर्थविज्ञ श्री कृपा ढकालको कार्यलाई सह्राना गर्दै अन्य सबै सहयोगी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

सुनिल नाथ लोहनी
प्रमुख
कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम

# विषय-सूची


(१) प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ (संशोधन, २०६५) — १-४२

(२) राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको कार्यविधि, २०६९ — ४३-५६

(३) प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९ — ५७-६६

(४) प्राङ्गारिक कृषि उत्पादनको सामुहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९ — ६७-१०८

(५) प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि प्रमाणीकरण शुल्क अनुदान उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्यविधि, २०६९ — १०९-११६

# प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ (संशोधन २०६५)

(नेपाल सरकारबाट स्वीकृत मिति २०६५।११।२०)

प्रस्तावना ३
भाग १: परिचय ५
१.१ पृष्ठभूमि ५
१.२ प्राङ्गारिक कृषि र यसको महत्व ६
१.३ प्राङ्गारिक कृषिको आधारभूत सिद्धान्त ७
१.४ प्राङ्गारिक उपज प्रमाणीकरण ८
भाग २: प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन १०
२.१. प्रयोगमा आउने शब्दावली १०
२.२. प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको उद्देश्य १५
२.३. प्राङ्गारिक कृषिका आधारहरु १६
२.४. प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन गर्दा ध्यान दिनु पर्ने विषयहरु १७
२.५. प्राङ्गारिक कृषिको मार्गदर्शक सिद्धान्तहरु १८
भाग ३: प्राङ्गारिक कृषिको मापदण्ड १९
भाग ४: प्राङ्गारिक प्रमाणीकरण संरचना ३३
अनुसूची १ ३८
अनुसूची २ ३९
अनुसूची ३ ४०
अनुसूची ४ ४१
अनुसूची ५ ४२

# प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ (संशोधन २०६५)

## प्रस्तावना (Preamble)

आन्तरीक एव वांह्य बजारमा प्राङ्गारिक खाद्य वस्तु एवं अन्य कृषि तथा पशुजन्य उपजहरुको माग दिनानुदिन बढदै गैररहेको र देशका अधिकांश जनता कृषिमा आधारीत भएको परिप्रेक्षमा प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधनबाट कृषक वर्गको आय आर्जनमा वृद्धि तथा वैदेशिक मुद्रा आर्जनको भरपर्दो माध्यम हुनुको साथै परम्परागत ज्ञान, शिप र कलाको संरक्षण, कृषि उत्पादकत्व तथा जमिनको उर्वरा शक्तिमा वृद्धि, उत्पादन प्रकृयामा पुर्नप्रयोग र पुनर्जीवित/पुनर्उत्पादन हुने प्रविधिको प्रवर्द्धन, माटो/जल सम्पदाको दिगो र स्वस्थ्यकर उपयोगमा प्रोत्सान, कृषि प्रणालीबाट उत्सर्जित प्रदूषणको न्यूनिकरण र आनुवंशिक तथा जातीय विविधताको संरक्षण हुने पद्धतिको विकासवाट वातावरण संरक्षण समेत हुन जाने भएकोले -

- प्राङ्गारिक कृषि तथा पशुजन्य उपजहरुको उत्पादनमा रसायनिक मल, विषादी र विभिन्न रासायनिक औषधीहरु र प्रशोधन कार्यमा योगशीलहरुको प्रयोगमा नियन्त्रण गरी खाद्य स्वच्छता कायम गर्न,
- उत्पादन, प्रशोधन र बजारीकरणका विभिन्न चरणहरुमा प्राङ्गारिक पदार्थको गुणस्तर कायम गर्न,
- उपभोक्ताहरुलाई स्वच्छ उत्पादन, प्रशोधन एवं बजारीकरणको प्रत्याभूत गर्न,
- गुणस्तर अन्तर्राष्ट्रिय माग/मापदण्ड सरह कायम गरी यस्ता उपजहरुको व्यापार/व्यवसाय अभिवृद्धि गर्न

चालु आवधिक योजना, राष्ट्रिय कृषि नीति, २०६१ र कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ का आधारमा यो निर्देशिका तयार गरिएको छ । यो निर्देशिका प्राङ्गारिक उत्पादन प्रणाली र प्राङ्गारिक कृषिको सिद्धान्त अनुसार उत्पादित कृषि तथा पशुजन्य उपज र तिनबाट प्रशोधित पदार्थहरुको

गुणस्तर प्रमाणिकरण र नियन्त्रणका लागि लागू गरिनेछ । यसका लागि निर्देशिकाले उत्पादन देखि प्रशोधन, लेवलिंग, निरिक्षण र बजारीकरण सम्मका सवै कार्यहरुलाई समेट्ने छ । प्राङ्गारिक प्रविधिबाट उत्पादन/प्रशोधन गरी सूचक-पत्र (label) मा biodynamic, organic, ecological वा biological जस्ता शब्दहरु राखी विक्रि वितरण गरिने उपज/उत्पादनहरु यो निर्देशिका अनुसार प्रमाणित गरिनु पर्दछ । निर्देशिकालाई विस्तृत एवं प्राङ्गारिक उत्पादनहरुको अन्तरराष्ट्रिय मापदण्डसँग समानीकरण गर्न आवश्यक परिमार्जन गर्दै लगिनेछ ।

# भाग १ः परिचय (Introduction)

## १.१ पृष्ठभूमि (Background)

नेपालमा परम्परागत कृषि प्रणाली अन्तर्गत प्राङ्गारिक खेति अपनाईदै आएको भएता पनि यसमा समय सापेक्ष सुधार हुन नसक्दा आशातित उपलब्धि हासिल गर्न सकिएको छैन । कृषि तथा पशुजन्य उत्पादन वृद्धिका लागि मल, विषादि, हर्मोन लगायत विभिन्न रसायनहरुको प्रयोग विस्तारै बढ्दै गई रहेकोछ । हरित क्रान्ति प्रवर्तित कृषि प्रणालीको विसंगति स्वरुप यसबाट सिर्जित उत्पादकत्वको ह्रास, खाद्य पदार्थको अभाव र उपलब्ध खाद्य पदार्थको गुणस्तरमा ह्रास जस्ता विभिन्न समस्याहरु देखिइसकेका छन् भने कृषि क्षेत्रमा व्यापक रुपले बढ्दै गएको विषादि प्रयोग, खाद्य पदार्थमा अखाद्य वस्तुको मिसावट र जनस्वास्थ्यका विषयमा जनचासो बढिराखेको छ । साथै अन्तर्राष्ट्रिय बजारमा बढ्दो प्राङ्गारिक उत्पादनको मागलाई ध्यानमा राख्दा यथेष्ठ प्राङ्गारिक उत्पादन गर्न सके बैदेशिक ब्यापारको बृद्धि भई देशको आर्थिक विकासमा योगदान हुने देखिन्छ ।

नेपालमा खाद्य वस्तुहरुको गुणस्तर कायम गर्न र उपभोक्ता हक र अधिकारलाई संरक्षण गर्न प्रयासहरु भई रहेका छन् । यस अन्तर्गत खाद्य ऐन २०२३, खाद्य नियमावली २०२७, उपभोक्ता संरक्षण ऐन २०५४ र उपभोक्ता संरक्षण नियमावली २०५६ लागू भई सकेका छन । उपभोक्ता संरक्षण ऐन २०५४ अनुसार उपभोक्ता संरक्षण परिषद समेत गठन भएको छ र उपभोक्ता संरक्षण ऐन/नियमावलीको आधारमा खुला तथा प्याकेजिङ्ग भएका उत्पादित/प्रशोधित वस्तुहरुमा हुने गरेका अखाद्य वस्तुहरुको मिसावट न्यूनीकरण गर्ने प्रयास भएको पाईन्छ । सो ऐन/नियमावलीमा उत्पादन प्रकृया समेतको गुणस्तर कायम गर्ने प्रयत्न भएको देखिएता पनि कृषि तथा पशुजन्य वाली उत्पादनमा कृषकले अवलम्वन गर्नुपर्ने बिषय र रासायनिक मल, कीटनाशक विषादी र अन्य रासायनहरुको प्रयोग सम्बन्धी प्रष्ट उल्लेख भएको पाईंदैन । निरीक्षण तथा प्रमाणीकरणको सवालमा प्याकिङ्ग गरेका खाद्य पदार्थमा नेपाल गुणस्तर चिन्ह (NS मार्क) को प्रयोग बाहेक प्रशोधनका लागि कच्चा पदार्थ र

उत्पादन गरी उपभोक्ता सम्म खाद्यवस्तु आपूर्ति हुँदा अवलम्वन गरिनुपर्ने उत्पादन तथा वितरणका प्रकृयागत मापदण्डको अभाव छ । साथै प्राङ्गारिक कृषि उपज र खाद्यान्न प्रतिको जनचेतना र यसका लागि बजारमा बढ्दो रुपमा देखिएको माग र आपूर्तिलाई ध्यानमा राखी नेपालमा पनि प्राङ्गारिक कृषि उपज व्यवस्थापन तथा प्रमाणीकरणको आवश्यकता देखिएको छ ।

बढ्दै गईरहेको उत्पादन लागत, वातावरणीय विनाश र जल-प्रदूषण, जमिनको उर्वराशक्ति तथा बालीहरुको उत्पादकत्वमा आएको ह्रास र खाद्य प्रदूषणबाट श्रृजित समस्याहरुको निराकरणको लागि एक मात्र विकल्प स्वरुप प्राङ्गारिक खेती प्रणालीको महत्व क्रमिक रुपमा बढदै गएको छ । प्राङ्गारिक कृषि विकास अभियानले उपयुक्त र सरल प्रविधिको अवलम्वन गर्दै प्राकृतिक स्रोत संरक्षण, सम्बर्द्धन र सन्तुलनलाई विशेष जोड दिने गरेको छ । दशौं योजना तथा राष्ट्रिय कृषि नीति, २०६१ ले समेत प्राङ्गारिक कृषिलाई जोड दिएको छ । अर्को तर्फ नेपाल विश्व व्यापार संगठनको सदस्य भई सकेको परिवेशमा विश्व बजारमा प्रतिस्पर्धा गर्नको लागि प्राङ्गारिक कृषि प्रवर्द्धन गर्नु अति आवश्यक छ । यसै सन्दर्भहरुलाई मध्यनजर राखी यो प्राङ्गारिक कृषि प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड तयार गरिएको छ ।

## १.२ प्राङ्गारिक कृषि र यसको महत्व (Organic Agriculture and its Importance)

'प्राङ्गारिक कृषि' दीगो पर्यावरण र पारिस्थितिकीय प्रणाली, सुरक्षित, गुणस्तरीय तथा पोषणयुक्त खाना, प्राणी जातिको कल्याण र सामाजिक न्यायका लागि कृषि प्रणालीमा प्रयोग हुने निश्चित प्रकृयाहरुको एकिकृत उपागम (Approach) हो । प्राङ्गारिक कृषि प्रणालीमा बाहिरी स्रोत तथा लगानीको न्यूनतम उपयोग गरिन्छ र वाली उत्पादन कार्यमा कृषि प्रणालीका केहि उत्पादन सामाग्री तथा प्रकृयाहरुको उपयोगलाई नकारिन्छ (IFOAM, 2002) । यसबाट पर्यावरणीय सन्तलुन कायम राख्न र यसको निरन्तरताको लागि सहयोग हुन जान्छ ।

रासायनिक तथा बाह्य स्रोतमा आधारित उत्पादन सामाग्रीको बढ्दो प्रयोगले कृषि प्रणाली, पर्यावरणीय स्थिती तथा मानव स्वास्थ्यमा

नकरात्मक प्रभाव पर्ने भएको र नेपालमा कृषि क्षेत्रमा प्रयोग गरिने यस्ता सामाग्रीहरु आयात गरिनु पर्ने र भौगोलिक विकटताको कारण वितरण कार्य जटिल र खर्चिलो भएकाले स्थानीय स्रोतहरुको व्यवस्थापन र सदुपयोग गरी कृषि उत्पादकत्व वृद्धि गर्ने नीति लिनु उचित हुन्छ । परम्परागत ज्ञान तथा सीपलाई समय सापेक्ष रुपमा परिवर्तन गरी प्राङ्गारिक कृषि प्रणाली अवलम्बन गर्दा प्रति ईकाई भूमिबाट अधिक उत्पादन हुनुको साथै सो क्षेत्रको पर्यावरण/वातावरण सन्तुलन राख्न सहयोग हुन्छ । प्राङ्गारिक खेती प्रणालीको महत्व र फाइदा बुझिसकेका किसानले नेपालमा पनि कफी, चीया र अन्य केही बालीहरुमा यो पद्धति शुरु गरी उपभोक्तालाई सुरक्षित र गुणस्तरीय खाद्य वस्तु उपलब्ध गर्न थालिसकेका छन् र प्राङ्गारिक कृषिको क्षेत्रमा क्रमिक वृद्धि भैरहेको छ । स्थानीय प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र संतुलित उपयोग गरी दिगो कृषि व्यवस्थापन मार्फत कृषि क्षेत्र एवं मुलुकको आर्थिक विकास गर्ने लक्ष हासिल गर्नमा प्राङ्गारिक कृषि प्रणालीले महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास गर्न सकिन्छ । यस सन्दर्भमा प्राङ्गारिक कृषि प्रणालीको विकासका लागि यसका आधारभूत सिद्धान्त तथा प्राविधिक आधारहरुको एकिन गरी प्राङ्गारिक उपजहरुको गुणस्तर निर्धारण, मापन र प्रमाणिकरणका लागि प्रक्रियागत व्यवस्था हुनु अति महत्वपूर्ण हुनजान्छ ।

## १.३ प्राङ्गारिक कृषिको आधारभूत सिद्धान्त (Basic Principles of Organic Agriculture)

प्राङ्गारिक कृषि अभियानको अन्तर्राष्ट्रिय महासंघ (International Federation of Organic Agriculture Movement) ले प्रतिपादन गरेको सिद्धान्तहरुलाई नै प्राङ्गारिक कृषि विकास तथा प्रबर्द्धनका प्रमुख आधारको रुपमा लिइएको छ । नैतिक आधारमा निर्मित यसका मानव स्वस्थ्य, पर्यावरण, उपलव्धिको निष्पक्ष वितरण र संरक्षण सम्बन्धी सिद्धान्तहरुले एकिकृत (Integrated) रुपमा प्राङ्गारिक कृषि व्यवसायमा गरिने विभिन्न

कार्यहरुलाई निर्दिष्ट गर्दछन[1] ।

## १.४ प्राङ्गारिक उपज प्रमाणीकरण (Organic Product Certification)

प्राङ्गारिक कृषि अभियानको अन्तर्राष्ट्रिय महासंघ (The IFOAM[2] Organic Guarantee System) लगायत संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि/विश्व स्वास्थ्य संगठन, यूरोपियन संघ (EEC 20092/91) र अमेरीका (United State National Organic Program), जापान (Japan Agricultural Standard), क्यानडा, भारत र चीन जस्ता मुलुकहरुले प्राङ्गारिक कृषि उपजहरुको स्तर निर्धारणका लागि मापदण्ड तय गरेका छन् । जसअनुसार यी देशहरुमा अन्य मुलुकबाट प्राङ्गारिक कृषि उपज आयात गर्नु परेमा निर्धारित मापदण्ड मुताविक उत्पादन गरिएका र ती देशका सम्बन्धित निकायबाट स्वीकृत प्रमाणीकरण निकायले प्रमाणित गरेका वस्तुहरु मात्र आयात गर्नुपर्ने कानूनी व्यवस्था छ ।

यस किसिमका मापदण्डहरुले अग्रिम पहिचानका आधारमा प्राङ्गारिक उत्पादन, प्रशोधन र वितरणका लागि विभिन्न शर्तहरु निर्धारण गर्दछन । कुनै पनि प्राङ्गारिक उपजमा निर्धारित गुणस्तर कायम गर्नका लागि विश्वासिलो प्रकृया अपनाई यस्ता शर्तहरु पुरा गरिएको हुनुपर्दछ । कुनै उपजको उत्पादन, प्रशोधन र वितरणमा यस्ता आवश्यक शर्तहरु पुरा गरिएकोछ भनी तेस्रो पक्षले दिने लिखित सुनिश्चितता लाई प्रमाणीकरण (Certification) भनिन्छ । आवश्यक प्रक्रिया अपनाई यसरी प्राङ्गारिक

---

1 प्राङ्गारिक कृषिले-

- दिगो विकासमा माटो, पानी, वनस्पती, जन्तु तथा मानव लगायत समग्र पृथ्वीलाई जीवन्त बनाउनका लागि उपयुक्त वातावरण सिर्जना गर्दछ (Principle of Health);
- पर्यावरणीय प्रक्रिया र पुनःप्रयोग प्रणाली अनुसार उत्पादन गर्नुपर्दछ (Principle of Ecology);
- सबैका लागि वातावरणीय तथा जीवनका अवसरहरुलाई निश्पक्ष रुपमा सुनिश्चित गर्दछ (Principle of Fairness);
- वर्तमान तथा भावी सन्ततिको स्वास्थ्य र वातावरण संरक्षणका लागि सावधानी र उत्तरदायीपूर्वक प्राकृतिक स्रोतहरुको व्यवस्थापन गर्दछ (Principle of Care)

2 यो महासंघ १९७२ मा जर्मनीमा स्थापना भएको हो । स्थापना कालमा जर्मनी, स्वीट्जरलैण्ड जस्ता देशमा मात्र सीमित भएको यो संस्थामा हाल १०८ देशका करिब ८५० जति संस्था आबद्ध भैसकेका छन् ।

सुनिश्चितता प्रदान गर्ने निकायलाई प्रमाणीकरण निकाय (Certifying body) भनिन्छ जसले आवश्यक शर्त पुरा गर्ने कृषि उपजलाई प्रमाणीकरण चिन्ह (Logo) पनि प्रदान गर्दछ । प्राङ्गारिक उपज प्रमाणीकरणका लागि उपजहरुको उत्पादन, प्रशोधन र वितरणमा निर्धारित प्रकृया र शर्तहरु पुरा भए नभएको निरिक्षणको आधारमा एकिन गरी प्रमाणीकरण निकायलाई प्रतिवेदन गर्न तोकिएको दक्ष र सम्बन्धित प्रमाणीकरण निकायबाट ईजाजत प्राप्त प्राविधिकहरुलाई प्राङ्गारिक निरीक्षक (Organic Inspector) भनिन्छ ।

# भाग २ः प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन
# (Organic Agriculture Production and Processing)

## २.१. प्रयोगमा आउने शब्दावली (Words in Use)

क) अडिट (Audit): अडिट भन्नाले विधिवत एवं स्वायत्त जांच प्रकृया अन्तर्गत नियोजित उद्देश्य अनुसारको कार्य सम्पादन भए नभएको मूल्यांकन गर्ने कार्यलाई जनाउंछ ।

ख) कृषि उपज/ कृषिबाट उत्पादित पदार्थ (Agricultural Product/ Product of Agriculture Origin) : कृषि उपज वा कृषिबाट उत्पादित पदार्थ भन्नाले कृषि जन्य पदार्थमा आधारित कुनै कच्चा पदार्थ वा प्रशोधित पदार्थ मानव-उपभोग वा पशु-दानाको लागि तयार गरी बजारीकरण गरिएको पदार्थलाई जनाउंदछ । यस परिभाषाले पानी, नून र अन्य योगशिललाई समेट्ने छैन ।

ग) अनुवंश प्रौद्योगिक वा सविन्यास गरिएका पदार्थ (Genetically engineered/modified organism) अनुवंश परिवर्तन गरी बनेका पदार्थ यस अन्तरगत पर्ने छन । प्राकृतिक तरवरको मेटिंग वा प्राकृतिक मिलनबाट बनेकालाई यस परिभाषाले समेट्ने छैन ।

घ) अनुवंश परीवर्तन तरीका/परीवर्तन (Techniques of genetic engineering/ modification) अनुवंश परीवर्तन तरीका भन्नाले Recombinant DNA, cell fusion, micro/macro injection, encapsulation, gene deletion and doubling जस्ता प्रकृयाहरुलाई जनाउनेछ । अनुवंश परिवर्तन भन्नाले Conjugation, transduction, hybridization बाहेकका प्रकृयालाई सम्झनु पर्दछ ।

ङ) आधुनिक/रासायनिक खेती प्रणाली (Conventional farming): रासायनिक मल, विषादी र बृद्धिवर्धक रसायन (Enzymes/hormons) जस्ता बाह्य उत्पादन सामाग्रीहरु प्रयोग हुने खेती प्रणाली ।

च) विरुवा संरक्षण पदार्थ (Plant protection product) : विरुवा संरक्षण पदार्थ भन्नाले उत्पादन, भण्डारण, परिचालन वा प्रशोधन कार्यमा कृषिजन्य उपज र पशु दानालाई सुरक्षित राख्न प्रतिरोध, नियन्त्रण, आकर्षण वा विकर्षण कार्यका लागि प्रयोग गरीने पदार्थहरुलाई बुझ्नु पर्दछ ।

छ) भेटनरी औषधि (Veterinary drug) : भेटनरी औषधि भन्नाले पशुजन्य खाद्य पदार्थ उत्पादनका लागि पशु उपचारका क्रममा प्रयोग गरिने औषधिलाई जनाउंछ ।

ज) उत्पादन (Production)/तयारी (Preparation) : उत्पादन भन्नाले खेतबारी/फारममा गर्ने कार्य देखि प्याकेजिंग र लेवलिंग समेतलाई जनाउँछ । तयारी भन्नाले वाली/जनावर काट्ने देखि प्रशोधन गर्ने, संरक्षण गर्ने, प्याकिंग गर्ने र लेवलिंग गर्ने कार्य सम्मलाई जनाउँछ ।

झ) रुपान्तरण (Conversion): आधुनिक/रासायनिक खेती प्रणालीबाट प्राङ्गारिक खेती प्रणालीमा परिवर्तन गर्ने प्रकृया, जसलाई एउटा विधिवाट अर्को विधिमा संक्रमण पनि भनिन्छ ।

ञ) रुपान्तरण अवधि (Conversion period): प्राङ्गारिक विधिबाट खेती प्रणाली शुरु गरे देखि उत्पादित वस्तुको प्रमाणीकरण चिन्ह दिईने समय बीचको अवधिलाई रुपान्तरण अवधि भनिन्छ ।

ट) प्राङ्गारिक उत्पादन क्षेत्र (Organic production area): प्राङ्गारिक कृषिको सिद्धान्त अनुसार खेती प्रणाली अपनाईएको उत्पादन क्षेत्र ।

ठ) परम्परागत कृषि प्रणाली (Traditional agricultural system): कुनै निश्चित क्षेत्रमा सोही क्षेत्रका बासिन्दाहरुबाट विकास गरी प्रचलनमा रहेको कृषि प्रणालीलाई परम्परागत कृषि प्रणाली भनिन्छ ।

ड) समिश्रण (Ingredient): समिश्रण भन्नाले खाद्य पदार्थको उत्पादन/प्रशोधनका लागि प्रयोग हुने कुनै पनि पदार्थ (खाद्य योगशिल समेत) लाई बुझिन्छ, जुन प्रशोधित खाद्य वस्तुमा परिवर्तित रुपमा रहन सक्दछन ।

ढ) खाद्य योगशील (Food additives): खाद्य वस्तुको गुणस्तर ( पोषण तत्व, बास्ना, स्वाद, एक- रुपता, भण्डारण क्षमता र आकर्षण) बढाउन खाद्य बस्तुमा प्रयोग गरिने पूरक वस्तु भन्ने बुझिन्छ ।

ण) खाद्य मिसावट (Food adulteration): खाद्य वस्तुमा गुणस्तर कम हुने गरी खाद्य वा अखाद्य वस्तु मिसाउने कार्य ।

त) प्रतिबन्धित सामाग्री (Prohibited material): प्राङ्गारिक उत्पादन, प्रशोधन तथा वितरण प्रकृयामा प्रयोग गर्न प्रतिबन्धित वस्तु ।

थ) नियन्त्रित सामाग्री (Restricted material): प्राङ्गारिक उत्पादन, प्रशोधन तथा वितरण प्रकृयामा प्रमाणिकरण निकायको स्वीकृति लिएर मात्र प्रयोग गर्न सकिने वस्तु ।

द) स्वीकृत सामाग्री (Permitted material): प्राङ्गारिक उत्पादन, प्रशोधन तथा वितरण प्रकृयामा प्रयोग गर्न सकिने भनी स्वीकृत वस्तु ।

ध) सशर्त सामाग्रीको प्रयोग (Conditional use of materials): प्रदूषणको खतरा र प्राकृतिक सन्तुलन जस्ता विषयमा गम्भीर रुपमा विचार पुऱ्याई प्रयोग गरिनु पर्ने कुनै सामाग्री र त्यसको प्रयोग गर्न मिल्ने मात्रा भन्ने बुझिन्छ । त्यस्तै आकस्मिक रुपमा कूनै रोग तथा कीराको प्रकोप देखिएमा प्रमाणिकरण निकायहरुलाई समेत सूचना दिई सरकारी निर्देशन र निगरानीमा प्रयोग गरिने कुनै रासायनिक पदार्थ र त्यसको निश्चित परिमाण भन्ने बुझिन्छ ।

न) प्राङ्गारिक उपज (Organic product): यो निर्देशिका तथा नेपाल सरकारको मान्यता प्राप्त अन्य प्राङ्गारिक उपज स्तर निर्धारण पुस्तिकामा उल्लेख भए अनुसार उत्पादित/प्रशोधित कृषि, वन तथा पशुजन्य उपज ।

प) आधिकारीक निकाय (Competent authority) आधिकारीक निकाय भन्नाले कानूनी अधिकार प्राप्त सरकारी निकायलाई सम्झनु पर्दछ ।

फ) मान्यता प्राप्त निरीक्षण वा प्रमाणीकरण प्रणाली (Officially recognized inspection/certification system) : मान्यता प्राप्त निरीक्षण वा प्रमाणीकरण प्रणाली भन्नाले कानूनी मान्यता प्राप्त सरकारी निकाय वा निजी क्षेत्रको निरिक्षण/प्रमाणिकरण प्रणालीलाई जनाउँदछ ।

ब) प्रमाणीकरण निकाय (Certification body) : प्रमाणिकरण निकाय भन्नाले प्राङ्गारिक पदार्थ भनी बजारीकरण कार्यका लागि उत्पादन, प्रशोधन, परिचालन, लेवलिङ्ग र आयात कार्यको मूल्यांकन गर्ने निकायलाई जनाउँछ ।

भ) सूचक-पत्र (Label)/लेवलिंग (Labeling) : लेवल/लेवलिंग भन्नाले बिक्रि प्रवर्द्धन गर्ने उद्देश्यले लेखिएको अथवा प्रिन्ट गरी उत्पादित/प्रशोधित वस्तुमा लगाईएको पूर्जा/विवरणलाई सम्झनु पर्दछ ।

म) प्रमाणीकरण (Certification): अग्रिम रुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रकृया अपनाई कुनै कृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नुपर्ने शर्तहरु पुरा गरिएको छ भनी तेस्रो पक्षले दिने लिखित सुनिश्चितता ।

य) निरीक्षण (Inspection): कुनै कृषि उपजको उत्पादन, प्रशोधन तथा वितरण प्रकृया निर्धारित मापदण्ड अनुसार छ/छैन भनी सम्वन्धित स्थलमा गई वास्तविकता पत्ता लगाउन अनुगमन र जाँचपडताल गरिने कार्यलाई निरीक्षण भनिन्छ ।

र) निरीक्षक (Inspector): प्रमाणीकरण गर्ने निकायले सम्बन्धित कृषि उपजको उत्पादन, प्रशोधन तथा वितरण प्रकृया निरीक्षण गर्नका लागि नियुक्त गरेको व्यक्तिलाई निरीक्षक भनिन्छ ।

ल) प्रमाणीकरण चिन्ह (Certification logo): प्रमाणीकरण निकायले सञ्चालन गरेको प्रमाणीकरण कार्यक्रममा आवश्यक पर्ने शर्तहरु पुरा गरेको प्रमाणित गर्नका लागि दिइने संकेत/चिन्ह/प्रतिकलाई प्रमाणिकरण चिन्ह (logo) भनिन्छ ।

व) समानान्तर उत्पादन (Parallel production): एउटै किसानले आफ्नो खेत बारीमा एकै समयमा प्राङ्गारिक र अप्राङ्गारिक तरिकाबाट उत्पादित एकै बाली वा जातका बस्तु ।

श) प्रशोधन सामग्री (Processing materials): खाद्य वस्तुको रुपमा उपयोगमा नआउने तर खाद्य वस्तु प्रशोधन तथा उत्पादनका लागि प्रयोगमा ल्याईने औजार, भाँडा कुँडा तथा अन्य सामग्रीलाई प्रशोधन सामग्री भनिन्छ । यस्ता सामाग्रीहरु प्रशोधक वा उत्पादकको नियत वा अनुमान बाहिरै अवशेषका रुपमा मिसिएर खाद्य वस्तु उपभोगका लागि अनुपयुक्त हुन सक्दछन ।

ष) प्रशोधन सहयोगी (Processing aids): प्रशोधन सहयोगी भन्नाले उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग कार्यमा लुव्रिकेसन (lubrication) तथा सफाई जस्ता कामका लागि प्रयोगमा ल्याईने तर उत्पादित ⁄प्रशोधित वस्तुमा मिसाईन नहुने पदार्थलाई बुझ्नु पर्दछ ।

स) कच्चा पदार्थ (Raw material): प्रशोधन कार्यमा प्रयोग हुने प्रशोधन सामाग्री र खाद्य योगशील बाहेकका प्रशोधन पूर्वका खाद्य सारयुक्त वस्तु भन्ने बुझिन्छ । प्रशोधन गरिने मुख्य वस्तु वा उत्पादन कच्चा पदार्थभित्र पर्दछ ।

ह) मापदण्ड (Standard): मापदण्ड भन्नाले कुनै देशले आफ्नो आन्तरिक प्रयोगका लागि वा वाह्य बजारका लागि अन्तर्राष्ट्रिय नियम अनुसार मान्य हुने गरी बनाएको प्राङ्गारिक कृषि उत्पादनको मापदण्ड भन्ने बुझिन्छ ।

क्ष) प्रशोधन (Processing): प्रशोधन भन्नाले तताउने, चिस्याउने, निर्मलीकरण गर्ने, सुकाउने, पकाउने, कुट्ने, पिस्ने, मिसाउने, उमाल्ने, उसिन्ने, झोल बनाउने, दाना बनाउने, भुट्ने, तार्ने, अचार बनाउने र यसरी उत्पादित वस्तुलाई प्याक⁄डिव्वा वन्दि गर्ने (canning/bottling) कार्य भन्ने बुझिन्छ ।

त्र) सञ्चालक⁄प्रशोधक (Operator/ Processor): संचालक भन्नाले कुनै पनि पदार्थ उत्पादन, तयारी, आयात वा बजारीकरण गर्ने व्यक्तिलाई जनाउंछ । मिल धनी, डिब्बा निर्माता, प्याकिङ्गकर्ता, निर्यातकर्ता, थोक व्यापारी, खुद्रा व्यापारी, संकलक र अन्य साना उद्यमीहरु प्रशोधक⁄सञ्चालक अन्तर्गत पर्दछन् ।

## २.२. प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको उद्देश्य (Objective of Organic Agriculture Production and Processing Systems)

वातावरणीय सन्तुलनका साथै गुणस्तरीय प्राङ्गारिक वस्तु उत्पादन गरी उपभोक्ताको माग पूर्ति गर्नु प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको मुख्य उद्देश्य हो । प्राङ्गारिक कृषि प्रणालीको विशेष उद्देश्यहरु यस प्रकारका छन् :

क) प्राकृतिक प्रणाली/चक्रसितको रचनात्मक एवं जीवनदायी अन्तरक्रियाका आधारमा पर्याप्त मात्रामा गुणस्तरीय खाद्य वस्तु उत्पादन गर्ने । उत्पादन प्रकृयामा पुनर्प्रयोग र पुनर्जीवित/ पुनर्उत्पादन हुने किसिमका वस्तुको प्रयोगमा जोड दिने ।

ख) कृषि उत्पादन गरिने जमीन तथा वरपरको क्षेत्रमा रहेका वनस्पति, जीवजन्तु र शूक्ष्म जीवाणुहरु वीचको जैविक चक्रको सहअस्तित्व कायम राख्न सहयोग गर्ने ।

ग) माटोको उर्वराशक्ति र जल-सम्पदाको दीगो उपयोग गरी समुचित व्यवस्थापन गर्ने ।

घ) कृषि प्रणालीबाट उत्सर्जित प्रदूषणहरुको न्यूनीकरण गर्ने ।

ङ) पाल्तु पशु-पंक्षीलाई कम पिडा दिन र पूर्ण विकासका लागि उपयुक्त व्यवस्थापन गर्ने ।

च) कृषि प्रणाली भित्र जैविक विविधता (पर्यावरणीय, जातीय र अनुवांशिक) संरक्षण गर्ने ।

छ) परम्परागत ज्ञान, शीप, कला र कृषि प्रणालीको संरक्षण तथा सदुपयोगमा जोड दिने ।

ज) संयुक्त राष्ट्र संघको वडापत्रमा उल्लेख भए मुताविक शुद्ध र स्वच्छ खाना तथा कार्यस्थलमा स्वस्थ वातावरण सुनिश्चित गर्न जोड दिने ।

झ) कैयन ब्यक्ति/समुदायमा आनुवांशिक प्रौद्योगिकी (Genetic Engineering) ले जीवन र यससँग आबद्ध सिद्धान्त र दर्शनको विरुद्धमा कार्य गर्दछ भन्ने विश्वास भएको हुँदा प्राङ्गारिक कृषि प्रणालीमार्फत 'मानव बानी-व्यहोरा र वातावरण' र 'जीवन र दर्शन' बीचको प्रगाढ अन्तरसम्बन्धको विषयमा जनचेतना फैलाउने ।

## २.३ प्राङ्गारिक कृषिका आधारहरु (Basis for Organic Agriculture)

### २.३.१ बाली उत्पादन (Crop production)

माटोको उर्वराशक्ति तथा जैविक विविधता कायम गर्न निम्नअनुसार विधि अवलम्वन गरिनु पर्दछ:

क) उपयुक्त बाली चक्र र मिश्रित वाली प्रणालीको अनुसरण

ख) पुर्नप्रयोग र पुनर्जीवित/पुर्नउत्पादन हुने आधारमा प्राङ्गारिक वस्तुको उपयोग

ग) रासायनिक मलखाद तथा विषादी प्रयोग बन्द गरी रोग/कीरा व्यवस्थापनका लागि स्थानीय स्रोतमा आधारित अन्य एकिकृत विधिको प्रयोग ।

### २.३.२ पशुपालन व्यवस्थापन (Livestock management)

प्राङ्गारिक कृषि प्रणालीका सन्दर्भमा खाद्य-चक्र (food-cycle) व्यवस्थापन, प्राङ्गारिक पुनर्प्रयोग (organic recycling), कृषिजन्य उप-उत्पादनहरु (Byproduct) को सदुपयोग र माटो, जैविक विविधता तथा वातावरण संरक्षणका दृष्टिले पशुपालन व्यवसायको महत्वपूर्ण भूमिका रहन्छ । पशुपालनमा पशु-पंक्षीहरुको संतुलित आहार एवं शारिरिक तन्दुरुस्ती र पर्यावरणीय सन्तुलनका लागि निम्नानुसारका विधि अवलम्बन गर्नु पर्दछ :

क) प्रचुर मात्रामा प्राङ्गारिक डाले/भुईं घाँस तथा अन्य खाद्य वस्तुको आपूर्ति

ख) पशु-पंक्षीको बानी व्यहोरा र आवश्यकता अनुसार गोठ, खोर, चरन तथा हिंडडुलको व्यवस्था

ग) प्राकृतिक, होमियोपेथिक तथा आयुर्वेदिक औषधोपचारको व्यवस्था

घ) अन्य कुनै औषधी, रसायन तथा फुड एडिटिभ्स्, प्रयोग विहिन उत्पादन

ङ) आनुवांशिक श्रोत संरक्षणका लागि छनौट (Selection) विधि र नाता नपर्ने बिच स्वजातीय प्रजननबाट उत्पादकत्वमा वृद्धि ल्याउने ।

## २.४ प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन गर्दा ध्यान दिनु पर्ने विषयहरु

प्राङ्गारिक कृषि उपजहरुको उत्पादन तथा प्रशोधनमा ध्यान दिइनु पर्ने पक्षहरु निम्नानुसार छन ।

क) सह-सम्बन्धः पर्यावरणीय सन्तुलन भन्नु नै वनस्पति तथा जीवजन्तुहरु बीचको सह-सम्बन्ध हो । कृषकले आफ्नो खेतबारी र घर-गोठको लागि आवश्यक पर्ने वस्तुहरु सकेसम्म आफैंले उत्पादन गरेमा यस खालको सम्बन्धलाई दीगो रुपमा कायम राख्न सम्भव हुन्छ । वानस्पतिक प्रोटिन तथा शक्तिलाई पशुजन्य रुपमा रुपान्तरण गर्ने क्रममा जैविक विविधता नासिएर जाने सम्भावना बढी भएको हुँदा बाली तथा पशु उत्पादन बीच सन्तुलन कायम गरिनु पर्दछ ।

ख) उपयुक्त प्रशोधन : कच्चा खाद्य पदार्थ प्रशोधन गर्दा प्राङ्गारिक उपजको गुणस्तर कायम गर्न स्वीकृत प्रशोधन विधि तथा खाद्य योगशीलको प्रयोग हुनुपर्दछ । यसबाट प्रशोधन प्रकृयाका कारण खाद्य गुणस्तरमा हुनसक्ने गिरावटलाई न्यूनीकरण गर्न सहयोग पुग्दछ । प्रशोधन कार्यमा स्तर-निर्धारण, होसियारी, उर्जा संरक्षण र बाह्य वस्तुको कम प्रयोग हुनुपर्दछ ।

ग) वातावरणीय संरक्षण तथा प्रदूषण न्यूनीकरणः प्राङ्गारिक उपजहरुको प्रशोधन, प्याकेजिङ तथा स्थानान्तरण गर्दा उत्पादित बस्तुको गुणस्तरको सुनिश्चितता, फोहोर-मैलाको उचित व्यवस्थापन र वातावरणीय संरक्षणमा विशेष ध्यान दिइनुपर्दछ ।

घ) श्रमिक तथा सामाजिक हित : प्रशोधन, प्याकेजिङ तथा स्थानान्तरणमा संलग्न श्रमिकहरुको हित र आदिबासीका परम्परागत ज्ञान र सीपको आधारमा उत्पादित उपजहरुबाट प्राप्त लाभको न्यायोचित वितरण हुनुपर्दछ ।

ङ) उपयुक्त दूरी : प्राङ्गारिक तथा रासायनिक उत्पादन क्षेत्र बीच तोकिए अनुसारको दूरी भए नभएको र समानान्तर उत्पादन अवस्थामा तोकिए अनुसार प्रविधि अनुसरण भए नभएको सुपरिवेक्षणका आधारमा प्राङ्गारिक प्रमाणीकरणको प्रकृया थालनी हुनु पर्दछ ।

## २.५. प्राङ्गारिक कृषिको मार्गदर्शक सिद्धान्तहरु

**(Guiding Principles of Organic Agriculture)**

प्राङ्गारिक कृषि उत्पादन निम्न सिद्धान्तहरुका आधारमा गरिएको हुन्छ ।

क) एकल बाली प्रणालीलाई एकीकृत बाली प्रणालीमा रुपान्तरण गर्ने ।

ख) रोग-कीरा व्यवस्थापनमा प्राकृतिक शत्रु जीव व्यवस्थापनामा केन्द्रित जैविक तरिका अपनाउने । पशुपालनमा खोप तथा सन्तुलित पोषणका माध्यम रोग प्रतिकारात्मक क्षमताको विकास गर्ने खालका उपायहरुको अवलम्बन गर्ने ।

ग) उत्पादन तथा प्रशोधन स्थल कुनै मिसावट, रसायन तथा विषादीबाट हुने प्रदूषणबाट मुक्त हुनुपर्दछ । पशुपालनको हकमा घाँसमा आधारित पशुपालन गरी पशुपंछी दाना उत्पादनमा एन्टिवायोटिक्स र हर्मोन जस्ता रसायनको प्रयोग गरिनु हुँदैन ।

घ) स्थानीय हावापानी सुहाउँदो र रोग-कीरा कम लाग्ने किसिमको बाली बिरुवाको जात छनौट गरिनु पर्दछ ।

ङ) माटोको उर्वराशक्ति वृद्धि गर्न प्राङ्गारिक मल (गोठेमल, कम्पोष्ट, हरियो मल, पीना, जैविकमल, झोलमल र छापोको उपयोग गर्ने ।

च) माटोमा खाद्यतत्व आपूर्तिका लागि घरखेतमा उत्पादित प्राङ्गारिक पदार्थको उपयोग गर्ने ।

छ) आनुवांशिक प्रौद्योगिकी (Genetic Engineering) बाट उत्पादित आनुवंश रुपान्तरित (GMOs) तथा जीवित रुपान्तरित (LMOs) वस्तुको प्रयोग हुनु हुँदैन ।

# भाग ३ः प्राङ्गारिक कृषिको मापदण्ड
## (Standards of Organic Agriculture)

### ३.१. प्राङ्गारिक खेती गरिने जमिन

३.१.१ प्राङ्गारिक खेति हुने कित्तालाई प्रदूषण र मिसावटबाट जोगाउन प्राङ्गारिक र रासायनिक खेति गरिने कित्ताहरु बिच मध्यवर्ती क्षेत्र र बाली हुनुपर्दछ ।

३.१.२ प्राङ्गारिक र रासायनिक खेति बिच सडक भएमा ४ मिटर र अन्य अवस्थामा कम्तिमा ५ मीटर मध्यवर्ति क्षेत्र (Buffer zone) हुनु पर्नेछ ।

३.१.३ प्राङ्गारिक प्रमाणिकरणका लागि निम्न अनुसारका उपजहरु स्वीकार्य हुने छैनन् ।

३.१.३.१ एकै कित्ता जमिनमा प्राङ्गारिक र रासायनिक दुवै तवरको खेति भएमा ।

३.१.३.२ आपसमा मिसावटको सम्भावना रहेका समानान्तर उत्पादन भएमा ।

३.१.४ रासायनिक मल, वृद्धि प्रबर्द्धक र रोग/कीरा/झारनाशक विषादी जस्ता कुनै किसिमको रसायन प्रयोग भएको हुनु हुँदैन ।

३.१.५ रसायनको संसर्गमा आएका मेसिन, औजार तथा उपकरणहरु सफा गरेर मात्र प्राङ्गारिक खेति गरिने जमिनमा प्रयोग गर्नुपर्दछ ।

### ३.२. रुपान्तरण अवधि (Conversion period)

३.२.१ रुपान्तरण अवधि प्राङ्गारिक खेति शुरु भएको मिति देखि गनिने छ ।

३.२.२ रुपान्तरण अवधिको पहिलो वर्षमा (प्राङ्गारिक प्रणालीमा ल्याइएको एक वर्षसम्म) प्रमाणिकरण गर्ने निकायले बेला बेलामा निरीक्षण गर्नुपर्दछ । प्रमाणीकरण चिन्ह भने प्रयोग गर्न पाइने छैन ।

३.२.३ रुपान्तरण अवधिको दोस्रो र तेस्रो बर्षको उत्पादनलाई राम्रोसँग निरीक्षण गरेर प्रमाणीकरण निकायले 'रुपान्तरण अवस्थाको प्रमाणी करण चिन्ह' प्रदान गर्न सक्नेछ ।

३.२.४ उत्पादन तथा प्रशोधन कर्ताले विगत तीन बर्षदेखि प्राङ्गारिक तरिकाले उत्पादन/प्रशोधन गरेको भन्ने यथेष्ट प्रमाण (माटो र उत्पादित वस्तुमा विषादीको असर नरहेको भनी प्रयोगशालाको रिपोर्टका साथै उत्पादन तथा प्रशोधन प्रणालीमा प्रयोग गरिएका विधि, प्रविधि र बस्तुहरुको अभिलेख) जुटाउन सकेमा प्राङ्गारिक प्रमाणीकरणका लागि पुरै रुपान्तरण अवधि पर्खिरहनु पर्ने छैन ।

३.२.५ प्राङ्गारिक खेति गरिएको भनिएको जमिनमा पूर्व स्वीकृति विना नियन्त्रित वा प्रतिवन्धित सामाग्री प्रयोग भएको पाईएमा प्रमाणीकरण चिन्ह प्रदान गर्न सकिंदैन । यस्तो अवस्थामा पूर्व निस्रित प्रमाणिकरण खारेज गरी प्रमाणिकरणका लागि पुन: ३ बर्षको रुपान्तरण अवधि कायम गरिनेछ । यद्यपी उत्पादकको काबु बाहिरै आकस्मिक रुपमा कुनै नियन्त्रित वा प्रतिवन्धित सामाग्री राखिन गएको भन्ने प्रमाणित भएमा स्थितिको नाजुकता हेरी प्रमाणीकरण निकायको निर्णय अनुसार हुनेछ ।

३.२.७ प्रचलित कानून अनुसार स्वीकृती प्राप्त प्रमाणिकरण निकायले प्राङ्गारिक खेति गरिएको जमिनको ईतिहास तथा उत्पादन तौर तरिका समेतको निरीक्षण प्रतिवेदनका आधारमा यस मापदण्डको उद्देश्यको प्रतिकूल नहुने गरी रुपान्तरण अवधिलाई परिवर्तन गर्न सक्ने छ । यद्यपि रुपान्तरण अवधि एक वर्षभन्दा कम भएको उत्पादनलाई प्राङ्गारिक मानिने छैन । तिन वर्ष भन्दा बढि बाँझो रहेको जमिन र सामुदायिक वनमा उत्पादित वा वन क्षेत्रबाट संकलित उपज र पशु/मौरी चरण क्षेत्रको हकमा जमिनको रुपान्तरण अवधि प्रमाणिकरण प्रस्तावना स्वीकृत भएको मितिबाट गणना गरिनेछ ।

## ३.३. बाली उत्पादन[3] (Crop production)

३.३.१ पाएसम्म र हुँदासम्म स्थानीय जात र प्राङ्गारिक प्रमाणीकरण भएका बीउ बिजनको प्रयोग गर्नुपर्दछ । प्राङ्गारिक प्रमाणीकरण भएका बीउ बिजन नपाईएमा रासायनिक तरिकाले उत्पादित तर रासायनिक पदार्थ/विषादीमा उपचार नगरिएको वीउ विजन प्रयोग गर्न सकिनेछ । भर्खरै प्राङ्गारिक खेति शुरु भएको क्षेत्रमा प्रमाणीकरण निकायले तोकेको समयावधि भित्र मात्र रासायनिक पदार्थ/विषादीमा उपचार भएको बीउ प्रयोग गर्न सकिनेछ । अप्राङ्गारिक बीउ प्रयोग गरिने माथिका दुवै अवस्थामा निरीक्षणका आधारमा आवश्यक निर्देशन सहित प्रमाणिकरण निकायको पूर्व स्वीकृति अनिवार्य हुनेछ ।

३.३.२ बीउ उपचारको लागि अनुसूची १ मा बताए मुताबिक गर्नुपर्दछ ।

३.३.३ आनुवांशिक प्रौद्योगिकी (Genetic Engineering) बाट उत्पादित आनुवंश रुपान्तरित (GMOs) तथा जीवित रुपान्तरित (LMOs) वस्तुको वीउ प्रयोग गर्न पाईंदैन ।

३.३.४ पशुपंक्षीको लागि आवश्यक पर्ने घाँस र दाना प्राङ्गारिक उत्पादनबाट आपूर्ति हुनुपर्दछ ।

३.३.५ माटोको उर्वराशक्ति विकास हुने, जमिनमा नाइट्रोजन चुहावट न्यून हुने र झार, रोग र कीराको समस्या न्यूनिकरण हुने गरी बाली चक्र प्रणाली अनुशरण गरिनु पर्दछ ।

---

[3] सामान्य सिद्धान्त :

१ प्राङ्गारिक उत्पादन गरिने बालीको जात, बिरुवा र बीउ सकभर प्राङ्गारिक तरिकाले उत्पादन गरिएको, खेति गरिने भौगोलिक क्षेत्रको लागि सिफारिश भएको र रोग-कीरा कम लाग्ने हुनुपर्दछ ।

२ बीउ तथा बिरुवाको छनौट गर्दा वालीको जातीय विविधता कायम राख्न विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

३ स्थानीय स्तरमा प्राङ्गारिक बीउ/बिरुवा उत्पादन, साटासाट तथा बिक्री वितरणलाई प्रोत्साहन गर्ने खालको कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

## ३.४ माटो, पानी र मलखाद व्यवस्थापन[4]

३.४.१ माटोको गुणस्तर सुधार गर्न कुनै किसिमको रासायनिक मल प्रयोग गर्न पाईंदैन ।

३.४.२ न्यूनतम ९० दिन कुहाएर राम्रोसँग पाकेको गोवरमल वा गोबर ग्याँसबाट निस्केको लेदो (slurry) मल वाली काट्नु/टिप्नु भन्दा ३० दिन अगावै माटोमा मिलाउनु पर्दछ । राम्रोसँग नपाकेको गोबर मल र गोबर ग्याँसबाट निस्केको लेदो (slurry) प्रयोग गर्नु हुँदैन; यदि प्रयोग गर्नु पर्ने अवस्था आएमा वाली काट्नु/टिप्नु भन्दा १२० दिन अगावै माटोमा मिलाई सक्नु पर्दछ ।

३.४.३ कुखुरापालन फर्मबाट कुखुराको मल ल्याएर प्रयोग गर्नु पर्दा प्रमाणीकरण निकायबाट स्वीकृती लिई यस्तो मललाई लाभदायिक जिवाणुहरुको प्रयोग गरी पूर्णरुपले कुहाएर मात्र प्रयोग गर्नु पर्दछ ।

३.४.४ माटोमा पोटासियम लगायत अन्य खनिज तत्व कमी भएमा प्रमाणीकरण निकायलाई जानकारी गरी खेतबारीमा राख्न बनाईएको कम्पोष्टमल (प्रतिटन)मा बढिमा ५-१० के.जी. रासायनिक स्रोतबाट प्राप्त यस्ता खनिज तत्वयुक्त मलखाद राख्न सकिन्छ ।

३.४.५ आनुवंश परिवर्तित वस्तु (GMOs) तथा यस्तो स्रोतवाट प्राप्त भए बाहेक माटो तथा मलमा लाभदायक सूक्ष्म जीवाणुहरु प्रयोग गर्न सकिनेछ ।

---

[4] सामान्य नीति तथा सिद्धान्त

क. माटोको गुणस्तर सुधार गर्न, मलखाद प्रयोग तथा बालीको छनौट गर्नु भन्दा अगाडि माटोको नमूना लिई खाद्य तत्व र विषादीको असर परीक्षण गरिनुपर्छ ।

ख. प्राकृतिक वा प्राकृतिकजन्य खनिज स्रोतबाट प्राप्त वस्तुहरु प्रयोग गरी माटोको पि.एच. ठीक अवस्थामा राख्नुपर्दछ ।

ग. खेतबारी खाली नराखी कोसेबाली लगाई राख्नुपर्दछ । जसले माटोको उर्वराशक्ति सुधार गर्दछ र भूक्षय हुनबाट पनि जोगाउँदछ ।

घ. खन्ने र जोत्ने कार्यको लागि ठूला मेशिनरी सामानको प्रयोग घटाउँदै लानुपर्दछ । यस सन्दर्भमा शुन्य खनजोत र न्यून खनजोत प्रविधिलाई प्राथमिकता दिनुपर्दछ ।

ङ. माटोमा खाद्य तत्वको सन्तुलन कायम राख्न एकीकृत माटो सुधार कार्य र प्राङ्गारिक पदार्थ सन्तुलित तरिकाले प्रयोग गर्नुपर्दछ ।

३.४.६ औद्योगिक तथा शहरी क्षेत्रबाट निस्कने फोहोर मैलामा कडा धातु/खनिज तत्व हुने भएकाले प्रभावकारी सुक्ष्म जीवाणु प्रयोग गरी राम्रोसंग पाकेको मल प्रयोगशालामा जँचाई कडा धातु/खनिजको मात्रा हेरी प्रमाणीकरण निकायको स्वीकृतीमा प्रयोग गर्न सकिने छ । मलखाद वा अन्य प्रयोजनका लागि मानव मलमूत्रको प्रयोग निषेध गरिएकोछ ।

३.४.७ मुख्य बालीको अगाडि या पछाडि बालीचक्र प्रणालीमा अनिवार्य रुपमा कोसेबाली लगाउनु पर्दछ ।

३.४.८ प्राङ्गारिक मलको रुपमा पशु पंक्षीको रगतको धुलो, गाईवस्तुको मलमूत्र, राम्ररी कुहिएको कुखुराको मल, हरियो झ्याउ, नीमको पिना, तोरीको पिना, अन्य कुनै बालीको पिना, चट्टानको धूलो, हड्डी चूर्ण, फलको बोक्रा, दिउली, काठको धूलो, खरानी, प्रति टन कम्पोष्टमा ५ के.जी सम्म पोटासियम सल्फेट, धानको भुस, प्राकृतिक चून र अण्डाको बोक्राको धुलो प्रयोग गर्न सकिन्छ ।

३.४.९ कम्पोष्टको झोल, नरिबलको रस, सिस्नोको झोल र प्राङ्गारिक पदार्थबाट बनाईएको झोल मल र प्रमाणीकरण निकायको स्वीकृतीमा बिरुवाको वानस्पतिक प्रसारणको लागि प्रयोग हुने रासायनिक प्रबर्द्धक बाहेक रासायनिक वृद्धि प्रबर्द्धक प्रयोग गर्नु हुँदैन

३.४.१० रोगजन्य अवस्थामा र खोरिया खेतीमा खराब प्रकृतिका बिरुवा, काँडा र झार पोल्नु परेको अवस्थामा बाहेक कुनै पनि बाली अवशेष पोल्नु हुँदैन ।

## ३.५. रोग, कीरा तथा झारपात नियन्त्रण[5]

३.५.१ रोग, कीरा र झार नियन्त्रणमा रासायनिक तवरबाट फ्याक्ट्रि निर्मित साबुन तथा सर्फहरु लगायत कुनै किसिमको रासायनिक विषादी प्रयोग गर्न पाइदैन ।

३.५.२ प्राङ्गारिक वालीमा रोग-कीरा व्यवस्थापनमा -

क) नीम, बकाईनो, रिट्ठो, अर्खुल, तीतेपाती, असुरो, तुलसी, सूर्ति जस्ता वनस्पतिबाट बनाइने झोल तथा धूलोजन्य वानस्पतिक कीटनाशक,

ख) खनिज पदार्थ, खरानी, प्राङ्गारिक खुर्सानी, प्याज, लसुन र वनस्पति तेल,

ग) GMOs/LMOs बाहेक शुक्ष्म जीवाणु

घ) बत्ती, लिसो (टांसिने), फेरोमेन र खोल्से (pit-fall) पासो जस्ता भौतिक तरिका प्रयोग गर्न सकिन्छ ।

३.५.३ तरकारी वालीमा अर्खुल (Derris elliptica) जस्ता वनस्पतिबाट निकालिएको झोलजन्य वानस्पतिक कीटनाशक छर्किएको वाली टिपानीका लागि सात दिन सम्म पर्खनु पर्दछ ।

३.५.४ सूर्ति तथा सूर्तिजन्य वानस्पतिक विषादी माटोमा रहने कीरा नियन्त्रणको लागि मात्र प्रयोग गर्नुपर्दछ । आलु, सखरखण्ड र अन्य जरा खाने बालीहरुमा भने यो पदार्थ प्रयोग गर्न पाईने छैन ।

---

[5] सामान्य नीति तथा सिद्धान्त

क. फूल खेल्ने, विभिन्न किसिमका बास्ना आउने बिरुवाहरु मुख्य बालीसँगै लगाएमा रोग कीरा नियन्त्रणमा सजिलो हुनुको साथै प्राकृतिक शत्रु जीव व्यवस्थापनमा पनि सहयोग पुग्दछ । प्राङ्गारिक रोग कीरा व्यवस्थापनको लागि खेतबारी वरपर गाइने कीरा, जुनकीरी र स्त्री स्वभावको खपटे बस्न सक्ने बासस्थान सिर्जना गर्नुपर्दछ ।

ख. रोग, कीरा नियन्त्रण गर्ने र कीरा भगाउनको लागि प्रमाणित भैसकेका एक वर्षीय बिरुवाहरु मिश्रित बालीको रुपमा लगाउनाले रोग कीरा नियन्त्रणमा ठूलो सहयोग पुग्दछ । उदाहरणको लागि बन्दाको किरा नियन्त्रण गर्नु परेमा बन्दाको भित्र प्याज, लसुन लगाउने ।

ग. दुवै वा तीनै मौसममा उही जग्गामा उस्तै तथा उही बाली लगाउने चलन बन्द गरी बालीचक्र प्रणाली लागू गर्ने ।

घ. राम्रो र उपयुक्त किसिमको खनजोत गरी झार नियन्त्रण गर्ने साथै मिश्रित बाली, छापो हाल्ने तथा छापो जस्तो हुने बाली लगाउनाले पनि झार नियन्त्रण गर्न सहयोग पुग्दछ ।

ङ परम्परागत तथा आदिबासीले शदियौंदेखि विकास गरेका उपयुक्त बाली भण्डारण प्रणाली वा प्राङ्गारिक सिद्धान्त अनुसार विकसित गरेको प्रणाली अवलम्बन गर्नुपर्दछ ।

३.५.५ च्याउ उत्पादनमा अप्राङ्गारिक तरिकाले उत्पादन गरेको पराल प्रयोग गर्न पाईंदैन ।

३.५.६ प्राङ्गारिक तरिकाले व्यवस्थापन गर्न नसकिने हदसम्म रोग-कीराको प्रकोप भई रासायनिक विषादी नै प्रयोग गर्नुपर्ने स्थिति आईपरेमा प्रमाणीकरण निकायलाई सम्पर्क गरी आवश्यक परामर्श एवं स्वीकृति लिनुपर्नेछ ।

३.५.७ छापो राख्ने प्रयोजनको लागि धानको पराल र उस्तै सामग्री जुनसुकै स्रोतबाट ल्याउन पाईन्छ ।

## ३.६. बाली/वीउ भण्डारण

३.६.१ भण्डारण गर्दा प्राङ्गारिक र अप्राङ्गारिक उपजहरुलाई मिसाएर राख्नु हुँदैन ।

३.६.२ प्राङ्गारिक उपज राम्ररी प्याकिङ्ग गरीएको र उपभोक्ता सम्म पुगुन्जेल शुरक्षित रहने गरी लेबल लगाईएको हुनुपर्दछ ।

३.६.३ प्राङ्गारिक उपज भण्डारण गरिने कण्टेनर र स्थान (कोठा या गोदाम) मा कुनै किसिमको रसायन प्रयोग गर्न पाईंदैन ।

३.६.४ भण्डारणमा कुनै रसायनको प्रयोगबाट प्राङ्गारिक उपज प्रदूषित नहुने गरी भौतिक तथा यान्त्रिक पासो राख्न पाइनेछ ।

३.६.५ फलफूल, बालीनाली तथा सागसब्जी पकाउन वा रंग विकसित गर्न कुनै किसिमको रसायन प्रयोग गर्न हुँदैन ।

## ३.७. पशुपालन व्यवसाय[6]

[6] सामान्य सिद्धान्त

क. प्राङ्गारिक पशुपालन व्यवसाय माटोपानी, विरुवा र जनावरहरुको कृयाशिल सम्बन्धमा आधारित हुनुपर्दछ ।

ख. जनावरहरुको प्राकृतिक आवश्यकता पुरा गर्न र उनीहरुको स्वाभाव अनुसारको चरित्र प्रदर्शन गर्ने वातावरण तयार गरिनु पर्दछ ।

ग. पशु उत्पादनका लागि गरिने चरन व्यवस्थापनले जैविक विविधता संरक्षण र माटोपानी व्यवस्थापनमा सहयोग पुऱ्याउनु पर्दछ ।

घ. प्राङ्गारिक पशु व्यवस्थापन सन्तुलित पोषणको सिद्धान्तमा आधारित हुनु पर्दछ जसले विभिन्न रोग तथा संक्रमणका साथै परजीवीको आक्रमण र आन्तरिक गढबडीबाट हुने समस्याको रोकथाममा समेत सहयोग पुऱ्याउँदछ ।

३.७.१ पशुहरुलाई प्रकृतिक स्वाभाव अनुसारको क्रियाकलापमा अवरोध नहुने र स्वाभाविक तरिकाले बढ्न र हुर्कन सक्ने वातावरणमा राखिनु पर्दछ ।

३.७.२ भ्रुण प्रत्यारोपण र क्लोनिङ्ग गर्न पाइदैन ।

३.७.३ कृत्रिम गर्भाधान गर्नु परेमा प्रमाणीकरण निकायको सल्लाहमा गर्नु पर्नेछ ।

३.७.४ आनुवंश परिवर्तित पशुहरुको उत्पादन गर्न पाइने छैन ।

३.७.५ पशु प्रजननका लागि हर्मोनहरुको प्रयोग गर्न पाईने छैन ।

३.७.६ प्रमाणीकरण निकायको परामर्शमा रासायनिक श्रोतका कुनै एण्टिवायोटिक प्रयोग गर्न सकिनेछ । पशु उत्पादनमा यस्ता रसायनको अवशेष (Residue) स्वीकृत मात्रा भन्दा अधिक हुनुहुँदैन ।

## ३.८. मत्स्यपालन व्यवसाय[7]

३.८.१ प्राङ्गारिक माछा पालनमा प्रयोग हुने पानीमा गह्रौ धातुजन्य तथा अन्य रसायन मिसावटको सम्भावना भएमा पानीको उपचार वा छुट्टै स्रोत र सङ्कलन पोखरीको व्यवस्था हुनुपर्दछ ।

३.८.२ प्राङ्गारिक माछा पालन गर्ने जलाशय र अन्य जलाशय बीच कम्तिमा पाँच मिटरको दूरी हुनुपर्दछ ।

३.८.३ जलाशयमा माछाको चलखेल र बृद्धि विकासमा नकारात्मक असर पुग्ने गरी बढी घनत्वमा माछा राखिएको हुनु हुँदैन ।

३.८.४ माछा उत्पादन गर्ने जलाशयको वरपर छाँयाको व्यवस्था गर्नु पर्दछ ।

---

[7] सामान्य सिद्धान्त

क. प्राङ्गारिक माछा पालन व्यवसायमा माछाहरुको आधारभूत चारित्रिक आवश्यकताहरुको ख्याल गरिएको हुनुपर्छ ।

ख. माछापालन व्यवसाय गर्दा माछाहरुको स्वास्थ्य राम्रो राख्ने कुरामा ध्यान दिनु पर्दछ ।

ग. स्थानीय जातको माछा उत्पादनलाई प्रोत्साहन गरिनु पर्दछ । यदि माछा स्थानीय होइन भने यसले स्थानीय पारिस्थितिक प्रणालीलाई पार्न सक्ने नकारात्मक प्रभावलाई न्युनिकरण गर्ने उपायहरुको व्यवस्थापन गर्नु पर्दछ ।

घ. माछा पालन व्यवसायले वरिपरीको वातावरण र अन्य जीवलाई नकारात्मक असर पुऱ्याउन हुदैन ।

ङ. माछा उत्पादन गर्ने जलाशय र वरिपरीको वातावरण व्यवस्थापनका लागि उपयुक्त उपायहरु अपनाउनु पर्दछ ।

३.८.५ माछा पालनबाट निस्कने पानी र अन्य सहउत्पादनले वातावरण प्रदूषण हुनुहुंदैन ।

३.८.६ आनुवांशिक प्रौद्योगिकी (Genetic Engineering) बाट अनुवंश परिवर्तित माछाको जातहरु प्रयोग गर्न पाइदैन ।

३.८.७ अन्य वुँदासँग नबाझिने गरी माछा उत्पादनमा चून, नीलोतूथो र गोवरको प्रयोग गर्न सकिनेछ ।

३.८.८ माछा पालन व्यवसाय अन्य व्यवसायसँग एकीकृतरुपमा गरिनु पर्दछ ।

## ३.९. मौरीपालन व्यवसाय[8]

३.९.१ प्राङ्गारिक मौरीपालनका लागि स्थानीय जातको मौरी (Apis cerena) को सवालमा दुई कि.मि. र युरोपियन मौरी (Apis mellifera) को सवालमा ४ कि.मि. क्षेत्र वरिपरि अप्राङ्गारिक खेतीपाती वा अन्य क्रियाकलाप भएको हुनु हुंदैन ।

३.९.२ मौरीको घारमा प्रयोग हुने काठ तथा अन्य स-साना सामाग्री र मह काट्दा प्रयोग गरिने औजार तथा सामाग्री वुंदा ३.१२ अनुसार तय गरिएको प्राङ्गारिक मापदण्ड अनुसार हुनु पर्दछ ।

३.९.३ मौरीको मह काढ्दा पुरै चाका निचोरेर मह काढ्न हुदैन ।

३.९.४ रोग तथा परजीवी नियन्त्रणको लागि एन्टिबायोटिक तथा मौरीलाई हानिकारक हुन सक्ने औषधी प्रयोग गर्न हुदैन ।

## ३.१० प्रशोधन, प्याकिङ्ग, भण्डारण तथा संरक्षण[9]

---

[8] सामान्य सिद्धान्त

क. प्राङ्गारिक मौरीपालन व्यवसायले एकीकृत तथा प्राङ्गारिक कृषि प्रणालीलाई प्रोत्साहन गर्नु पर्दछ ।

ख. मौरी पालन व्यवसायमा स्थानीय जातको मौरीलाई प्रोत्साहन गर्नु पर्दछ ।

ग. मौरीको मह उत्पादनका लागि गरिने मौरी चरन व्यवस्थापनले जैविक विविधता संरक्षण र माटो/पानी व्यवस्थापनमा समेत सहयोग पुऱ्याउनु पर्दछ ।

[9] प्रमाणीकरण निकायले कृषि उपज प्रशोधन, प्याकिङ्ग, थोक/खुद्रा विक्रि, भण्डारण र ढुवानी कार्य सम्बन्धमा निरीक्षण, परामर्श तथा अन्य सेवा प्रदान गर्न सक्नेछ । भाडामा लिईएका लगायत यस्ता स्थलहरु प्राङ्गारिक सिद्धान्त अनुरुप प्रदूषण मुक्त हुनुपर्दछ ।

सामान्य सिद्धान्त

क. प्रशोधन गर्ने विधि अवलम्बन गर्दा उपज, खाद्य वस्तुको प्राकृतिक गुणस्तर कायम हुने किसिमबाट गर्नुपर्नेछ । प्रशोधनको लागि सहयोग पुगने एडिटिवहरु ५% भन्दा कम मात्रामा प्रयोग गर्नुपर्दछ ।

ख. प्रशोधन, ओसार पसार गर्दा प्राङ्गारिक तथा रासायनिक उत्पादन मिसिन दिनु हुँदैन ।

ग. प्याकेजिङ्ग सामाग्रीले वातावरणलाई प्रतिकूल प्रभाव पार्ने हुनु हुँदैन ।

३.१०.१ प्रशोधनकर्ताले प्राङ्गारिक कृषि उपज प्रशोधन कार्यका लागि नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमति पत्र लिनु पर्दछ । विशेष निगरानी सूचीमा रहेका प्रशोधित वस्तुहरुको हकमा विशेष अनुमति पत्र लिनु पर्दछ ।

३.१०.२ अप्राङ्गारिक उपज तथा अन्य प्रशोधनमा उपयोग भएको स्थल, मेशीन, उपकरण तथा भाँडाकुँडाहरु प्राङ्गारिक उपज प्रशोधन गर्नु अगाडि राम्रोसँग सफा सुग्घर गर्नु पर्दछ ।

३.१०.३ मुख्य कच्चा पदार्थ कुनै पनि रसायनबाट प्रदूषण मुक्त प्रमाणित प्राङ्गारिक उपज हुनुपर्दछ ।

३.१०.४ प्रशोधित उत्पादनमा पानी बाहेक प्राङ्गारिक मुख्य कच्चा पदार्थ (हरु) को भाग वजनका हिसाबले ९५% हुनुपर्दछ र खाद्य योगशील (food additives) लगायत अन्य अप्राङ्गारिक कच्चा पदार्थ (हरु) को को भाग पाँच प्रतिशत भन्दा बढी हुनुहुँदैन ।

३.१०.५ (क) प्रशोधनमा प्रयोग गरिने पानी सफा, शुद्ध र जीवाणु/रसायन रहित हुनुपर्दछ । (ख) प्रशोधित वस्तुमा ५०% भन्दा बढी पानी रहने अवस्थामा नेपाल सरकारले तोकेको गुणस्तर अनुरुप स्वीकृत कम्पनी वा स्रोतको पानी प्रयोग गर्नु पर्दछ । (ग) प्रमाणीकरण निकायले प्रयोग हुने पानीको प्रयोगशाला जाँचको प्रतिवेदन माग गर्न सक्नेछ । यस अवस्थामा नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालामा विश्लेषण गराई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३.१०.६ प्रमाणीकरण निकायले स्वीकृती दिए वेगरका कुनै किसिमका रसायन तथा एडिटिभहरु प्रशोधनमा प्रयोग गर्न पाईंदैन । प्रमाणीकरण निकायहरुले विश्व स्वास्थ्य संगठन तथा संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन को कोडेक्स एलिमेण्टारियस कमिसन (Codex Alimentarious Commission) बाट स्वीकृत मापदण्ड GL32-1999 (Organically produced foods) को अनुसूची २ को तालीका ३ र ४ सँग समानीकरण हुने गरी प्रशोधित प्राङ्गारिक उपजहरुमा योगशील, फ्लेभरिङ्गस्, पानी, लवण,

ईन्जाम तथा शुक्ष्मजैविक उपज, खनिज र प्रशोधन सहयोगीहरुको प्रयोग स्वीकृत गर्न सक्नेछन ।

३.१०.७ आगो, बिजुली, गोबरग्याँस वा सौर्य उर्जा प्रयोग गरी सुकाउने, अनुवंश परिर्वतित जिवाणु (GMO) रहित जैविक प्रक्रियाद्वारा अचार, जाम, जेली, मार्मालेड तथा अन्य वस्तु बनाउने, कुट्ने, पिस्ने, थिच्ने, आदि प्रकृयाबाट प्राङ्गारिक उपजहरुको प्रशोधन गर्न सकिन्छ ।

३.१०.८ प्राङ्गारिक उपजको प्रशोधन सम्भव हुँदासम्म उत्पादन क्षेत्रमा नै गर्नु पर्दछ ।

३.१०.९ प्रशोधित प्राङ्गारिक उपज प्याकिङ्ग गर्ने सामाग्री तथा कण्टेनर पुनर्प्रयोगशिल वा जैविक प्रक्रियाबाट सड्ने (bio-degradable), रासायनिक मल, बिषादी वा अन्य रसायनबाट प्रदूषणरहित र प्रयोग गर्नु अगाडि राम्रोसँग सफा गरिएको हुनुपर्दछ ।

३.१०.१० प्रशोधित प्राङ्गारिक उपजहरु भण्डार गर्दा स्पष्ट लेबल लगाईएको हुनुपर्दछ ।

३.१०.११ प्रशोधित प्राङ्गारिक र अप्राङ्गारिक उपजहरु एउटै भण्डारमा राख्नु परेमा आपसमा नमिसिने गरी राम्रोसँग छुट्ट्याएर राख्नुपर्दछ ।

३.१०.१२ भण्डार उपकरण तथा फर्निचरको सरसफाईमा प्रमाणीकरण निकायबाट स्वीकृत सामाग्री मात्र प्रयोग गर्नुपर्दछ । प्राङ्गारिक उपज भण्डारमा कुनै रासायनिक विषादी प्रयोग गर्नु परेमा प्रमाणीकरण निकायको परामर्श अनुसार गर्नुपर्दछ ।

३.१०.१३ हावा रहित वा कार्वन डाइअक्साईड सहित प्याकिङ्ग गर्न सकिनेछ तर विकिरणको प्रयोग गर्न पाईंदैन ।

३.१०.१४ प्राङ्गारिक उपज भण्डारमा तापक्रम नाप्ने संयन्त्र सहित चिसो बनाउने मेशिन (रेफ्रिजरेटर) र नेपाल सरकारबाट निर्धारित मापदण्ड अनुसारको बरफ प्रयोग गर्न सकिन्छ ।

३.१०.१५ स्पष्ट लेबल सहित प्राङ्गारिक र अप्राङ्गारिक प्रशोधित उपजहरु आपसमा नमिसिने गरी यथोचित व्यवस्था

गरिएको छ भने दुवै खाले उत्पादन एउटै बाहनबाट ढुवानी तथा ओसार पसार गर्न पाईन्छ ।

३.१०.१६ प्राथमिक स्तरका प्राङ्गारिक र अप्राङ्गारिक उपजहरु एउटै भण्डारमा भण्डारण गर्न र एउटै वाहनमा राखी ओसार पसार गर्न सकिने छैन ।

## ३.११ सामाजिक अधिकार र स्वच्छ व्यापार[10]

३.११.१ प्रमाणीकरण निकायले प्राङ्गारिक प्रमाणीकरण गर्दा उत्पादक तथा प्रशोधकबाट मजदूरहरुको भलाई सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको सन्धि-सम्झौताको पालना भए/नभएको स्पष्ट उल्लेख हुनुपर्दछ ।

३.११.२ उस्तै प्रकृतिको कामको लागि समान ज्यालाको व्यवस्था हुनुपर्दछ । प्रमाणीकरण निकायले प्राङ्गारिक प्रमाणीकरण गर्दा उत्पादक तथा प्रशोधकले मजदूरहरुको हक, हित र भलाई सम्बन्धी राष्ट्रिय कानूनको पालना भए/नभएको स्पष्ट उल्लेख हुनुपर्दछ ।

३.११.३ साना उत्पादक तथा प्रशोधकलाई प्राङ्गारिक मापदण्ड पुगेको उपजको उचित मूल्य दिलाउन राज्यले आवश्यक कानूनी व्यवस्था मिलाई सकेको अवस्थामा प्रमाणीकरण निकायले उपज विक्रि वितरणका सम्भाव्य विकल्प बारे प्रकाश पारिदिनु पर्दछ ।

३.११.४ मूल्य निर्धारण प्रकृया पारदर्शी हुनुपर्दछ ।

10 प्राङ्गारिक उपज उत्पादन वा प्रशोधन गर्ने व्यक्ति वा समुदायले मजदूर तथा बाल हित एवं अधिकारका बिषय सुरक्षित गर्न प्रचलित नियम कानूनको पालना गर्नुपर्दछ । संबन्धित निकायले उत्पादन तथा प्रशोधन क्षेत्रमा काम गर्ने सबै कर्मचारी, मजदूर तथा तिनका परिवारलाई सफा/स्वच्छ पानी, खाना, बसोबास, शिक्षा, स्वास्थ र यातायातको प्रबन्धमा ध्यान दिनु पर्दछ । कर्मचारीहरुको सामाजिक सुरक्षा, उचित वेतन, सञ्चयकोष, उपदान र महिला कर्मचारीहरुको लागि सुत्केरी बिदाको व्यवस्था हुनुको साथै समान काममा सबै कर्मचारीहरुलाई समान सुविधा उपलब्ध हुनु पर्दछ । ठूला उत्पादन तथा प्रशोधन ईकाईको शेयर निश्काशन गर्दा मजदूर र कर्मचारीहरुको लागि आरक्षण दिनुपर्दछ । ज्याला-मजदूरी संबन्धी निर्णय गर्ने अधिकार मालिक र मजदूर बीचको आपसी सहमतिमा हुने भए पनि देशको प्रचलित कानूनले तोके भन्दा कम हुनुहुँदैन ।

३.११.५ उत्पादनलाई मुख्य उपभोक्ताको माझमा पुग्ने चाँडो तथा उपयुक्त माध्यम उत्पादक तथा प्रशोधकले खोज्न प्रयत्न गर्नुपर्दछ ।

३.११.६ उत्पादन र वातावरणीय खर्च धान्ने किसिमले उत्पादित वस्तुको मूल्य तोकिनुपर्दछ ।

३.११.७ मध्यस्थकर्ता व्यापारीहरु संलग्न रहेको अवस्थामा नाफाको मुख्य हिंस्सा उत्पादक कहाँ पुग्ने व्यवस्था सुनिश्चित हुनुपर्दछ ।

३.११.८ कुनै उपजको प्राङ्गारिक प्रमाणीकरणका लागि सो उपजको उत्पादन/प्रशोधन कार्यबाट आदिवासीले परम्परा देखि उपयोग गर्दै आएका प्राकृतिक स्रोतहरुमा कुनै किसिमको नकारात्मक असर पुगेको हुनु हुँदैन ।

३.११.९ कुनै उपजको प्राङ्गारिक प्रमाणीकरणका लागि सो उपजको उत्पादन/प्रशोधन कार्य संचालनमा कर्मचारीहरु विच क्षमता अनुसारको समान अवसर र कार्य विभाजन, पोषण/स्वास्थ्य सेवा, कार्य स्थलमा यौन दूर्व्यवहार बिरुद्ध उजुरी तथा स्वसंरक्षण गर्ने र समान कामका लागि समान (पुरुष सरह) ज्याला पाउने जस्ता सामाजिक अधिकारहरुको हनन भएको हुनु हुंदैन ।

३.११.१० प्राङ्गारिक प्रमाणीकरण गरिने उपजको लेवलमा सो उपजको उत्पादन/प्रशोधन स्थल, प्रकृया र समुदाय सम्बन्धी उल्लेखित व्यहोरा सत्यतामा आधारित हुनुपर्दछ ।

३.११.११ प्रमाणीकरण भएपछि मात्र प्राङ्गारिक उपजहरुको लेवलमा 'प्राङ्गारिक उत्पादन (organic product)' भन्ने शब्दावली राख्न सकिनेछ । प्राङ्गारिक उपजमा आधारित उत्पादनमा मिसाईएको कुनै वस्तु प्राङ्गारिक स्रोतको नभएमा यस किसिमको शब्दावलीको प्रयोग प्राङ्गारिक उत्पादनको आधारभूत अवधारणाको बर्खिलाप नहुने गरी प्रमाणीकरण निकायले दिएको निर्णय अनुसार हुनेछ । प्राङ्गारिक उपजको लेवलमा उत्पादक/प्रशोधकको पुरा नाम र ठेगाना सहित उक्त उपजको उत्पादन- क्रमाङ्क, प्राङ्गारिक-स्तर,

उत्पादन/प्रशोधन मिति र उपयोग अवधी स्पष्ट देखिने गरी उल्लेख गर्नुपर्दछ । प्रशोधित वस्तुको हकमा त्यस वस्तुमा रहेको अवयव (Ingredients) र परिमाण (Quantity) स्पष्ट खुलाउनु पर्दछ ।

## ३.१२ विविध (Miscelaneous)

३.१२.१ कुनै विशेष वस्तु, प्रविधि वा उत्पादन/प्रशोधन प्रणालीको हकमा प्राङ्गारिक प्रमाणीकरणका लागि यस निर्देशिकामा स्पष्ट व्यवस्था हुन नसकेको अवस्थामा राष्ट्रिय प्राङ्गारिक प्राविधिक समितिको सिफारिसमा राष्ट्रिय सम्बन्धन प्रदायक निकायबाट स्वीकृत हुने मापदण्ड अनुसरण गर्नु पर्दछ ।

# भाग ४ः प्राङ्गारिक प्रमाणीकरण संरचना
## (Structure for Organic Certification)

प्राङ्गारिक कृषि उपजहरुको प्रमाणीकरणका लागि निम्न संरचनाको व्यवस्था गरिनेछ ।

४.१ प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन व्यवस्थापनमा आवश्यक समन्वयका लागि विद्यमान प्राङ्गारिक खेति राष्ट्रिय समन्वय समितिलाई परिमार्जन गरी नेपाल सरकारका सचिव, श्री कृषि तथा सहकारी मन्त्रालयको अध्यक्षतामा एक प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणाली राष्ट्रिय समन्वय समितिको गठन गरी कार्य सञ्चालन गरिनेछ । यस समितिमा कृषि तथा सहकारी मन्त्रालय, लैङ्गिक समता तथा वातावरण महाशाखाका सह-सचिवले सदस्य-सचिव र कृषि वातावरण तथा जैविक विविधता शाखाले सचिवालयको भूमिका निर्वाह गर्नेछन् भने निम्नानुसार प्रतिनीधित्व (सदस्य) रहने छ ।

| | |
|---|---|
| सचिव, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| सह-सचिव, कृषि व्यवसाय प्रबर्द्धन/तथ्यांक महाशाखा, कृ.त.स.मन्त्रालय | सदस्य |
| सह-सचिव, पारवहन तथा व्यापार सहजिकरण महाशाखा, वाणिज्य/आपूर्ति मन्त्रालय | सदस्य |
| सह-सचिव, वातावरण महाशाखा, वन मन्त्रालय | सदस्य |
| सह-सचिव, वातावरण महाशाखा, वातावरण, विज्ञान तथा प्रविधी मन्त्रालय | सदस्य |
| सह-सचिव, वैदेशिक लगानी तथा प्रशासन महाशाखा, उद्योग मन्त्रालय | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद | सदस्य |
| महानिर्देशक, कृषि बिभाग | सदस्य |
| महानिर्देशक, पशु सेवा बिभाग | सदस्य |
| महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभाग | सदस्य |
| रजिष्ट्रार, सहकारी विभाग | सदस्य |

| | |
|---|---|
| महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग | सदस्य |
| विज्ञ प्रतिनिधि, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान | सदस्य |
| विज्ञ प्रतिनिधि, केन्द्रीय खाद्य प्रविधि क्याम्पस, धरान | सदस्य |
| अध्यक्ष, कृषि उद्यम केन्द्र | सदस्य |
| उपभोक्ता संघहरु मध्येबाट समितिले मनोनित (१) | सदस्य |
| सह-सचिव, लैङ्गिक समता तथा वातावरण महाशाखा, कृषि तथा सहकारी मन्त्रालय | सदस्य सचिव |

४.२ आवश्यक संयोजन तथा अनुगमन/मूल्याङ्कन कार्यका लागि प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणाली राष्ट्रिय समन्वय समिति अन्तर्गत वाणिज्य तथा आपुर्ति, वन, र उद्योग मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत नेपाल कृषि अनुसन्धान परिषद र कृषि, पशुसेवा र खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग र देशमा प्राङ्गारिक उत्पादन तथा प्रशोधन प्रवर्द्धनमा सकृय गैह्र सरकारी तथा निजी संस्थाका प्रतिनिधिहरुबाट वढीमा ९ जनाको एक राष्ट्रिय सम्बन्धन प्रदायक निकाय (National Accreditation Body) स्थापना गरी प्राङ्गारिक उत्पादन/प्रशोधन तथा प्रमाणिकरण चिन्ह (Logo) को प्रयोग सम्बन्धी नीति, नियम र प्रकृया निर्धारण गरिने छ । यस निकायले प्राङ्गारिक उपज प्रमाणीकरणका लागि प्रकृया पुगी आएका राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका प्रमाणिकरण निकायहरुलाई स्वीकृति प्रदान गर्ने र तिनबाट हुने प्रमाणिकरण कार्यको अनुगमन तथा मूल्याङ्कन गरी नियन्त्रण गर्नेछ । प्रमाणीकरण निकायहरुलाई नियमन गर्ने सन्दर्भमा राष्ट्रिय सम्बन्धन प्रदायक निकायले आवश्यकता अनुसार सूचीमा राख्ने वा हटाउने, निलम्वन गर्ने र स्वीकृति खारेज गर्ने समेत गर्नेछ; राष्ट्रिय सम्बन्धन प्रदायक निकायको यस्ता कार्यमा चित्त नबुझेमा सम्बन्धित पक्षले प्रचलित कानून बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

४.३ राष्ट्रिय सम्बन्धन प्रदायक निकायलाई सम्बन्धित विषयमा सल्लाह र सहयोग पुऱ्याउन एक राष्ट्रिय प्राङ्गारिक प्राविधिक समितिको गठन गरिनेछ । यस समितिले प्राङ्गारिक उत्पादन तथा प्रशोधन

सम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड र प्राङ्गारिक प्रमाणिकरण तथा प्रमाणिकरण निकायको स्वीकृति सम्बन्धी प्रक्रियाहरुको निर्माण गर्न र अनुगमन तथा मूल्याङ्कन कार्यमा राष्ट्रिय सम्बन्धन प्रदायक निकायलाई सकृय सहयोग पुर्‍याउनेछ । राष्ट्रिय प्राङ्गारिक प्राविधिक समितिमा निम्नानुसार प्रतिनीधित्व रहने व्यवस्था गरिएको छ ।

कृषि वातावरण तथा जै.वि. शाखा, कृ.त.स.मं.
कृषि व्यवसाय प्रवर्द्धन शाखा, कृ.त.स.मं.
विश्व व्यापार संगठन शाखा, कृ.त.स.मं.
पारवहन तथा व्यापार सहजिकरण शाखा, वाणिज्य/आपूर्ति मन्त्रालय
वैदेशिक लगानी शाखा, उद्योग मन्त्रालय
वातावरण मूल्याङ्कन शाखा, वन तथा भू-संरक्षण मन्त्रालय
खाद्य गुण नियन्त्रण माहाशाखा, खाद्य प्रविधी तथा गुण नियन्त्रण विभाग
वाली संरक्षण निर्देशनालय, कृषि विभाग
माटो परीक्षण तथा सेवा निर्देशनालय, कृषि विभाग
कृषि व्यवशाय प्रवर्द्धन शाखा, कृषि विभाग
राष्ट्रिय चरण तथा पशु आहार विकास केन्द्र, पशुसेवा विभाग
कृषि उद्यम केन्द्र
आमन्त्रित विज्ञहरु (खाद्य प्रशोधन, कृषि तथा पशु उपज प्रमाणिकरण सम्बन्धी १/१ जना)

राष्ट्रिय सम्बन्धन प्रदायक निकाय तथा राष्ट्रिय प्राङ्गारिक प्राविधिक समिति संचालनमा नआए सम्म यिनका कार्यहरु प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणाली राष्ट्रिय समन्वय समिति तथा कृषि वातावरण तथा जैविक विविधता शाखा, कृषि तथा सहकारी मन्त्रालयबाट सम्पादन हुनेछन् । प्रस्तावित नेपाल एक्रेडिटेसन वोर्ड सम्बन्धी ऐन (Nepal Accreditation Board Act) कार्यान्वयनमा आएको अवस्थामा राष्ट्रिय सम्बन्धन प्रदायक निकायको गठन, काम, कर्तव्य र अधिकार सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४.४ कृषिजन्य उत्पादन तथा प्रशोधित उपजहरुको प्राङ्गारिक प्रमाणीकरणका लागि राष्ट्रिय सम्बन्धन प्रदायक निकायको स्वीकृती प्राप्त गरी सरकारी तथा निजी स्तरमा प्राङ्गारिक प्रमाणिकरण निकाय (Accredited Organic Certification Body) हरु स्थापना हुनेछन । यस्ता निकायहरुले प्राङ्गारिक प्रमाणीकरणका लागि विषयगत रुपमा सक्षम देखिने गरी आवश्यक भौतिक तथा जनशक्ति सम्बन्धी पूर्वाधारहरुको विकास गर्नुको साथै प्राङ्गारिक उत्पादन तथा प्रशोधन प्रणाली मूल्याङ्कन समिति एवं प्राङ्गारिक निरिक्षक तोकी स्थापना एवं कार्य संचालनका लागि राष्ट्रिय सम्बन्धन प्रदायक निकायको स्वीकृति लिनु पर्नेछ । प्राङ्गारिक उत्पादन तथा प्रशोधन प्रणाली मूल्याङ्कन समितिले प्रमाणिकरणका लागि प्रमाणिकरण निकायमा प्राप्त हुने आवेदनहरुको छानविन गरी उत्पादक, वितरक तथा प्रशोधकहरुसँग अनुबन्ध (contract) स्वीकार गर्ने, विषयगत रुपमा प्राङ्गारिक निरिक्षकहरु नियुक्त गर्ने, निर्धारित निरिक्षकहरुबाट नियमित रुपमा निरिक्षण प्रतिवेदन संकलन गर्ने र आयोजना/उपजहरुको मूल्याङ्कनका आधारमा प्रमाणिकरण गरी सम्बन्धित उत्पादक, वितरक तथा प्रशोधकलाई प्राङ्गारिक प्रमाणिकरण चिन्ह प्रदान गर्ने कार्य गर्नेछ ।

४.५ राष्ट्रिय सम्बन्धन प्रदायक निकायको स्वीकृती प्राप्त प्रमाणिकरण निकायहरुले विषयगत रुपमा योग्य मान्यता प्राप्त प्राङ्गारिक निरीक्षक (Accredited Inspectors) हरुको चयन गरी प्रमाणिकरण गरिने उपजहरुको उत्पादन, प्रशोधन तथा वितरण प्रकृयाको स्थलगत निरिक्षण गर्नु पर्दछ । मान्यता प्राप्त प्राङ्गारिक निरीक्षकहरुले स्थलगत निरिक्षणका आधारमा नियमित अनुगमन एवं जाँच पडताल गरी सम्बन्धित उत्पादन, प्रशोधन तथा वितरण प्रकृया निर्धारित मापदण्ड अनुसार भए नभएको वास्तविकता पत्ता लगाई आफ्नो सिफारिस सहित प्रमाणिकरण निकायमा प्रतिवेदन गर्नु पर्ने हुन्छ ।

## ४.६ प्रमाणीकरण प्रकृया :

व्यक्तिगत कृषक, कृषक समुह तथा प्रशोधनकर्ताले उत्पादित कृषि उपजको प्राङ्गारिक प्रमाणीकरणका लागि निम्नानुसार प्रकृया अवलम्वन गर्नुपर्नेछ ।

उपज प्रमाणीकरणका लागि कृषक, कृषक समुह तथा प्रशोधनकर्ताले कार्यक्रम प्रस्तावना सहित प्रमाणीकरण निकायमा निवेदन दिने[11]

कार्यक्रम प्रस्तावनाको मूल्याङ्कन पश्चात प्रस्तावना प्राप्त भएको ६० दिन भित्र प्रमाणीकरण निकायले प्रस्ताव परिमार्जनका लागि आवेदकलाई प्रतिक्रिया पठाउने वा प्रमाणीकरण फारम भर्न आव्हान गर्ने

आवेदकबाट प्रमाणीकरण फारम भराई आवेदक र प्रमाणीकरण निकाय बीच अनुबन्ध (contract) स्वीकार गर्ने

प्रमाणीकरण निकायले प्राङ्गारिक निरीक्षक तोक्ने (Assignment of organic inspector)

प्राङ्गारिक निरीक्षकबाट आयोजना स्थलको पूर्व निरीक्षण (Pre inspection) र प्रमाणिकरणमा आवश्यक प्रयोशाला परीक्षण प्रतिवेदन संलग्न राखी प्रमाणीकरण निकायमा प्रतिवेदन पेश गर्ने

प्राङ्गारिक निरीक्षकबाट आयोजना कार्यान्वयन (वाली, फार्म, परिवहन र प्रशोधनशाला) को निरीक्षण

प्राङ्गारिक निरीक्षकले प्रमाणीकरण निकायमा (प्रमाणिकरणका लागि आवश्यक प्रयोगशाला परीक्षण प्रतिवेदन संलग्न राखी) निरीक्षण प्रतिवेदन पेश गर्ने

प्रमाणीकरण निकायले निरीक्षण प्रतिवेदन तथा आवश्यक प्रयोशाला परीक्षण प्रतिवेदन अध्ययन गरी प्राङ्गारिक मापदण्ड पुरा भएको अवस्थामा स्वीकृत गर्ने

प्रमाणीकरण निकायले मापदण्ड अनुसार स्वीकृत उपजलाई प्रमाणीकरण गर्ने निर्णय

## ४.७ प्रमाणिकरण चिनो (Logo) : प्रमाणीकरण निकायले निर्धारण गर्नेछ ।

[11] प्राथमिक स्तरका कृषि, वन र पशुजन्य उत्पादन प्रमाणिकरणको लागि प्रस्तावनामा प्राङ्गारिक खेती गरीने जमीनको स्पष्ट रेखाङ्कन संलग्न हुनु पर्ने ।

# अनुसूची १

## बीउ तथा बेर्ना उपचारको लागि प्रयोग गर्न सकिने सामाग्रिहरु

| क्र सं | सामाग्रीको नाम | प्रयोग सम्बन्धी कैफियत |
|---|---|---|
| १ | कम्पोष्ट, भर्मी कम्पोष्ट तथा गहुंत | सतहिक प्रयोग गर्न पाईने |
| २ | प्राकृतिक/हर्वल वस्तुहरु - दालचिनी तथा ल्वाङ्गको तेल, लसुन, अदुवा, वावरी, तुलसी, नीम, बकाईनो, पिपरमिण्टको रस, टिमूर र होमियोपेथिक औषधी | |
| ३ | तातो पानी/ पानीको वाफ | |
| ४ | परंपरागत रुपमा प्रयोगमा रहेका वस्तुहरु (जस्तै गहुंत, नूनपानी, पीना) | |
| ५ | वायोडाईनामिक सीड सोक तथा स्प्रे | |
| ६ | अम्ल, क्षार, भष्म तथा लवणमा वीउ डुवाएर धुने | |
| ७ | जैविक वीउ उपचार (जस्तै ट्राईकोडर्मा, वेसिलस सवट्राईडिस, राईजोवियम, प्रभावकारी सुक्ष्म जिवाणु) | |

# अनुसूची २

## माटोको उर्वराशक्ति वृद्धि गर्न प्रयोग गर्न सकिने सामग्रीहरु[12] :

| क्र सं | सामाग्रीको नाम | प्रयोग सम्बन्धी कैफियत |
|---|---|---|
| १ | खेतबारीमा उत्पादित वस्तुहरु तथा उप उत्पादनहरु ( जस्तै बदामको बोक्रा, उखुको खोइला, परालको छापो, आदि) | |
| २ | गोबर, गहुँत, लेदो | |
| ३ | कुहाइएको सुली | |
| ४ | गड्यौले मल | |
| ५ | बोटबिरुवा र पात-पतिङ्गर | |
| ६ | हरियो मल | |
| ७ | बायोडाइनामिक मिश्रण | |
| ८ | एजोला | |
| ९ | प्राङ्गारिक च्याउ उत्पादनमा प्रयोग भएको पराल | राम्रोसँग कुहाएर मात्र |
| १० | अन्यत्र उत्पादित वस्तुहरुको हकमा- | |
| क | प्राङ्गारिक प्रविधिमा उत्पादित गोबरमल, लेदो, कम्पोष्ट, मूत्र, पराल, पीना, छापो र प्राङ्गारिक पदार्थको अन्य स्रोत[13] | |
| ख | जैविक मल (राइजोबिया, माइकोराइजा, प्रभावकारी सुक्ष्म जिवाणु, खाद्यतत्व स्थिरीकरण गर्ने अन्य सुक्ष्म जिवाणु | प्रमाणीकरण निकायको स्वीकृति लिनु पर्ने |
| ग | काठको धूलो | " |
| घ | प्राङ्गारिक -जस्तै कपडा उद्योगबाट निस्कने खराब रसायन नमिसिएको तर उपचार र प्रशोधन गरिएको प्राङ्गारिक उप-उत्पादन | " |
| ङ | रक्तचूर्ण, मांसचूर्ण, हड्डीचूर्ण र माछाजन्य पदार्थ | " |
| च | खनिज/लवण, जिप्सम, चूनढुङ्गा (क्याल्सियम तथा म्याग्नेसियम) र धूलो पारिएको चट्टान | " |
| छ | प्राङ्गारिक तवरबाट तयार गरिएको झोल मल | " |

12 रासायनिक मल प्रयोग गर्न बर्जित गरिएको छ।

13 रासायनिक पद्धतिको भए प्रयोग गर्न नपाइने।

# अनुसूची ३

## रोग कीरा व्यवस्थापनमा प्रयोग गर्न सकिने वस्तु र तिनको प्रयोग

| क्र सं | सामाग्री | प्रयोग संकेत | प्रयोग सम्बन्धी कैफियत |
|---|---|---|---|
| १ | रासायनिक विषादी | x | घातक |
| २ | बास्ना आउने वस्तु | + | पर्यावरण खतरालाई ध्यान दिनुपर्ने । |
| ३ | मेशिनरी पासो | ✓ | |
| ४ | रङ्गिन (क्रोमाटिक) पासो | ✓ | |
| ५ | बिरुवाबाट निर्मित विषादी | + | नकारात्मक असर पनि पर्न सक्ने |
| ६ | सिलिकेट | ✓ | |
| ७ | रोग निरोधक (प्रोफोलिस) खोप | ✓ | |
| ८ | बिरुवा तथा पशुबाट प्राप्त तेल | + | प्रभाव नकारात्मक हुन सक्ने |
| ९ | नरम साबुन | ✓ | |
| १० | जिलेटिन | ✓ | |
| ११ | बायोडाइनामिक मिश्रण | ✓ | |
| १२ | शिकारी तथा परजीवी | + | रैथाने कीरा/परजीविलाई असर पर्न सक्ने |
| १३ | सूक्ष्म जिवाणु | ✓ | आनुवंश परिवर्तित जीवाणु प्रयोग गर्न नपाइने |
| १४ | गन्धक | + | नकारात्मक असर पर्न सक्छ |
| १५ | तामायुक्त लवण (कपरअक्सिक्लोराईड ५०WP १० कि.ग्रा./ हे. सरह) | + | नकारात्मक असर पर्न सक्छ |
| १६ | पोटासियम परम्याङ्गनेट | + | नराम्रो असर पनि पर्न सक्छ |
| १७ | चुनायुक्त सोडाको झोल | + | संरचनात्मक असन्तुलन |
| १८ | हल्का खनिज तेल | + | नकारात्मक असर पर्न सक्छ |
| १९ | प्राकृतिक स्रोतमा पाईने जूका नाशक | + | सतर्कता साथ प्रयोग गर्ने |
| २० | प्राकृतिक स्रोतबाट लिईएको छापो हाल्ने सामाग्री | ✓ | |

✓ प्रयोग गर्न पाइने

\+ प्रमाणीकरण निकायको स्वीकृती लिई होसियारीपूर्वक प्रयोग गर्नु पर्ने

x प्रयोग गर्न नपाइने

# अनुसूची ४


## प्रयोग गर्न पाइने पशु औषधीहरु[14]

| क्र. सं. | प्रयोग गर्न पाइने औषधीहरु | प्रयोग सम्बन्धी कैफियत |
|---|---|---|
| १ | प्रायजसो सबै किसिमको जडिबुटीहरु | |
| २ | प्राकृतिक स्रोतबाट सङ्कलित कच्चा पदार्थ प्रयोग गरी एन्थ्रोपोसोफिक पद्धतिबाट बनाईएका होमियोपेथिक औषधीहरु | |
| ३ | अक्यूपञ्चर | |
| ४ | प्राकृतिक स्रोतबाट सङ्कलित सामाग्री प्रयोग गरी तयार गरिएका टिंचर तथा एन्टीसेप्टीकहरु | |
| ५ | प्रमाणिकरण गरिएका आयुर्वेदिक औषधीहरु | |
| ६ | क्याल्सियम बोरोग्लुकोनेट, क्याल्सियम ग्लुकोनेट, क्याल्यिसम क्लोराइड, क्याल्सियम फोस्फेट, म्याग्नेसियम फस्फेट र क्याल्सियम/म्याग्नेसियम मिश्रण जस्ता तयारी खनिज | |
| ७ | प्राकृतिक फलामको घोल जस्तै सिस्नो । | |
| ८ | तोरी/रायोको पात, अडिरको तेल, घाँसमा राखिने मिश्रण र आलसको तेल (linseed oil) जस्ता पर्गेटिभ वस्तुहरु । | |
| ९ | प्राकृतिक भिटामिनहरु | |
| १० | पखाला लागेमा औषधीको रुपमा कोइला वा ओकको बोक्रा र चक । | |
| ११ | रिन्जर घोल, फिजियोलोजिकल Saline (NaCl 0.9%) घोल, आदि इलेक्ट्रोलाइट | |
| ११ | रासायनिक स्रोतबाट आएका एन्टिबायोटिक औषधी | प्रमाणीकरण निकायको स्वीकृतिमा प्रयोग गर्न सकिने । |
| १२ | लाभदायक शुक्ष्म जीवाणुबाट बनेका औषधिहरु | |

[14] फार्ममा प्रयोग गरिएको सबै औषधी तथा रसायनको रेकर्ड राखिनुपर्दछ । सावधानी साथ प्रयोग गर्नुपर्ने औषधी/रसायनहरु रुपान्तरणको अवधिमा रहेको फार्मले मात्र प्रयोग गर्न पाउँछ ।

# अनुसूची ५

## प्राङ्गारिक उत्पादन तथा प्रशोधन प्रमाणीकरणका लागि निर्धारित संरचनाः



# राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको कार्यविधि, २०६९

(नेपाल सरकारबाट स्वीकृत मिति २०६९।११।०८)

| | |
|---|---|
| पृष्ठभूमि | ४५ |
| परिच्छेद १ प्रारम्भिक | ४५ |
| परिच्छेद २ प्राङ्गारिक सम्बन्धन कार्यक्रमको क्षेत्र | ४८ |
| परिच्छेद ३ सम्बन्धन प्रदान गर्ने सम्बन्धि व्यवस्था | ४९ |
| परिच्छेद ४ विविध | ५२ |
| अनुसुची १ (दफा २ को उपदफा (क) संग सम्बन्धित) | ५४ |
| अनुसुची २ (दफा ६ को उपदफा (२) संग सम्बन्धित) | ५५ |

# राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको कार्यविधि, २०६९

**पृष्ठभूमि :**

राष्ट्रिय कृषि नीति २०६१ मा प्राङ्गारिक खेतीलाई प्रोत्साहन पुर्‍याइनेछ भनि उल्लेख भएको र सोही नीति कार्यान्वयनका लागी कृषि विकास मन्त्रालयबाट प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धि निर्देशिका, २०६४ स्वीकृती भई कार्यान्वयनमा आइसकेको छ । उक्त निर्देशिकाको दफा ४.२ मा प्राङ्गारिक उत्पादन/प्रशोधन तथा प्रमाणीकरण चिन्हको प्रयोग सम्बन्धी नीति, नियम र प्रकृया निर्धारण गर्न राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको ब्यवस्था भएको छ । सो प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायबाट प्रमाणीकरण निकायहरुलाई सम्बन्धन प्रदान गर्दा अपनाउनु पर्ने सम्बन्धमा स्पष्ट कार्यविधिको ब्यवस्था नभएकोले सो सम्बन्धमा स्पष्ट ब्यवस्था गर्न वान्छनीय भएकोले नेपाल सरकार, कृषि विकास मन्त्रायले यो "राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको कार्यविधि, २०६९" तयार गरि लागु गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो कार्यविधिको नाम "राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको कार्यविधि, २०६९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "सम्बन्धन प्रदायक निकाय वा आधिकारीक निकाय" भन्नाले अनुसुची-१ अनुसारको राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकाय सम्झनुपर्छ ।

(ख) "सम्बन्धन" भन्नाले सम्बन्धन प्रदायक निकायले प्रमाणीकरण निकायलाई निर्धारित उद्देश्य अनुरुपको कार्य सम्पादन गर्नको लागि दिइने लिखित सुनिश्चितता सम्झनुपर्छ ।

(ग) "प्राङ्गारिक कृषि उत्पादन" भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालयद्धारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धि निर्देशिका, २०६४ बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपर्छ । सो शब्दले प्राङ्गारिक प्रशोधित कृषि, बन तथा पशुजन्य उपज समेतलाइ जनाउनेछ ।

(घ) "प्रमाणीकरण निकाय" भन्नाले प्राङ्गारिक पदार्थ भनी बजारीकरण कार्यका लागि उत्पादन, प्रशोधन, परिचालन, लेवलिङ्ग र आयात कार्यको मूल्यांकन गर्ने निकाय सम्झनुपर्छ ।

(ङ) "प्रमाणीकरण" भन्नाले अग्रिमरुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रकृया अपनाई कुनै कृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नु पर्ने शर्तहरु पुरा गरिएको छ भनी तेस्रो पक्षले दिने लिखित सुनिश्चितता सम्झनुपर्छ ।

(च) "तेस्रो पक्ष" भन्नाले प्रमाणीकरण निकाय सम्झनुपर्छ ।

(छ) "सम्बन्धन प्रमाण पत्र" भन्नाले प्रमाणीकरण निकायले सम्बन्धन प्रदायक निकायबाट प्राप्त गरेको सम्बन्धन प्रमाण-पत्रलाई सम्झनुपर्छ ।

(ज) "सम्बन्धन सम्झौता" भन्नाले सम्बन्धन प्रदायक निकाय र सम्बन्धन प्राप्त गर्ने प्रमाणीकरण निकायको बीचमा भएको सम्झौता सम्झनुपर्छ ।

(झ) "सम्बन्धन प्राप्त प्रमाणिकारण निकाय" भन्नाले सम्बन्धन प्रदायक निकायबाट सम्बन्धन प्राप्त गरेको प्रमाणीकरण निकाय सम्झनुपर्छ ।

(ञ) "अडिट" भन्नाले विधिवत एवं स्वायत्त जाँच प्रकृया अन्तर्गत नियोजित उद्देश्य अनुसारको कार्य सम्पादन भए नभएको मूल्यांकन गर्ने कार्य सम्झनुपर्छ ।

(ट) "उत्पादन" भन्नाले खेती बाली/फारममा गर्ने कार्य देखि प्याकेजिङ्ग, लेवलिङ्ग र प्रशोधन समेतलाई सम्झनुपर्छ ।

(ठ) "तयारी" भन्नाले बाली/जनावर काट्ने देखि प्रशोधन गर्ने, संरक्षण गर्ने, प्याकिङ्ग गर्ने र लेवलिङ्ग गर्ने सम्मका कार्य सम्झनुपर्छ ।

(ड) "प्राङ्गारिक उत्पादन क्षेत्र" भन्नाले प्राङ्गारिक कृषिको सिद्धान्त अनुसार खेती प्रणाली अपनाईएको उत्पादन क्षेत्र सम्झनुपर्छ ।

(ढ) "मान्यता प्राप्त निरीक्षण वा प्रमाणीकरण प्रणाली" भन्नाले सरकारी निकाय वा निजी क्षेत्रको कानूनी मान्यता प्राप्त निरीक्षण/प्रमाणीकरण प्रणाली सम्झनुपर्छ ।

(ण) "सूचक-पत्र वा लेवल" भन्नाले विक्रि प्रवर्द्धन गर्ने उद्देश्यले लेखिएको अथवा छपाई गरी उत्पादित/प्रशोधित बस्तुमा लगाईएको सूचकपत्र सम्झनुपर्छ ।

(त) "निरीक्षण" भन्नाले प्राङ्गारिक कृषि उत्पादनको उत्पादन, प्रशोधन तथा वितरण प्रकृया निर्धारित मापदण्ड अनुसार छ /छैन भनी सम्वन्धित स्थलमा गई वास्तविकता पत्ता लगाउन गरिने जाँचवुझको कार्य सम्झनुपर्छ ।

(थ) "निरीक्षक" भन्नाले प्रमाणीकरण गर्ने निकायले सम्बन्धित प्राङ्गारिक कृषि उत्पादनको उत्पादन, प्रशोधन तथा वितरण प्रकृया निरीक्षण गर्नका लागि तोकिएको व्यक्ति सम्झनुपर्छ । सो शब्दले मूल्याङ्कनकर्ता समेतलाई जनाउँछ ।

(द) "प्रमाणीकरण चिन्ह" भन्नाले प्रमाणीकरण निकायले सञ्चालन गरेको प्रमाणीकरण कार्यक्रममा आवश्यक पर्ने शर्तहरु पुरा गरेको प्रमाणित गर्नका लागि दिइने चिन्ह सम्झनुपर्छ ।

(ध) "सञ्चालक वा प्रशोधक" भन्नाले कुनै पनि पदार्थ उत्पादन, तयारी, आयात वा बजारीकरण गर्ने व्यक्ति सम्झनुपर्छ । सो शब्दले मिलधनी, डिब्बा निर्माता, प्याकिङ्गकर्ता, निर्यातकर्ता,

थोक व्यापारी, खुद्रा व्यापारी, संकलक र अन्य साना उद्यमीहरु समेतलाई जनाउँछ ।

(न) “समिति” भन्नाले प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धि निर्देशिका, २०६४ बमोजिम गठन भएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणाली राष्ट्रिय समन्वय समिति सम्झनुपर्छ ।

(प) “मापदण्ड” भन्नाले प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धि निर्देशिका, २०६४ बमोजिमको मापदण्ड सम्झनुपर्छ । सो शब्दले मान्यता प्राप्त अन्य स्तर निर्धारण पुस्तिका र त्यसमा तय गरिएका प्रावधानहरु समेतलाई जनाउंछ ।

## परिच्छेद- २
## प्राङ्गारिक सम्बन्धन कार्यक्रमको क्षेत्र

३. **सम्बन्धन लागु हुने क्षेत्रः** (१) यस कार्यविधि अनुसार सम्बन्धन प्रदायक निकायको क्षेत्राधिकार भित्र देहाय बमोजिमका प्रमाणीकरणका क्षेत्रहरु पर्नेछन् ।

(क) कृषिजन्य उत्पादन
(ख) पशुजन्य उत्पादन
(ग) मौरीजन्य उत्पादन
(घ) मत्स्य तथा जलीय उत्पादन
(ङ) प्राङ्गारिक मल र विषादी उत्पादन
(च) जडिबुटी तथा वनजन्य उत्पादन
(छ) पुष्प उत्पादन
(ज) उपरोक्त वस्तुहरुको प्रशोधित उत्पादन

(२) उपदफा (१) बमोजिमका क्षेत्रका लागी सम्बन्धन प्रदान गर्ने आधार एवं शर्तहरु नेपालमा प्राङ्गारिक कृषि उत्पादन प्रमाणीकरण कार्यमा संलग्न सबै राष्ट्रियस्तरका तथा अन्तर्राष्ट्रियस्तरका प्रमाणीकरण निकायका लागि लागु हुनेछन् ।

(३) सम्बन्धन प्रदायक निकायसँग सम्बन्धन प्राप्त गर्न प्राङ्गारिक प्रमाणीकरण निकायले प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन

प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ अनुसारका मापदण्ड अनुसरण गर्नु पर्नेछ।

(४) उपदफा (१) मा उल्लेखित समूहगत उत्पादनको समूहगत प्रमाणीकरण सम्बन्धन प्रदायक निकायको क्षेत्राधिकार भित्र रहेको मानिनेछ।

**४. गोपनियता**: सम्बन्धन प्रदायक निकायका सम्पूर्ण सदस्यहरुले समितिका क्रियाकलापहरुको विषयको गोपनियता सम्बन्धमा लिखित प्रतिवद्धता व्यक्त गर्नु पर्नेछ।

**५. सम्बन्धन प्रदान गर्ने कार्यक्रमको पुनरावलोकन** : (१) सम्बन्धन प्रदायक निकायले आवश्यकता अनुसार सम्बन्धन कार्यक्रमको आन्तरिक रुपमा नियमित पुनरावलोकन गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकन गर्ने क्रममा संस्थागत संरचना, सम्बन्धन प्रदान गर्ने शर्तहरु र प्रकृयाहरुको समिक्षा तथा मूल्यांकन गरिने छ।

(३) उपदफा (२) बमोजिम गरिने मूल्यांकनको आधारमा आवश्यकता अनुसार कार्यविधिमा परिमार्जन गरिनेछ।

## परिच्छेद- ३
## सम्बन्धन प्रदान गर्ने सम्बन्धि व्यवस्था

**६. आवेदन र मूल्याङ्कन प्रकृया** : (१) सम्बन्धन प्रदायक निकायबाट राष्ट्रिय स्तरको पत्रिकामा तीस दिनको अवधी दिई सूचना प्रकाशन गरि आवेदन माग गरिने छ।

(२) उपदफा (१) बमोजिम दिइने निवेदनको ढाँचा अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना बमोजिम आवेदन पेश गर्दा प्रमाणीकरण निकायले देहाए बमोजिमको कागजातहरु र दस्तुर बुझाई सो को रसिद सहित संलग्न राखी आवेदन गर्नुपर्नेछ।

(क) दर्ता प्रमाण पत्र

(ख) जनशक्ति तथा भौतिक पूर्वाधार

(ग) प्रमाणीकरण कार्यविधि

(घ) प्रमाणीकरण संचालन गरिने वस्तु तथा प्रशोधित उत्पादन

(ङ) स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र

(च) राष्ट्रियस्तरका प्रमाणीकरण निकाय

१. सम्बन्धन शुल्क रु. १,००० ( एक हजार मात्र)

२. नविकरण शुल्क रु. ५०० (पाँच सय मात्र) वार्षिक

(छ) अन्तर्राष्ट्रियस्तरका प्रमाणीकरण निकाय

१. सम्बन्धन शुल्क रु. १०,००० ( दश हजार मात्र)

२. नविकरण शुल्क रु. ५,००० (पाँच हजार मात्र) वार्षिक

(४) आवेदन साथ पेश हुन आएका कागजातहरु पुरा भए नभएको सम्वन्धमा आवश्यक जाँचवुझ गरिने छ ।

**७. प्रमाणीकरण निकायको कार्य सम्पादन प्रणालीको निरिक्षण र मूल्यांकन :**

(१) आवेदन साथ केही जानकारी तथा कागजात अपुग देखिएमा सो उपलव्ध गराउन सम्बन्धित आवेदकलाई जानकारी गराई अपुग कागजात प्राप्त भए पछि मात्र सम्बन्धन प्रकृया अगाडी बढाईनेछ ।

(२) सम्बन्धन प्राप्त गर्नको लागि पेश गरीएको जानकारीको आधारमा स्थलगत निरिक्षणको व्यवस्था गरिने छ । सम्बन्धन प्रदायक निकायले तोकेको निरिक्षकले प्रमाणीकरण निकायको स्थलगत निरिक्षण गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) सम्बन्धन प्रदायक निकायबाट खटि जाने निरिक्षकलाई नेपाल सरकारको प्रचलित नियम अनुसार लाग्ने दैनिक तथा भ्रमण खर्च आवेदकले नै व्यहोर्नु पर्ने छ ।

**८. सम्बन्धन प्रदान** : (१) सम्बन्धन प्रदायक निकायबाट आवेदनमा प्राप्त जानकारी र स्थलगत निरिक्षणको प्रतिवेदनको आधारमा तोकिए अनुसार मापदण्ड पालना गरिएको पाईएमा सम्बन्धन प्रदायक निकायबाट सम्बन्धन प्रदान गरिने छ ।

(२) प्रमाणीकरण निकायले अनुसरण गर्ने प्राङ्गारिकस्तर मापदण्ड अनुसार नभएको पाइएमा सो को जानकारी एवं सुधार हुनु पर्ने कुराहरु उल्लेख गरी समय अवधि तोकी आवेदकलाई पुन: आवेदन गर्न सूचित गर्न सक्नेछ । त्यस्तो जानकारी प्राप्त हुन आएमा प्रमाणीकरण निकायले सम्बन्धन प्राप्त गर्नको लागि तोकिएको सुधारहरु तोकिएको अवधि भित्र पुरा गरि पुन: आवेदन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पुन: आवेदन पेश भएपछि पूर्व जानकारी अनुसारको कार्य सम्पादन भएको पाइएमा सम्बन्धन प्रदायक निकायबाट सम्बन्धन प्रदान गरिने छ ।

(४) यस दफा बमोजिम सम्बन्धन प्राप्त गर्ने प्रमाणीकरण निकायको नाम सूचना प्रकाशन गरि सार्वजनिक गरिनेछ ।

(५) सम्बन्धन प्रदान गरिएका प्रमाणीकरण निकायहरुले राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायलाई नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र वार्षिक प्रगति विवरण बुझाउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रगति विवरण प्राप्त भए पछि कार्य सम्पादन र भ्रमण प्रतिवेदनका आधारमा मूल्याङ्कन गरी सम्बन्धन नविकरण गरिने छ ।

**९. कार्य सम्पादनको निरिक्षण** : (१) सम्बन्धन प्रदायक निकायले तोकिएको निरिक्षक मार्फत समय समयमा सम्बन्धन प्राप्त प्रमाणीकरण निकायको स्थलगत निरिक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने कुनै पनि प्रमाणीकरण निकायको स्थलगत निरिक्षण लगातार तीन वर्षसम्म एउटै निरिक्षक मार्फत गराइने छैन ।

**१०. सम्बन्धन निलम्बन तथा खारेज** : (१) सम्बन्धन प्राप्त प्रमाणीकरण निकायले मापदण्ड र यसै कार्यविधिको आधारमा स्थापित शर्तहरुको उल्लघंन गरेको पाईएमा सम्बन्धन प्रदायक निकायले सम्बन्धन निलम्बन वा खारेज गर्न सक्ने छ । सम्बधन प्रदायक निकायले

सम्बन्धन निलम्बन वा खारेज गर्न सक्ने अवस्थाहरु देहाय अनुसार हुनेछ ।

(क) प्रमाणीकरण निकायले निर्धारित प्रमाणीकरण प्रकृया, मापदण्ड तथा शर्तहरु पालना नगरेमा ।

(ख) समय समयमा सम्बन्धन प्रदायक निकायले मापदण्ड र शर्त पालनामा सुधार ल्याउन सूचना गरी तोके बमोजिम समय सिमा भित्र प्रमाणीकरण निकायले सुधार नगरेमा ।

(ग) प्रमाणीकरण निकायले सम्बन्धन प्रदायक निकायबाट खटाईएको मुल्याङ्कनकर्तालाई आवश्यक जानकारी उपलब्ध गराउन अस्वीकार गरेमा, जानकारी लुकाएमा वा जानकारीमा पूर्ण पहुँच नदिएमा ।

(घ) प्रमाणीकरण निकायले तिर्नुपर्ने शुल्कहरु समयमा नतिरेमा ।

(ङ) सम्बन्धन प्रदायक निकायद्धारा तोकिएको दण्ड सजाय अनुसार सुधार गर्न प्रमाणीकरण निकाय असफल भएमा ।

(च) प्रमाणीकरण निकायले नविकरणका लागि आवश्यक विवरण समयमा पेश गर्न नसकेमा ।

(२) उपदफा (१) बमोजिम सम्बन्धन प्रदायक निकायले सम्बन्धन निलम्बन वा खारेज गर्नुपूर्व प्रमाणीकरण निकायलाई आफ्नो सफाई पेश गर्ने उचित समय प्रदान गर्नेछ ।

## परिच्छेद– ४
## विविध

११. **सजाय सम्बन्धी ब्यवस्थाः** प्रमाणीकरण निकायले मापदण्ड तथा यसै कार्यविधि बमोजिम सम्बन्धन प्रदायक निकायसँग गरेको सम्झौता अनुसार पालना गर्नु पर्ने शर्तहरु विपरित कार्य गरेमा देहाय अनुसारका एक वा सो भन्दा बढी सजाय गर्न सक्नेछ :-

(क) लिखित रुपमा सचेत गराउने ।

(ख) निश्चित अवधी तोकेर सुधार गर्नु पर्ने शर्तहरुको बारेमा अवगत गराउने ।

(ग) प्रमाणीकरण निकायको पूनः मुल्याङ्कन गर्ने ।

(घ) सम्बन्धन निलम्बन गर्ने ।

(ङ) सम्बन्धन खारेज गर्ने ।

१२. **निवेदन दिन सकिने**: (१) सम्बन्धन प्रदायक निकायले सम्बन्धन प्रदान गर्ने सम्बन्धमा दफा (१०) र (११) बमोजिम भए गरेका काम कार्यवाहीबाट मर्का पर्ने पक्षले आफनो कारण सहितको निवेदन त्यस्तो काम कारवाही भए गरेको मितिले पन्ध्र दिन भित्र सम्बन्धन प्रदायक निकाय समक्ष पुनरावलोकनको लागी निवेदन दिन सक्नेछ । तर दफा (११) को (ङ) अनुसारको कारबाहीको हकमा पन्ध्र दिन भित्र प्राङ्गारिक खेती राष्ट्रिय समन्वय समिति समक्ष पुनरावेदन दिन सक्नेछ । सम्बन्धन प्रदायक निकाय र समितिले आफु समक्ष पेश भएको निवेदन/पुनरावेदन उपर आवश्यक जाँचबुझ गरी एक महिना भित्र टुंगो लगाउनु पर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदनको टुंगो लगाउँदा सम्बन्धन प्रदायक निकाय वा समितिले निवेदनको अवस्था अनुसार दफा (१०) र (११) बमोजिमको कारवाही नगर्ने वा निवेदन खारेज गर्न सक्नेछ ।

१३. **कार्यविधिमा संशोधन**: नेपाल सरकार, कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा थपघट गर्न सक्नेछ ।

# अनुसुची – १
## (दफा २ को उपदफा (क) संग सम्बन्धित)

राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकाय
**(National Organic Agriculture Accreditation Body)**

| | |
|---|---|
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद, | अध्यक्ष |
| महानिर्देशक, कृषि विभाग, | सदस्य |
| महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, | सदस्य |
| महानिर्देशक, पशुसेवा विभाग, | सदस्य |
| महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग, | सदस्य |
| महानिर्देशक, वनस्पति विभाग, | सदस्य |
| महानिर्देशक, उद्योग विभाग, | सदस्य |
| विज्ञ प्रतिनीधि, कृषि उद्यम केन्द्र (मनोनित), | सदस्य |
| विज्ञ प्रतिनीधि, नेपाल पर्माकल्चर समूह (मनोनित), | सदस्य |
| प्रमूख, कृषि वस्तु निर्यात प्रबर्द्धन कार्यक्रम, | सदस्य सचिव |

# अनुसुची - २
## (दफा ६ को उपदफा (२) संग सम्बन्धित)

निवेदन फाराम

मिति:

श्रीमान् अध्यक्षज्यू,
राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकाय,

विषय: सम्बन्धन प्रदान गर्ने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस ............... प्राङ्गारिक प्रमाणीकरण निकायले राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धन प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०६९ अनुसार सम्पूर्ण प्रकृया पु-याई सम्बन्धन प्राप्त गर्नको लागि यो निवेदन पेश गरेको छु । साथै आवश्यक कागजपत्रहरु यसै निवेदनको साथ पेश गरिएको छ ।

..............................
निवेदक

# प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९

(नेपाल सरकारबाट स्वीकृत मिति २०६९।११।०८)

पृष्ठभूमि ५९
परिच्छेद १ प्रारम्भिक ५९
परिच्छेद २ सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली ६१
परिच्छेद ३ सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीको सञ्चालन सम्बन्धी प्रकृया ६३

# प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९

## पृष्ठभूमि:

राष्ट्रिय कृषि नीति २०६१ मा प्राङ्गारिक खेतीलाई प्रोत्साहन दिइनेछ र खाद्य वस्तुको गुणस्तर निर्धारण, गुण नियन्त्रण, गुणस्तर प्रमाणीकरण र नियमन गर्ने कार्यमा स्थानीय निकाय समेतको सहभागीता परिचालन गरिनेछ भन्ने व्यवस्था भएकोले प्राङ्गारिक कृषि उत्पादकहरुले देशको विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक र भौगोलिक अवस्था अनुसार समुहमा उत्पादन कार्य सञ्चालन गर्ने सिलसिलामा समुहहरुले आफू अनुकुलको आवश्यक नीति, नियम, शर्त र मापदण्डहरु बनाई लागू गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक देखिएकोले नेपाल सरकार, कृषि विकास मन्त्रालयले यो प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९ स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो मार्गदर्शनको नाम "प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९" रहेको छ ।

(२) यो मार्गदर्शन नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा -

(क) "सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली" भन्नाले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानीय परिवेश अनुसार सञ्चालन हुने प्राङ्गारिक कृषि उत्पादनको गुणस्तर निर्धारण प्रणाली सम्झनुपर्छ ।

(ख) “प्राङ्गारिक कृषि उत्पादन” भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालयद्धारा जारी गरिएको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका, २०६४ बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपर्छ । सो शब्दले उत्पादक र उपभोक्ता लगायतका सरोकारवालाहरुको सहभागितामा स्थानीय परिवेश अनुसार तयार गरिएको मापदण्ड बमोजिम उत्पादित कृषि उत्पादन समेतलाई जनाउँछ ।

(ग) “आन्तरिक नियन्त्रण प्रणाली” भन्नाले उत्पादकहरूलाई संगठित गराई प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणमा पहुँच बढाउन तथा प्रमाणीकरणको खर्च घटाउन उत्पादकहरुबाटै गरिने सामुहिक प्रमाणीकरणको प्रकृया सम्झनुपर्छ ।

(घ) “अडिट” भन्नाले निर्धारित उद्देश्य अनुसारको कार्य सम्पादन भएको छ वा छैन भन्ने सम्बन्धमा विधिवत रुपमा गरिने स्वायत्त जाँचवुझको प्रकृया सम्झनुपर्छ ।

(ङ) “स्थानीय बजार” भन्नाले उत्पादक र उपभोक्ताको प्रत्यक्ष सर्म्पक वा न्यूनतम मध्यस्तकर्ताको सहभागितामा भौगोलिक क्षेत्रको नजिक हुने गरी बिकास गरिएको खरिद बिक्री गर्ने स्थान वा प्रकृया सम्झनुपर्छ ।

(च) “उत्पादक” भन्नाले प्राङ्गारिक कृषि उत्पादन एवं प्रशोधनमा संलग्न ब्यक्ति, समुह वा संस्था सम्झनुपर्छ । सो शब्दले त्यस्ता उत्पादन गर्ने किसानहरुलाई समेत जनाउँछ ।

(छ) “उत्पादन” भन्नाले खेतबारी / फार्ममा गर्ने कार्यदेखि प्याकेजिङ्ग र लेवलिङ्ग गर्ने सम्मका कार्य सम्झनुपर्छ ।

# परिच्छेद- २
# सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली

३. **गुणस्तर निर्धारण प्रणाली संचालन** : सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीको संचालनको लागि प्रशस्त तयारी योजना र कार्यहरु सम्पन्न गर्नु पर्ने हुन्छ । सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीको लागि मापदण्डको विकास र यसको लागु गर्ने क्रममा प्राङ्गारिक उत्पादन सम्बन्धी नियम र उत्पादकले पालना गर्नु पर्ने शर्तहरुका बीचमा स्पष्ट जानकारी हुनु जरुरी छ । यस अन्तरगतका कुनै मापदण्डले उत्पादन सम्बन्धी गर्नु पर्ने कार्यहरु मात्र नियममा समावेश गरेको हुन्छ भने कुनै मापदण्डले उत्पादन सम्बन्धी नियम र पालना गर्नु पर्ने शर्तहरु दुबै समावेश गरेको हुन्छ ।
नेपालमा प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका २०६४, लाई कुनै पनि सहभागीतामूलक गुणस्तर निर्धारण प्रणालीले हुबहु लागु गर्न वा स्थानीय आवश्यकता र अनुकूलता अनुसार परिमार्जन गरी लागु गर्न सक्नेछन् ।

४. **मापदण्ड र मान्यताहरु** : उत्पादकहरुले सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली अन्तर्गत आफ्नो मापदण्ड तयार गर्ने क्रममा कुनै पनि एउटा प्रचलनमा आएको राष्ट्रिय वा अन्तराष्ट्रिय मापदण्डलाई आधार मान्न सक्नेछ । यसमा संलग्न सरोकारवालाहरुले पालना गर्नु पर्ने शर्त र मान्यताहरु सम्बन्धित सरोकारवालाहरुको सहभागिता र संलग्नतामा तयार गर्नु पर्नेछ । यस प्रकृयामा केही लामो समय लिएता पनि यसले सबै सरोकारवालाहरुको बिच सामूहिक बुझाईको विकास, स्वामित्वको महशुस र प्रणाली प्रतिको प्रतिवद्धताको विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछ । उत्पादक, बितरक, उपभोक्ता, ब्यबस्थापक लगायतका सरोकारवालाहरु पढ्न र लेख्न नसक्ने अवस्थामा छन् भने मापदण्डहरुलाई उनीहरुले बुझ्न सक्ने गरी तयार पारिनु पर्दछ । यसको लागि चित्र, श्रब्यदृष्यहरुको प्रयोग गर्न

सकिन्छ । यस्तो अवस्थामा मापदण्डको प्रमुख बुँदाहरुको जानकारी दिनको लागि सरोकारवालाहरुसँग थप छलफल, बैठक र गोष्ठिको पनि आयोजना गर्न सकिन्छ ।

५. **आन्तरिक नियन्त्रण प्रणालीसँग समन्वय** : सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीमा आबद्ध उत्पादकहरुले कालान्तरमा आफुलाई आबश्यक परेमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रमाणिकरण निकायमा सम्पर्क गरी आफ्नो प्रमाणिकरणको स्तरोन्नती गर्न सक्नेछन् । सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीले राष्ट्रिय वा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार मानेर आफ्नो मापदण्ड तयार गरेको अबस्थामा यस्ता प्रमाणीकरण निकायले आन्तरिक नियन्त्रण प्रणालीको माध्यमबाट सामुहिक प्रमाणीकरणको प्रकृया अगाडि बढाउन सक्दछन् । त्यसैले सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीका मापदण्डहरु कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रमाणीकरण निकायको मापदण्डसँग मिल्दो जुल्दो भएमा यसलाई सजिलोसँग आन्तरिक नियन्त्रण प्रणाली र तेश्रो पक्षिय प्रमाणीकरण प्रकृयामा रुपान्तरण गर्न सकिन्छ ।

मापदण्ड तथा प्रकृयाहरु मिलेको र दुवै पक्षहरु सहमत भएको अवस्थामा सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीका अभिलेखहरु, स्थलगत अध्ययन र अडिट गरेर तेश्रो पक्षिय प्रमाणीकरण निकायले अबिलम्ब प्रमाणीत गर्न सक्दछ । त्यसैले कुनै ठाउँको उत्पादन तेश्रो पक्षबाट प्रमाणीकरण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्रि वितरण गर्ने चाहना भए शुरुमा सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीको विकास र अभ्यास गर्न सकिन्छ । यसले तेश्रो पक्षिय र सामुहिक प्रमाणीकरणको लागि आवश्यक पर्ने दक्षता र पूर्वाधार विकास गर्न सहयोग पुऱ्याउँछ ।

६. **सरोकारवालाहरुः** सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीका प्रमुख सरोकारवालाहरु यस प्रणाली अन्तर्गत उत्पादन हुने वस्तुहरुको उत्पादक र उपभोक्ताहरु हुन् । सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीको बिकासमा यिनीहरुको प्रत्यक्ष सहभागिता आबश्यक हुन्छ ।

यस प्रकृयामा बाहिरी संघ/संस्थाको समेत सहभागिता हुन सक्दछ । अधिकांश अवस्थामा सरकारी, गैरसरकारी वा निजी संघ संस्थाहरुले यस प्रणालीको शुरुवातको अवस्थामा स्थानीय सरोकारवालाहरु बिच उत्प्रेरक, सम्बाहक र समन्वयकारी भूमिका समेत निर्वाह गर्नु पर्ने पनि हुन सक्दछ ।

## परिच्छेद- ३
## सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीको सञ्चालन सम्बन्धी प्रकृया

७. **सिद्धान्त र मूल्यहरु** : सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली आफ्नो स्पष्ट सिद्धान्त र मूल्यहरुका आधारमा विकास गरिएको हुन्छ । यस्ता सिद्धान्त र मान्यताहरु वातावरणीय र सांस्कृतिक पक्षहरुप्रति सचेत रहदै स्वच्छ व्यापार सामाजिक न्यायको सिद्धान्तमा आधारित भई विकास गरिएका हुन्छन् । यसका सिद्धान्त र मूल्यहरु यसका मापदण्ड तथा कार्यविधि/निर्देशिकाहरुमा उल्लेख गरिएका हुन्छन र साथै यस्ता सिद्धान्त र मूल्यहरुलाई विभिन्न कार्यक्रमहरु मार्फत सार्वजनिक गर्नुपर्दछ ।

८. **लिखित व्यवस्थापकिय प्रणाली सञ्चालन प्रकृया**: प्राङ्गारिक गुणस्तर निर्धारण प्रणाली पारदर्शी र विश्वासिलो हुनको लागि यसका कार्यविधि र अन्य आवश्यक दस्तावेजहरु लिखित रुपमा हुनु जरुरी छ । यस्ता कार्यविधि र दस्तावेजहरुलाई आवश्यकता अनुसार परिमार्जन र अद्यावधिक गर्नु पर्ने हुन्छ । यस प्रणालीमा देहाय बमोजिमका दस्तावेज आवश्यक पर्दछन् ।

(क) मापदण्डहरुः विस्तृत वा संक्षिप्त रुपमा पनि हुन सक्ने

(ख) तथ्याङ्कः प्रत्येक सदस्यहरुको नाम, जम्मा क्षेत्रफल, प्राङ्गारिक प्रमाणिकरण गर्न चाहेको क्षेत्रफल, प्राङ्गारिक प्रमाणिकरण गर्न चाहेको उत्पादनका प्रकार र अनुमानित परिमाण, फार्मको विवरण, फार्मको इतिहास, व्यवस्थापन योजना आदि ।

(ग) कार्यविधि निर्देशिका : निवेदन दिने प्रकृया, प्राङ्गारिक गुणस्तर निर्धारण प्रकृया, प्रतिक चिन्ह (लोगो) प्राप्त गर्ने चरणहरु, दण्ड, सजाय र जरिवाना, प्रमुख सरोकारवालाहरुको भूमिका र जिम्मेवारी, निरीक्षण फारम, जिम्मेबारी बिभाजन र अनुगमन प्रकृया ।

(घ) प्राविधिक सल्लाह र सुझावहरु

९. **उत्पादकले पालना गरेको शर्तहरुको प्रमाणित गर्ने तरिका**: उत्पादकले पालना गर्नुपर्ने शर्तहरुको प्रमाणित गर्ने प्रकृयामा सरोकारवालाहरुको सहभागिता र सहयोगलाई प्रोत्साहन गरिनु पर्दछ र यसलाई सिक्ने अवसरको रुपमा लिइनु पर्दछ । प्रमाणित गर्ने प्रकृयामा देहाय बमोजिमका कुराहरु आवश्यक हुन्छन् :

(क) उत्पादकले पालना गर्नु पर्ने मापदण्ड र शर्तहरुका बारेमा सहभागितामूलक छलफल र साझा सहमतिको बिकास ।

(ख) सहमति भएका शर्तहरुको पालना प्रति सबैको लिखित प्रतिबद्धता ।

(ग) शर्तहरुको पालना गर्नका लागी आबश्यक क्षमता अभिवृद्धि, सहजीकरण, प्राविधिक र बजारीकरण सम्बन्धी छलफल तथा तालिम ।

(घ) उत्पादन फार्ममा गरिएका क्रियाकलापहरुको स्पष्ट विवरण ।

(ङ) उत्पादकले पालना गर्नुपर्ने शर्तहरुको प्रमाणित गर्ने प्रकृयामा साझा जिम्मेवारी र सबै सरोकारवालाहरुको सक्रिय सहभागिता ।

१०. **उत्पादकलाई सहयोग गर्ने संरचना** : सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीले उत्पादकहरुलाई विभिन्न तरिकाले सहयोग गर्नेछ । उत्पादकहरुलाई गरिने प्रमुख सहयोगहरु यस प्रकार हुन सक्छन् :

(क) उत्पादित वस्तुहरुको बजारीकरणको लागि सहयोग र सहजीकरण,

(ख) प्राङ्गारिक उत्पादनको लागि आवश्यक पर्ने प्राविधिक ज्ञान, शिप तथा यस सम्बन्धी अन्य जानकारी उपलब्ध गराउने ।

११. **प्रमाणित प्रतिक चिन्हः** उत्पादन गरिएको वस्तुहरु निश्चित मापदण्ड र शर्तहरुको पालना गरी उत्पादन गरिएको छ भन्ने जानकारी सहितको लिखित दस्तावेज उत्पादकलाई उपलब्ध गराईन्छ । यसरी उपलब्ध गराइएको "उत्पादकको प्रमाण-पत्र" को समयावधि एक वर्षको हुनेछ र प्रत्येक वर्ष प्रमाण-पत्रको नविकरण गर्नु पर्दछ । उत्पादित वस्तुको लागि "उत्पादकको प्रमाण-पत्र" उपलब्ध गराउँदा सो को साथमा "प्रमाणीत प्रतिक चिन्ह (लोगो)" पनि उपलब्ध गराउन सकिनेछ । उत्पादकलाई प्रमाणपत्र दिने यसको नविकरण गर्ने, लोगोको विकास गर्ने र यसको प्रयोगको नियमन गर्ने कार्य सहभागितामूलक गुणस्तर निर्धारण प्रणालीले चयन गरेको व्यवस्थापन समितिले गर्दछ ।

१२. **मूल्याङ्कन प्रकृया** : उत्पादकहरुलाई एक अर्काको फार्मको गुणस्तर निर्धारण प्रकृयामा मूल्याङ्कनकर्ताको रुपमा सहभागी गराउनु यस प्रणालीको एउटा महत्वपूर्ण पक्ष हो । यसको मूल्याङ्कन प्रकृयाको बारेमा सजिलो र सबैले बुझ्ने भाषामा स्पष्ट व्याख्या भएको हुनु पर्दछ । यसका लागि देहाय बमोजिम हुनु जरुरी छ :

(क) स्पष्ट भाषामा लेखिएको कार्यविधि निर्देशिका

(ख) कार्य शुरु गर्नु भन्दा पहिले तालिमको व्यवस्था

(ग) पहिलो वर्षको मूल्याङ्कन प्रकृयामा उत्पादक, उपभोक्ता, प्राविधिक बिशेषज्ञ र दक्ष श्रोत व्यक्तिहरु समेतबाट संयुक्त रुपमा मूल्याङ्कनको व्यवस्था

(घ) फार्मको व्यवस्थापन र सञ्चालन योजना

१३. **शुल्कः** सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली संचालनको लागि आर्थिक श्रोतको रुपमा सरकारी अनुदान, गैह्र सरकारी संस्थाहरुको सहयोग, सदस्यता शुल्क, प्रमाणीकरण शुल्क साथै अन्य श्रोतबाट प्राप्त सहयोगहरु हुन सक्छन् । सहभागीतामुलक गुणस्तर निर्धारण प्रणालीको लागि आवश्यक संरचना स्थापना र यसको सञ्चालनका लागी आवश्यक पर्ने आर्थिक श्रोतको विषयमा शुरुमा छलफल तथा पहिचान हुनु पर्दछ ।

**१४. आवश्यक फारमहरु** : सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली संचालनको लागी बनाइने कार्यविधिमा सदस्यता फारम, खेतबारी निरिक्षण तथा मुल्यांकन फाराम, निरिक्षण प्रतिवेदन फाराम लगायतका फारमका ढाँचाहरु स्पष्ट रुपमा समाबेश गरिनु पर्दछ ।

**१५. मार्गदर्शनमा संशोधन**: नेपाल सरकार (सचिवस्तर) ले आवश्यकता अनुसार यो मार्गदर्शनमा संशोधन तथा थपघट गर्न सक्नेछ ।

# प्राङ्गारिक कृषि उत्पादनको सामुहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९

(नेपाल सरकारबाट स्वीकृत मिति २०६९।५।२९)

| | |
|---|---|
| पृष्ठभूमि | ६९ |
| परिच्छेद १ प्रारम्भिक | ७१ |
| परिच्छेद २ संस्थागत संरचना र जिम्मेवार पदाधिकारी | ७२ |
| परिच्छेद ३ आन्तरिक नियन्त्रण प्रणालीको क्षेत्र र क्रियाकलाप | ७९ |
| परिच्छेद ४ फार्म व्यवस्थापन र स्वीकृत गर्ने प्रकृया | ८५ |
| परिच्छेद ५ विविध | ८९ |
| अनुसुचि १ आन्तरिक प्राङ्गारिक मापदण्डको नमुना | ९१ |
| अनुसूचि २ कृषकको निवेदन | ९३ |
| अनुसूचि ३ कृषकहरुसँग लिखित करारनामा | ९४ |
| अनुसूचि ४ प्रारम्भिक निरीक्षण फारम | ९६ |
| अनुसूचि ५ कृषक संकेत नं राख्ने प्रकृया | १०० |
| अनुसूचि ६ गाउँको सामाजिक नक्सा | १०१ |
| अनुसूचि ७ आन्तरिक निरीक्षण प्रतिवेदन फाराम | १०२ |
| अनुसूचि ८ प्रमाणीकरण स्विकृती वा अस्विकृतीको निर्णय | १०५ |
| अनुसूचि ९ मापदण्ड उल्लंघन प्रतिवेदन | १०६ |
| अनुसूचि १० मापदण्ड विपरितका व्यवहारहरु र दण्ड सजायको ब्यवस्था | १०७ |

# प्राङ्गारिक कृषि उत्पादनको सामुहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९

## पृष्ठभूमि :

“प्राङ्गारिक कृषि” माटोको उर्वरापन, पर्यावरणीय प्रणाली र मानव स्वास्थ्यको सम्वर्द्धन गर्ने उत्पादन प्रणाली हो । यो पर्यावरणीय पद्धति, जैविक विविधता र स्थानीय परिवेश अनुसारको जैविक चक्र एवं प्रणालीमा आधारित छ । यसले परम्परा, अन्वेषण र विज्ञानलाई समायोजन गरी यसमा अन्तरनिहित पक्षहरुको स्वच्छ सम्बन्ध मार्फत गुणस्तरीय जीवन पद्धतिको प्रवर्द्धन गर्दछ । परम्परागत ज्ञान तथा सीपलाई समय सापेक्ष रुपमा परिवर्तन गरी प्राङ्गारिक कृषि प्रणाली अवलम्बन गर्दा प्रति ईकाई भूमिबाट अधिक उत्पादन हुनुको साथै सो क्षेत्रको पर्यावरण/वातावरण सन्तुलन राख्न सहयोग पुग्दछ । प्राङ्गारिक खेती प्रणालीको महत्व र फाइदा बुझिसकेका किसानले नेपालमा पनि कफी, चिया र अन्य केही बालीहरुमा यो पद्धति शुरु गरी उपभोक्तालाई सुरक्षित र गुणस्तरीय खाद्य वस्तु उपलब्ध गराउन थालिसकेका छन् र प्राङ्गारिक कृषिको क्षेत्रमा क्रमिक रुपले वृद्धि भैरहेको छ । स्थानीय प्राकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र सन्तुलित उपयोग गरी दिगो कृषि व्यवस्थापन मार्फत कृषि क्षेत्र एवं मुलुकको आर्थिक विकास गर्ने लक्ष्य हासिल गर्नमा प्राङ्गारिक कृषि प्रणालीले महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास गर्न सकिन्छ । यस सन्दर्भमा प्राङ्गारिक कृषि प्रणालीको विकासका लागि यसका आधारभूत सिद्धान्त तथा प्राविधिक आधारहरुको एकिन गरी प्राङ्गारिक उपजहरुको गुणस्तर निर्धारण, मापन र प्रमाणीकरणका लागि प्रकृयागत व्यवस्था हुनु अति महत्वपूर्ण देखिन्छ । कुनै पनि व्यवसायिक उत्पादनको उत्पादक र उपभोक्ताहरु बीचको दूरी धेरै हुन्छ । यी दुई पक्ष महत्वपूर्ण भएता पनि एक अर्कासँग अपरिचित हुन्छन् । तसर्थ, उपभोक्ताले उपभोग गर्ने वस्तुमा कुनै पनि हानिकारक रसायनिक पदार्थ छैन भन्ने कुराको विश्वास दिलाउनु र त्यसका लागि प्रत्यक्ष प्रमाणको आधार तयार पार्न अत्यन्त आवश्यक हुन्छ । यही प्रमाणको आधार नै प्राङ्गारिक

प्रमाणीकरण हो जसले उपभोक्तालाई उत्पादन प्रति विश्वस्थ बनाउँछ । तसर्थ अग्रिम रुपमा पहिचान गरिएको र विश्वासिलो प्रकृया अपनाई निर्धारित गुणस्तर कायम गर्नको लागि पूरा गर्नु पर्ने आवश्यक शर्तहरु पूरा गरिएको छ भनि प्राङ्गारिक उत्पादनलाई तेश्रो पक्षले दिने लिखित सुनिश्चिततालाई प्राङ्गारिक प्रमाणीकरण भनिन्छ ।

अर्को तर्फ हेर्ने हो भने विश्वका धेरैजसो कृषकहरू प्राय: दुर्गम क्षेत्रमा बस्ने साना कृषक भएकाले निरीक्षणको लागि धेरै समय लाग्दछ । यसको साथै एक जना कृषकको कृषि उत्पादनबाट हुने कूल आम्दानी प्राङ्गारिक निरीक्षण तथा प्रमाणीकरण गर्न लाग्ने खर्चको तुलनामा निकै कम हुने गर्दछ । त्यसकारण विकासोन्मुख देशका साना कृषकहरू र प्राङ्गारिक प्रमाणीकरण निकाय मिलेर सामूहिक प्रमाणीकरण प्रणालीको विकास गरेका छन्, जसले समूहगत रूपमा उत्पादकको हैसियतले प्राङ्गारिक मापदण्डको पालना गरे/ नगरेको अनुगमन एवं निरीक्षण गरी प्रमाणित गर्दछ । सामूहिक प्रमाणीकरणको मूल आधार नै सदस्यहरू बीचको आत्मियता र सहयोगी भावना भएकाले यसलाई आन्तरिक नियन्त्रण प्रणालीको रूपमा चिनिएको छ । आइफोम **(IFOAM, International Federation of Organic Agriculture Movement)** को परिभाषा अनुसार आन्तरिक नियन्त्रण प्रणाली भनेको प्राङ्गारिक उत्पादनको गुणस्तर किटानी गर्ने एक लिखित दस्तावेज हो, जसमा वाह्य प्राङ्गारिक प्रमाणीकरण निकायले समूहका हरेक सदस्यहरूको वार्षिक निरीक्षण गर्न सोही समूह अन्तर्गत गठन भएको समितिलाई अनुमति दिन्छ । आन्तरिक निरीक्षण प्रणाली संचालन गर्ने समूह/सहकारी संस्था/संघले प्रत्येक समूह सदस्यहरूले बाली उत्पादन गर्ने क्रममा तोकिएको प्राङ्गारिक उत्पादन मापदण्ड अनुसार काम गरे नगरेको हेर्दछ र प्राङ्गारिक प्रमाणीकरण निकायले आन्तरिक नियन्त्रण प्रणालीले सही ढङ्गमा काम गरे नगरेको मूल्याङ्कन गर्दछ । मूल्याङ्कन गर्ने क्रममा प्राङ्गारिक प्रमाणीकरण निकायले मुख्यतया आन्तरिक नियन्त्रण प्रणालीको रेकर्ड राख्ने तौरतरिका, त्यस अन्तर्गतका कर्मचारीहरूको योग्यता तथा आवश्यकता अनुसार केही कृषकहरूको पून: निरीक्षण गर्दछ । यसै अन्तर्गत आन्तरिक नियन्त्रण प्रणालीले निर्धारण गरेको प्राङ्गारिक मापदण्डको आधारमा कृषकको सबै गतिविधिहरुको अभिलेख राखि प्राङ्गारिक प्रमाणीकरण प्रकृयालाई

व्यवस्थित पार्ने उद्देश्यले नेपाल सरकारले यो निर्देशिका तयार गरि लागु गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "प्राङ्गारिक कृषि उत्पादनको सामुहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आन्तरिक नियन्त्रण प्रणाली" भन्नाले प्राङ्गारिक गुणस्तर किटानी गर्ने एक लिखित दस्तावेज सम्झनुपर्छ, र सो शब्दले वाह्य प्राङ्गारिक प्रमाणिकरण निकायले समूहका हरेक सदस्यहरुको वार्षिक निरिक्षण गर्न सोही समूह अन्तर्गत गठन भएको गुणस्तर व्यवस्थापन समितिलाई अनुमति प्रदान गर्ने, साना कृषकहरूलाई संगठित गराई प्राङ्गारिक प्रमाणीकरणमा पहुँच बढाउने र प्रमाणीकरणको खर्च घटाई उनीहरूको प्राङ्गारिक उत्पादनको बिक्रीमा सहयोग पुऱ्याउने प्रणाली समेतलाई जनाउँछ ।

(ख) "प्राङ्गारिक उत्पादन क्षेत्र" भन्नाले प्राङ्गारिक कृषिको सिद्धान्त अनुसार खेती प्रणाली अपनाईएको क्षेत्र सम्झनुपर्छ ।

(ग) "साना किसान" भन्नाले तुलनात्मक रुपमा थोरै जमिनमा व्यवसायिक रुपमा नभई निर्वाहमूखि रुपमा खेतीपाती गर्ने कृषक सम्झनुपर्छ ।

(घ) "तेस्रो पक्ष" भन्नाले अग्रिम रुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रकृया अपनाई कुनै प्राङ्गारिक कृषि उत्पादन तथा प्राङ्गारिक प्रशोधित उपजको निर्धारित गुणस्तर कायम गर्न

सम्पूर्ण शर्तहरु पुरा गरिएको छ भनि लिखित सुनिश्चितता दिने प्राङ्गारिक प्रमाणिकरण निकाय सम्झनुपर्छ ।

(ङ) "प्रमाणीकरण निकाय" भन्नाले प्राङ्गारिक पदार्थ भनी बजारीकरण कार्यका लागि उत्पादन, प्रशोधन, परिचालन, नामाङ्कन र आयात कार्यको मूल्यांकन गर्ने निकाय सम्झनुपर्छ ।

(च) "प्रमाणीकरण" भन्नाले अग्रिम रुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रकृया अपनाई कुनै पनि कृषि उपजको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नु पर्ने शर्तहरु पुरा गरिएको छ भनी तेस्रो पक्षले दिने लिखित सुनिश्चिता सम्झनुपर्छ ।

(छ) "निरीक्षण" भन्नाले कुनै कृषि उपजको उत्पादन, प्रशोधन तथा वितरण प्रकृया निर्धारित मापदण्ड अनुसार छ/छैन भनी सम्वन्धित स्थलमा गई वास्तविकता पत्ता लगाउन गरिने अनुगमन र निरिक्षणको कार्य सम्झनुपर्छ ।


(ज) "निरीक्षक" भन्नाले प्रमाणीकरण गर्ने निकायले सम्बन्धित कृषि उपजको उत्पादन, प्रशोधन तथा वितरण प्रकृया निरीक्षण गर्नका लागि नियुक्त गरेको व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद - २
## संस्थागत संरचना र जिम्मेवार पदाधिकारी

३. **संस्थागत संरचना**: (१) बाली उत्पादन गर्ने स्थानको वस्तुस्थिति, कृषक वा कृषक समूहको संख्या, प्राङ्गारिक खेती गरिने क्षेत्रफल र त्यसको अवस्थिति साथै प्रमाणीकरणमा लगिने बाली तथा प्रमाणीकरण गर्ने निकायको आधारभूत आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको संरचनात्मक ढाँचा फरक रुपमा तयार गरिने छ ।

(२) उपदफा (१) बमोजिम संरचना तयार गर्दा न्यूनतम आवश्यकता पुरा गर्ने गरी बनाउनु पर्नेछ ।

(३) उपदफा (१) अनुसारको संरचनात्मक ढाँचा बनाउँदा समूह/सहकारीले देहाए बमोजिमको संरचना बनाउनु पर्नेछ ।




४. **आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवार पदाधिकारीहरु:** (१) यस निर्देशिका बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सहज रुपमा संचालन गर्नको लागि समूह/सहकारीले न्यूनतम रुपमा देहाए बमोजिमका समितिको गठन तथा पदहरुको सृजना गरेको हुनुपर्नेछ :-

(क) आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन समिति

(ख) आन्तरिक स्वीकृति समिति

(ग) संयोजक

(घ) आन्तरिक निरीक्षक

(ङ) फिल्ड सहजकर्ता

(२) उपदफा (१) बमोजिम गठन हुने आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन समितिको काम, कर्तव्य देहाए बमोजिम हुनेछ :-

(क) आन्तरिक नियन्त्रण प्रणाली संचालन प्रकृया व्यवस्थापन गर्ने,

(ख) आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका **(ICS Manual)** तयार गरी लागु गर्ने,

(ग) आन्तरिक मापदण्ड तयार गरी सम्बन्धित पक्षलाई वितरण गर्ने,

(घ) आन्तरिक स्वीकृति समितिको निर्णय लागु गर्ने,

(ङ) मानव श्रोत विकास कार्यक्रम संचालन गर्ने,

(च) आन्तरिक तथा बाह्य निरीक्षण व्यवस्थापन गर्ने,

(छ) संगठनात्मक संरचनाले काम गरे नगरेको हेरी आवश्यक फेरबदल गर्ने

(३) यस दफा बमोजिम आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापक हुनको लागि देहाएको योग्यता पुरा गरेको हुनु पर्नेछ :

(क) प्राङ्गारिक खेतीबारे स्पष्ट जानकारी भएको

(ख) आन्तरिक नियन्त्रण प्रणाली संचालन प्रकृया व्यवस्थापन सम्बन्धि ज्ञान भएको

(ग) आन्तरिक मापदण्ड सम्बन्धी ज्ञान भएको

(घ) आन्तरिक स्वीकृति प्रकृया सम्बन्धि जानकारी भएको

(ङ) निश्पक्ष रुपमा काम गर्ने सीप भएको

(४) उपदफा (१) बमोजिम गठन हुने संयोजकको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ :-

(क) आन्तरिक स्वीकृति समितिसँग समन्वय गर्ने,

(ख) प्रमाणीकरणको लागि प्रमाणीकरण निकायसँग समन्वय गर्ने,

(ग) कृषक दर्ता,

(घ) जोखिम व्यवस्थापन गर्ने,

(ङ) आन्तरिक निरीक्षणको लागि निरिक्षकहरु खटाउने,

(च) फिल्ड सहजकर्तासँग समन्वय गरी काम गर्ने, र अभिलेख व्यवस्थापन गर्ने

(५) यस दफा बमोजिमको संयोजकको लागि देहाए बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछ :-

(क) आन्तरिक नियन्त्रण प्रणाली संचालन प्रकृया सम्बन्धी ज्ञान भएको

(ख) मानब श्रोत व्यवस्थापन गर्न सक्ने

(ग) अभिलेख व्यवस्थापन गर्न सक्ने

(घ) प्रमाणीकरण निकायसँग समन्वय गर्न सक्ने

(ङ) प्राङ्गारिक कृषिबारे स्पष्ट जानकारी भएको

(६) उपदफा (१) बमोजिमको आन्तरिक स्वीकृति समितिको काम, कर्तव्य देहाए बमोजिमको हुनेछ :-

(क) आन्तरिक निरीक्षकको प्रतिवेदनको समिक्षा गर्ने

(ख) आन्तरिक स्वीकृतिको निर्णय गर्ने (सम्बन्धित कृषकको अभिलेख, समूहको नीति नियम र मापदण्ड तथा आन्तरिक निरीक्षकको प्रतिवेदनको आधारमा)

(ग) सम्बन्धित कृषकले सुधार गर्नु पर्ने पक्षहरुको पहिचान गरी सो विषयमा आवश्यक निर्णय गर्ने ।

(घ) आवश्यकता अनुसार दण्ड सजायको सिफारिश गर्ने

(ङ) आन्तरिक रुपमा स्वीकृति प्राप्त गरेका कृषकहरुको सूची तयार गर्ने, र (प्राङ्गारिक कृषक र रुपान्तरण अवधिका कृषकहरुको बेग्ला बेग्लै रुपमा)

(च) दण्ड सजाय दिनु पर्ने कृषकहरुको लिष्ट तयार गर्ने

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक स्वीकृति दिने व्यक्ति र आन्तरिक निरीक्षक फरक फरक व्यक्ति हुनु पर्नेछ ।

(८) यस दफा बमोजिमको आन्तरिक निरीक्षकको काम, कर्तव्य र अधिकार देहाए बमोजिमको हुनेछ :

(क) किसानको खेतबारीको अवलोकन गरी प्रतिवेदन तयार गर्ने


(ख) किसानले राखेका अभिलेखहरु (रेकर्ड) को निरीक्षण गर्ने

(ग) किसानहरुसँग अन्तरवार्ता लिने

(घ) किसानका घर परिवार सदस्य तथा अन्य छिमेकीहरुसँगको अन्तरवार्ता लिने (किसानले भने गरेका क्रियाकलाप र आन्तरिक नियन्त्रण प्रणाली समितिमा दाखिला भएका रेकर्डहरु मिल्ने र फरक पक्ष छुट्याउने) र

(ङ) निरीक्षण फारम भर्ने र प्रतिवेदन तयार गरी संयोजकलाई बुझाउने ।

# आन्तरिक निरिक्षक




(९) यस दफा बमोजिमको आन्तरिक निरीक्षकको लागि देहाए बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछ :

- (क) प्राङ्गारिक खेतीबारे स्पष्ट जानकारी भएको,
- (ख) आन्तरिक नियन्त्रण प्रणाली संचालन प्रकृया व्यवस्थापन सम्बन्धी ज्ञान भएको,
- (ग) आन्तरिक मापदण्ड सम्बन्धी ज्ञान भएको,
- (घ) आन्तरिक निरीक्षकको तालिम लिएको, र
- (ङ) आन्तरिक नियन्त्रण प्रणाली कार्यालयमा सूचीकृत भएको ।

(१०) यस दफा बमोजिम नियुक्त हुने आन्तरिक निरीक्षक निरिक्षण गरिने कृषकको नजिकको नातागोता भित्रको हुनुहुदैंन ।

(११) यस दफा बमोजिम कृषक फिल्ड सहजकर्ताको काम, कर्तव्य र अधिकार देहाए बमोजिमको हुनेछ :

- (क) कृषकलाई रेकर्ड राख्न तथा जग्गाको नक्सा बनाउन सहयोग गर्ने
- (ख) सबै कृषकहरुको प्रारम्भिक निरीक्षण फारम भर्ने
- (ग) अभिलेख (आवश्यक रेकर्डहरु) व्यवस्थापन गर्न संयोजकलाई सहयोग गर्ने
- (घ) कृषकहरुलाई आन्तरिक मापदण्डबारे जानकारी दिने

(ङ) सुधार गर्नु पर्ने पक्षहरुबारे सम्बन्धित कृषकलाई जानकारी गराउने


(च) उत्पादन रेकर्ड राख्ने

(छ) उत्पादन सामाग्री व्यवस्थापन गर्ने

(ज) उत्पादन अनुमान तयार गर्ने, र

(झ) तालिम व्यवस्थापन गर्ने

## फिल्ड सहजकर्ता / सल्लाहकार




(१२) उपदफा (११) अनुसारको कृषक फिल्ड सहजकर्ता हुनका लागि देहाए बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछ :

(क) आन्तरिक नियन्त्रण प्रणाली संचालन प्रकृया सम्बन्धि ज्ञान भएको

(ख) मानव श्रोत व्यवस्थापन गर्न सक्ने

(ग) अभिलेख व्यवस्थापन गर्न सक्ने

(घ) प्राङ्गारिक खेतीबारे स्पष्ट जानकारी भएको र

(ङ) आन्तरिक मापदण्डबारे स्पष्ट जानकारी भएको

(१३) उपदफा (१) मा लेखिए बमोजिमको समिति तथा पद बाहेक समुह/सहकारीले आवश्यकता अनुसार अन्य पद तथा समितिहरुको सिर्जना गरी कामको बाँडफाड गर्न सक्नेछ ।

**५. क्षमता अभिवृद्धिः (१)** आन्तरिक नियन्त्रण प्रणाली संचालनमा संलग्न रहेका विभिन्न पद तथा समितिमा रही काम गर्ने पदाधिकारीहरु तथा कृषकहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिमका कार्यक्रमहरु नियमित रुपमा संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षमता अभिवृद्धि कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने निकायले कृषक, प्रशोधक, व्यापारी, कर्मचारी सबैको लागि आवश्यक पर्ने तालिम तथा जानकारीको व्यवस्था मिलाउनु पर्नेछ ।

**६. साना किसानको लागि सामुहिक प्रमाणीकरण** : साना किसानहरुको सामूहिक प्रमाणीकरण गर्नको लागि देहाएका शर्तहरु पूरा भएको हुनुपर्नेछ :

(क) सामूहिक प्रमाणीकरणको व्यवस्थापनको लागि एक कार्य समिति हुनु पर्दछ । उक्त समितिले समूहका प्रत्येक सदस्यले प्राङ्गारिक मापदण्डको पालना गरे/नगरेको निधो गर्ने जिम्मेवारी वहन गर्नु पर्दछ । यस्ता समिति स्वत:स्फूर्त रूपमा बनेका कृषक समूह, सहकारी वा संघ संस्था तथा ब्यापारी वा प्रशोधक हुन सक्दछन् ।

(ख) कृषकहरु एउटै समूहमा दर्ता भएको हुनु पर्दछ । प्रत्येक कृषकको व्यक्तिगत रूपमा प्रमाणीकरण नभई समूहमा आबद्ध सदस्यहरूको सामूहिक रुपमा प्रमाणीकरण गरी समूहको नाममा प्रमाण-पत्र दिइन्छ । समूहका कुनै एक सदस्यले ब्यक्तिगत रुपमा प्रमाण पत्रको प्रयोग गर्न पाइदैन ।

(ग) प्रत्येक समूह सदस्यले सम्झौता अनुसारको प्राङ्गारिक मापदण्ड तथा नियमको पालना गर्ने प्रतिबद्धता जनाउनु पर्दछ र आफ्नो उत्पादन क्षेत्रको निरीक्षणको लागि अनुमति दिनु पर्दछ ।

(घ) सामूहिक प्रमाणीकरण गर्ने सम्बन्धित संस्थाले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्थापन गर्दछ । जस अन्तर्गत समूहका हरेक सदस्यको व्यक्तिगत विवरणका साथै सदस्यले अपनाएको प्रविधिको विवरणको अभिलेख (रेकर्ड) राख्ने र वर्षको कम्तिमा एक पटक निरीक्षण गर्नु पर्दछ ।

(ङ) संस्थाले आन्तरिक नियन्त्रण प्रणालीको आधारमा हरेक सदस्यले प्राङ्गारिक मापदण्ड अनुसार काम गरे/नगरेको निरीक्षण गरी जुन सदस्यले मापदण्डको पालना गरेको हुँदैन उसलाई मापदण्डमा तोकिएको नियमानुसार कारवाही गर्नेछ ।

७. **मापदण्ड उल्लेख गर्ने**: कृषकहरुले आफुले उत्पादन गर्ने कृषि उपज कुन मापदण्ड अनुसार प्रमाणित गर्ने हो सो को उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद- ३
## आन्तरिक नियन्त्रण प्रणालीको क्षेत्र र क्रियाकलाप

८. **आन्तरिक नियन्त्रण प्रणालीको क्षेत्र**: (१) यस निर्देशिका अनुसार कृषकहरुले आन्तरिक नियन्त्रण प्रणाली सहज रुपमा सञ्चालन गर्नका लागि अवलम्बन गर्नु पर्ने सम्पूर्ण प्रकृयाहरु लिपिबद्ध रुपमा समाबेस गरी आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) अनुसार तयार गरिने निर्देशिकामा देहाय बमोजिमका क्रियाकलापहरु समाबेस गरिएको हुनुपर्दछ :

(क) आन्तरिक नियन्त्रण प्रणाली संचालन प्रकृया,
(ख) आन्तरिक नियन्त्रण प्रणालीको संगठनात्मक संरचना र कार्यविभाजन,
(ग) आन्तरिक मापदण्ड,
(घ) आन्तरिक निरीक्षण,
(ङ) फार्म नियन्त्रण,
(च) स्वीकृति प्रकृया,
(छ) जोखिम व्यवस्थापन,
(ज) आन्तरिक नियन्त्रण प्रणालीमा संलग्न सबै पदाधिकारीहरु लगायत कृषकहरुको क्षमता बिकास कार्यक्रम, र
(झ) अभिलेख व्यवस्थापन

**९. आन्तरिक निर्देशिकाको वितरण**: (१) यो निर्देशिका देहायका ब्यक्ति र समितिलाई उपलब्ध गराइनेछ :-

| **ब्यक्ति वा समूह** | **उपलब्ध गराइने अंशहरु** |
|---|---|
| व्यवस्थापन समूह - | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका |
| आन्तरिक स्वीकृति समिति- | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका |
| आन्तरिक निरिक्षक - | आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका |
| फिल्ड सहजकर्ता - | आन्तरिक मापदण्ड, आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका |
| कृषक - | आन्तरिक मापदण्ड |

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशिका इच्छुक कृषकहरुको सुविधाको लागि आन्तरिक नियन्त्रण प्रणालीको कार्यालयमा राख्नु पर्नेछ ।

**१०. आन्तरिक निर्देशिकाको सुधार र अद्यावधि** :(१) यस निर्देशिकालाई आवश्यकता अनुसार देहाएका अवस्थामा परिमार्जन गरी लागु गरिनेछ :

(क) प्रमाणीकरण मापदण्ड परिवर्तन भएमा ।

(ख) निर्देशिकाले तोकेको विधि बमोजिम काम हुन नसकेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बाली लगाउने समय शुरु हुनुभन्दा अघि आवश्यकता अनुसार वर्षको एक पटक निर्देशिकामा सुधार गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको परिमार्जित निर्देशिका आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन समूहबाट स्वीकृत गराइनेछ ।

(४) उपदफा (१) बमोजिम परिमार्जित अंश सम्बन्धित पक्षलाई उपलब्ध गराउने जिम्मेवारी आन्तरिक नियन्त्रण प्रणाली संयोजकको हुनेछ ।

(५) निर्देशिका परिमार्जन भएको खण्डमा नयाँ निर्देशिकाको सबै अंश सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(६) यस निर्देशिका सबै पक्षलाई पुगे नपुगेको तथा सबै पक्षले स्पष्टसँग बुझ्े नबुझ्ेको निक्यौल गर्ने जिम्मेवारी आन्तरिक नियन्त्रण प्रणाली संयोजकको हुनेछ ।

**११. संस्था र प्राङ्गारिक कृषि प्रणालीको विवरण** : (१) प्राङ्गारिक प्रमाणीकरण गर्नको लागि आन्तरिक नियन्त्रण प्रणाली संचालन गर्ने संस्थाको बारेमा आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन समितिलाई संक्षिप्त रुपमा जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने जानकारीमा प्राङ्गारिक खेती गरिने क्षेत्र (उत्पादन क्षेत्र) तथा आन्तरिक नियन्त्रण प्रणाली सञ्चालित क्षेत्रको हावापानी, भू-वनावट, कृषि प्रणाली, कृषकको अवस्था आदिका विवरण उल्लेख गर्नु पर्नेछ ।

**१२. आधारभूत जोखिमको लेखाजोखा** : (१) जोखिमहरु आन्तरिक रुपमा पत्ता लगाई बस्तुको गुणस्तर बिग्रनबाट जोगाउनु पर्दछ । तसर्थ जोखिम न्यूनिकरण गर्न आन्तरिक नियन्त्रण प्रणाली टोली चनाखो हुन जरुरी छ । आन्तरिक नियन्त्रण प्रणालीमा यस प्रकारका जोखिमहरुको सम्भाब्य स्थान, अवस्था एवं प्रकृतिका बारेमा उल्लेख गरेको हुनु पर्छ ।

(२) प्राङ्गारिक कृषि उत्पादनको क्रममा आउन सक्ने जोखिमको स्थान देहाय बमोजिम हुन सक्नेछ :

(क) बाली उत्पादन स्थल: वाली उत्पादन स्थलको सम्बन्धमा देहाएका जोखिम आउन सक्नेछन् :

(अ) किसान प्राङ्गारिक कार्यक्रम तर्फभन्दा बजार, उत्पादनको मूल्य एवं कार्यक्रमबाट प्राप्त हुने निशुल्क सामाग्री प्रति लालायित हुने अवस्था ।

(आ) किसानले आफ्नो मात्रै नभई नातेदार (जो दर्ता भएका छैनन्) को उत्पादन पनि मिसाएर बिक्री केन्द्रसम्म पठाउने तथा बिक्री गर्ने बानी ।

(इ) किसानले नातेदारको उत्पादन पनि पठाउँदा आन्तरिक नियन्त्रण प्रणाली अर्न्तगत काम गर्ने कर्मचारी पर्याप्त मात्रामा गम्भीर नहुँदा पनि समस्या आउन सक्छ । यस्तो अवस्थामा उत्पादन अनुमान, उत्पादन दिन सक्ने बालीको परिमाण जस्ता कुराले जोखिम पत्ता लगाउन सकिन्छ ।

(ख) बाली ओसार पसार गर्दा हुने जोखिम देहाएका अनुसारको हुनेछ :

(अ) बाली ओसार पसारमा संलग्न ब्यक्तिहरु गम्भीर नहुनु ।

(आ) सञ्चालकलाई प्राङ्गारिक मापदण्ड सम्बन्धि जानकारी नहुनु ।

(इ) सञ्चालकले प्राङ्गारिक उत्पादनको मात्रै छुट्टै सञ्चालन नगर्नु ।

(ई) छुट्टै भण्डार नहुने, नामाङ्कन पूर्जा नराख्ने, बोराहरु जथाभावी प्रयोग गर्ने जस्ता अवस्थामा पनि प्राङ्गारिक उत्पादनको गुणस्तर ह्रास हुन सक्छ ।

**१३. आन्तरिक मापदण्डः** (१) यस निर्देशिका अनुसार आन्तरिक मापदण्डले कृषि उपज उत्पादनसँग सम्बन्धित प्रकृया तथा कृयाकलापहरुको बारेमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डले कृषक सदस्यहरुको वाली उत्पादन प्रकृया र गुणस्तरको आन्तरिक रुपमा नियन्त्रण गर्नको लागि मार्गनिर्देशन गर्नेछ ।

(३) उपदफा (१) अनुसारको आन्तरिक मापदण्डमा देहाय बमोजिमको विषयहरु समेटिएको हुनुपर्नेछ :-

(क) प्राङ्गारिक उत्पादन गर्ने क्षेत्रफल,

(ख) प्राङ्गारिक रुपान्तरण प्रकृया,

(ग) रुपान्तरण अवधि,

(घ) सिमाना (मध्यवर्ती क्षेत्र),

(ङ) समानान्तर उत्पादन,

(च) उत्पादनमा प्रयोग हुने सामाग्री र तरिका जस्तैः वीउ, मलखाद, दिगो माटो व्यवस्थापन, बाली संरक्षणमा प्रयोग गर्न पाइने कृषि सामाग्रीहरु,

(छ) सम्भाव्य मिसावट, र

(ज) बाली कटानी तथा बाली उत्पादनोपरान्त गरिने कृयाकलापहरु

(४) उपदफा (१) बमोजिमको आन्तरिक मापदण्डमा समावेश भएका विषयवस्तुहरु र तिनले कृषकहरुमा पार्ने प्रभावको बारेमा आन्तरिक नियन्त्रण प्रणालीका कर्मचारीहरु एवं सबै कृषकले बुझ्न सक्ने भाषामा लेखिएको हुनु पर्नेछ ।

(५) आन्तरिक मापदण्ड तयार गर्दा स्थानिय अवस्थालाई मध्य नजर राख्दै उपज बिक्री हुने बजारको माग र मापदण्ड दुबैलाई ध्यान राखी तयार गर्नुपर्नेछ ।

(६) बाह्य मापदण्डहरु समयानुकुल परिमार्जन भैरहने भएकाले आन्तरिक मापदण्डलाई पनि सोही अनुकुल परिमार्जन गर्दै रहनु पर्दछ । मापदण्डलाई समय र परिस्थिति अनुसार हेरफेर गर्न पनि सकिन्छ । जस्तै: सबै कृषकहरुले प्राङ्गारिक उत्पादन मात्र गरिरहेका छन् भने समानान्तर उत्पादन प्रकृयाका बारेमा मापदण्डमा उल्लेख नगरे पनि हुन्छ । नेपालको राष्ट्रिय मापदण्डमा विशेष अवस्थामा पोटासियम मल प्रयोग गर्न पाइने कुरा लेखिएको भएतापनि स्थानीय रुपमा उक्त मल प्रयोग गर्न नपाईने नीति बनाउन सकिन्छ ।

(७) यस निर्देशिका अनुसार तयार गरिने आन्तरिक मापदण्डको ढाँचा अनुसूचि १ मा उल्लेख भए अनुसार हुनेछ ।

**१४. आन्तरिक नियन्त्रण प्रणालीको अभिलेखीकरण**: (१) आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित सम्पूर्ण अभिलेखहरु ब्यवस्थित तवरले राख्नुपर्नेछ ।

(२) प्राङ्गारिक प्रमाणीकरण कार्यक्रममा संलग्न हुने हरेक कृषकको व्यक्तिगत फाइल तयार गरी प्रमाणीकरणको लागि आवश्यक पर्ने सबै अभिलेखहरु ब्यवस्थित तरिकाले राख्नु पर्दछ र निरीक्षणको समयमा उपलब्ध गराउनु पर्दछ ।

(३) उपदफा (२) बमोजिमको अभिलेखहरु राख्ने क्रममा देहाएका पक्षहरु समेटेर फार्म अभिलेख तयार गरी कार्यालयमा राख्नु पर्नेछ :

(क) आन्तरिक मापदण्डको पालना अनिवार्य रुपमा गर्नेछु भनी कृषकसँग लिखितरुपमा औपचारिक करारनामा वा सम्झौता गरिएको दस्तावेज,

(ख) कृषकको खेतबारीको प्रारम्भिक अनुगमन प्रतिवेदन, जसमा प्रतिबन्धित पदार्थहरु प्रयोग गरिएको अन्तिम मिति समेत उल्लेख भएको हुनु पर्दछ,

(ग) खेतबारीको नक्सांकन गरी राख्नु पर्दछ ,

(घ) बाली उत्पादनमा प्रयोग भएका कृषि सामग्रीहरूको विवरण स्रोत (कहाँबाट ल्याइएको), जस्तैः बीउ आपूर्तिकर्ताको प्रमाणीकरण-पत्र, बाह्य श्रोतको प्राङ्गारिक मलको प्रयोग गर्नु परेमा, मलको प्रमाणीकरण-पत्र, बाली संरक्षणमा प्रयोग भएको सामग्रीको पूर्ण विवरण, खरिद गरिएका कृषि सामग्रीहरू (मल, विषादि, बीउ) को विस्तृत विवरण सहित सक्कल बिल राख्नु पर्ने ,

(ङ) वार्षिक रुपमा गरिएको आन्तरिक निरीक्षण प्रतिवेदन कृषकलाई दिईएको सल्लाह सुझाव, तालिम आदि ।

(च) प्राङ्गारिक र अन्य तरिकाबाट खेती हुने दुवै क्षेत्रको पूर्ण क्रियाकलाप र मितिका साथै प्लट नं., सिमाना छुट्याउने प्रष्ट चिन्ह र छिटाको असर पर्न सक्ने खतरा समेत उल्लेख गरेको पूर्ण अभिलेख,

(छ) कृषि प्रविधिहरू विशेष रूपमा मलखाद र रोग तथा कीरानाशक विषादिहरूको पूर्ण विवरण राखेको कृषकको दैनिकी पुस्तिका,

(ज) वाली उत्पादन रेकर्ड (प्लट नं., भित्र्याइएको मिति, उत्पादन परिमाण),

(झ) भण्डारण अभिलेख (भण्डारणमा राखेको मिति र झिक्ने मिति),

(ञ) प्राङ्गारिक उत्पादनको ओसारपसार रेकर्ड (खेतवारीदेखि भण्डार र भण्डारदेखि प्रशोधन केन्द्र), र

(ट) नयाँ खेतबारीहरु थपिएको अवस्थामा उक्त जग्गाको इतिहास, जसमा पहिलेको जग्गा धनीले गरेको क्रियाकलाप पनि उल्लेख गर्नु पर्दछ ।

(४) यस दफा बमोजिम समितिले प्राङ्गारिक कृषि उत्पादन कार्यक्रममा संलग्न हुने कृषकहरुको सुचि तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सुचिमा हरेक कृषकको नाम, संकेत नम्बर, कूल क्षेत्रफल, प्राङ्गारिक खेती गर्ने जग्गाको क्षेत्रफल वा बोट संख्या, प्राङ्गारिक कृषकको रुपमा दर्ता भएको मिति, आन्तरिक निरीक्षण गरिएको मिति, आन्तरिक निरिक्षकको नाम, आन्तरिक निरीक्षणको नतिजा आदि गतिविधिहरुको उल्लेख गरिएको हुनु पर्नेछ । दण्ड सजाय पाएका कृषकहरुको सूचि जसमा दण्ड सजाय दिनु पर्ने कारण र अवधि समेत समावेश भएको हुनु पर्नेछ ।

## परिच्छेद- ४
## फार्म व्यवस्थापन र स्वीकृत गर्ने प्रकृया

**१५. नयाँ किसानहरुको दर्ता**: आन्तरिक नियन्त्रण प्रणालीसँग आवद्धताको लागि कृषकले देहाएको प्रकृया पुरा गरेको हुनु पर्नेछ :

(क) सामान्यतया आन्तरिक नियन्त्रण प्राङ्गारिक कृषि उत्पादन कार्यक्रममा भाग लिन चाहने जो कोहीले पनि यस कार्यक्रमबाट उपलव्ध गराएको अनुसूचि २ मा उल्लेखित ढाँचाको निवेदन फारम भरी आन्तरिक नियन्त्रण प्रणाली संयोजकलाई पेश गर्नु पर्नेछ ।

(ख) कृषकहरूको निवेदन विधिवत दर्ता भइसके पछि प्राङ्गारिक कृषि उत्पादन कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुलाई कार्यक्रमको आवश्यक शर्तहरुबारे जानकारी गराई (छलफल गरी) कृषकहरुलाई सो शर्तहरु मन्जुर भएमा कृषकहरुसँग अनुसूचि ३ अनुसारको लिखित करारनामा गरिने छ ।

(ग) संयोजकले निरिक्षक खटाई सम्बन्धित कृषकको खेतबारीको प्रारम्भिक निरीक्षण गराउने छ र खेतबारीको लागि अनुसूचि ४ अनुसारको प्रारम्भिक निरीक्षण फारम भराई राख्ने छ ।

(घ) प्राङ्गारिक कृषि उत्पादन कार्यक्रममा संलग्न हुने हरेक कृषकलाई अनुसूचि ५ बमोजिमको संकेत नं दिई व्यक्तिगत फाइल तयार गरी राख्नु पर्नेछ ।

(ङ) प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम संचालन गरिने क्षेत्रको सामाजिक नक्सा तयार पारी त्यसमा संलग्न हुने सदस्य कृषकहरुको अनुसूचि ६ बमोजिम नक्साङ्कन बनाई राख्नु पर्नेछ ।

**१६. आन्तरिक सम्झौताहरुः** (१) आन्तरिक नियन्त्रण प्रणालीको लागि कृषक र कृषक समूह बीचको सम्झौता, कृषक समूह र सहकारी बीचको सम्झौता, आन्तरिक नियन्त्रण प्रणाली संचालन गर्ने निकाय र प्रमाणिकरण गर्ने निकाय बीचको सम्झौता, बिक्री तथा प्रसोधनकर्तासँगको सम्झौता लगायतका विभिन्न सम्झौताहरु गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका सम्झौताहरुमा कुन कुन निकाय के के क्रियाकलापमा संलग्न हुने, कसको काम, कर्तब्य र अधिकार के हुने आदि विषयहरुमा स्पष्ट लेखिएको हुनुपर्नेछ र सोही सम्झौताको आधारमा रही आन्तरिक नियन्त्रण प्रणाली लागु तथा सञ्चालन हुनेछ ।

**१७. आन्तरिक निरीक्षणः** (१) आन्तरिक निरीक्षण आन्तरिक नियन्त्रण प्रणालीको एक महत्वपूर्ण पक्ष हो जसले प्राङ्गारिक उपजको गुणस्तर नियन्त्रण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आन्तरिक मापदण्डमा उल्लेखित आवश्यकता अनुसार कृषकले बाली व्यवस्थापन गरेको छ वा छैन भनेर अधिकार प्राप्त अधिकारीले गर्ने एक औपचारिक निरीक्षण नै आन्तरिक निरीक्षण हो जसमा हरेक किसानले न्यूनतम मापदण्डको पालना गरेको हुनुपर्छ । प्राङ्गारिक उत्पादन कार्यक्रममा संलग्न सम्पूर्ण कृषकहरुको वर्षको कम्तिमा एक पटक आन्तरिक निरीक्षण अनिवार्य रुपमा गर्नु पर्दछ । कुनै पनि किसानको आन्तरिक

निरीक्षण कहिले गर्ने भन्ने कुरा त्यस क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने संस्थाको निर्णय, किसानको समयको उपलब्धताका साथसाथै खेतीवालीको मौसम र वाह्य निरीक्षणको समय सवै ख्याल गरेर आन्तरिक निरीक्षणको योजना तयार गर्नु पर्दछ । आन्तरिक निरीक्षण गर्दा सम्बन्धित कृषक वा कृषक प्रतिनिधिको उपस्थितिमा आन्तरिक निरीक्षण गरिनु पर्दछ ।

(२) निरीक्षणको समयमा कृषकको खेतवारीको अवलोकन, कृषकले राखेका अभिलेखहरुको निरीक्षण, कृषकहरुसँगको अन्तरवार्ता, कृषकका घर परिवार सदस्य तथा अन्य छिमेकीहरुसँगको अन्तरवार्ता, कृषकले भने गरेका क्रियाकलाप, उत्पादन सामाग्रीहरु तथा उत्पादित कृषि उपजको भण्डारण तरिका, उत्पादनोपरान्त स्याहार्ने तरिका, पशुपालन र आन्तरिक नियन्त्रण प्रणाली समितिमा दाखिला भएका अभिलेखहरु आदिको अध्ययन तथा निरीक्षण गर्नु पर्दछ । यदि कृषकको दोस्रो पटक निरीक्षण गरिएको हो भने सम्बन्धित कृषकले अघिल्लो वर्ष दिइएको सुझाव कार्यान्वयन गरेको छ छैन सो को समेत निरीक्षण गर्नु पर्दछ ।

(३) आन्तरिक निरीक्षकले तोकिएको कृषकहरुको निरीक्षण गरी आन्तरिक निरीक्षण फारम अनुसूचि ७ बमोजिम प्रतिवेदन तयार गरी दस्तखत गर्नु पर्नेछ र सो प्रतिवेदनमा सम्बन्धित कृषक वा प्रतिनिधिको समेत दस्तखत गराई सो प्रतिवेदन संयोजकलाई बुझाउनु पर्नेछ । निरीक्षणको समयमा यदि कृषकले मापदण्ड विपरित काम गरेको पाइएमा निरिक्षकले संयोजकलाई तुरुन्तै खबर गर्नु पर्दछ र मापदण्ड उल्लघंन गरेमा अपनाउनु पर्ने प्रकृया अनुसारको प्रतिवेदन समेत तयार गरी संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

१८. **उत्पादन अनुमानः** (१) प्रत्येक कृषकले कुनै पनि बाली लगाए पछि तुरुन्तै आन्तरिक नियन्त्रण समितिमा उत्पादनको अनुमान पेश गर्नु पर्नेछ । तर, वहुवर्षिय बालीको हकमा प्रत्येक उत्पादन मौसमको सुरुवातमा नै उत्पादनको अनुमान गरि पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसार उत्पादन अनुमान गर्नाले कृषकले बिक्री गरेको मात्रा र आफ्नो उत्पादनको मात्राको आधारमा मूल्याङ्गन गरी प्रमाणित गर्न सजिलो पर्दछ ।

**१९. आन्तरिक स्वीकृति गर्ने प्रकृया** : (१) प्रत्येक वर्ष आन्तरिक निरीक्षकले प्राङ्गारिक कृषकको सबै खेतबारी निरीक्षण पछि दिएको प्रतिवेदनलाई अध्ययन पछि अधिकार प्राप्त निकाय (आन्तरिक स्वीकृति समिति वा आन्तरिक स्वीकृति ब्यवस्थापक) ले कृषकहरुको अनुसूचि ८ बमोजिमको आन्तरिक स्वीकृति वा अस्वीकृतिको निर्णय प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने निर्णयको क्रममा सम्बन्धित कृषकले सुधार गर्नु पर्ने पक्ष देखिएमा सो को समेत निर्धारण गर्नु पर्नेछ । र अन्त्यमा कृषकहरुको आन्तरिक स्वीकृति सहितको सूचि तयार गर्नु पर्नेछ ।

**२०. वाह्य निरीक्षण र प्रमाणीकरण** : (१) प्राङ्गारिक प्रमाणीकरण निकायले वाह्य निरीक्षणको क्रममा प्रमुख रुपमा आन्तरिक नियन्त्रण प्रणालीले सही ढङ्गमा काम गरेको छ वा छैन भनी मूल्याङ्कन गर्नेछ ।

(२) आन्तरिक निरीक्षण प्रणाली संचालन गर्ने समूह/ सहकारी संस्था/ संघले प्रत्येक समूह सदस्यहरूले बाली उत्पादन गर्ने क्रममा तोकिएको प्राङ्गारिक मापदण्ड अनुसार काम गरे नगरेको हेर्नेछ ।

(३) मूल्याङ्कन गर्ने क्रममा प्राङ्गारिक प्रमाणीकरण निकायले मुख्यतया आन्तरिक नियन्त्रण प्रणालीको अभिलेख राख्ने तौरतरिका र आधारभूत अभिलेखहरु व्यवस्थित गरे नगरेको हेर्दछ भने त्यस अन्तर्गतका कर्मचारीहरूको योग्यताको पनि निरीक्षण गर्नेछ ।

(४) आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कनको आधारमा मापदण्डको पालना भए नभएको तथा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी रूपमा संचालन भए नभएको किटानी गर्न प्रमाणीकरण निकायले सो प्रणाली संचालन गरेको संस्था/समूह अन्तर्गतका समूह सदस्यहरूबाट नमूनाको रूपमा केही सदस्यहरूको पुन: निरीक्षण गर्नेछ ।

(५) आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन तथा केही कृषकहरुको पून: निरीक्षणको नतिजा अनुसार प्रमाणीकरण निकायले आन्तरिक नियन्त्रण प्रणाली संचालन गर्ने समूहलाई प्रमाणीकरण प्रमाण पत्र दिने वा नदिने निर्णय गर्नेछ ।

(६) वाह्य निरीक्षणको नतिजा अनुसार यदि उक्त संस्थाले सुधार गर्नु पर्ने पक्षहरु देखिएमा सम्बन्धित व्यक्तिलाई खबर गरी सुधार गर्ने पक्षको कार्यान्वयन निश्चित समयावधि भित्र गराउन सल्लाह दिनेछ ।

**२१. अन्य थप प्रकृयाहरु** : प्राङ्गारिक उपजहरुको प्रशोधन तथा बिक्री कार्यमा संलग्न ब्यक्ति, समूह वा संघ संस्थाले प्राङ्गारिक उपजहरुको गुणस्तर व्यवस्थापन गर्न प्राङ्गारिक उपजहरुको खरिद, प्रशोधन, ढुवानी, भण्डारण तथा स्याहार प्रकृयाको थप मापदण्ड तयार गरी सो प्रकृयाहरुको अवलम्बन गर्नु पर्दछ ।

## परिच्छेद- ५
## विविध

**२२. दण्ड सजायः** (१) यस निर्देशिका बमोजिम वाह्य प्रमाणीकरण निकायको मापदण्ड तथा तोकिएको आन्तरिक मापदण्ड विपरित उत्पादन तथा प्रशोधन गर्ने कृषक तथा समूहलाई आन्तरिक स्वीकृति समितिले गरेको दण्ड सजायको निर्णय आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन ईकाईले लागु गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दण्ड सजायको निर्णय गर्नु भन्दा अघि सम्बन्धित कृषकले गरेको गल्ती कार्यको विस्तृत प्रतिवेदन अनुसूचि ९ बमोजिम तयार गरी आन्तरिक नियन्त्रण प्रणाली संचालकको माइन्यूट फाइलमा माइन्यूटिङ्ग हुनु पर्नेछ ।

(३) यस दफा बमोजिम दण्ड सजायहरू कृषकले गरेको भूलको प्रकृति देहाए अनुसार हुनेछन् :-

(क) सामान्य सुधार गर्ने

(ख) यस्ता अमान्य क्रियाकलाप नदोहोऱ्याउने लिखित प्रतिवद्धता

(ग) क्षतिपूर्ति

(घ) उत्पादन खरिद नगर्ने

(ङ) रुपान्तरण समायावधि वढाउने

(च) जरिवाना

(छ) निलम्बन

(ज) प्राङ्गारिक प्रमाणीकरण कार्यक्रमबाट निष्काशन,

(झ) सदस्यता रद्द गर्ने ।

(४) कार्यान्वयन समिति वा ईकाईले सम्बन्धित कृषकलाई उसले गरेको गल्ती तथा सो उपर भएको कारवाहीको निर्णयको जानकारी गराउनु पर्नेछ ।

(५) निलम्बनमा परेका कृषकहरू निलम्वित कृषकको सूचीमा रहनेछन् तर, एक वर्षको निलम्बन भनी संकेत गरिनेछ ।

(६) निष्कासित कृषकहरूको नाम स्वीकृत कृषकको सूचीबाट हटाई निष्कासित सूचीमा राखिनेछ ।

(७) निलम्बित गरिएका कृषकहरूको निरीक्षण पनि वार्षिक रूपमा गरिनु पर्नेछ ।

२३. **पुनरावेदनः** (१) कृषकले पनि आफू विरुद्ध कार्यक्रमले गरेको दण्ड सजायको निर्णय विपरित पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गर्नु पर्दा सम्बन्धित कृषकले संयोजकलाई लिखित रुपमा आफ्नो पुनरावेदन दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कृषकहरुको पुनरावेदन परेमा संयोजकले पून: बिचारका लागि बैठक बोलाउनु पर्नेछ ।

(४) समितिको बैठकले पुरानै निर्णय सदर वा नयाँ निर्णय पनि गर्न सक्नेछ ।

(५) पुनरावेदन उपर पून: विचार भए पछि सोको जानकारी कृषकलाई गराइनेछ ।

२४. **निर्देशिकामा संशोधनः** नेपाल सरकारले आवश्यकता अनुसार यो निर्देशिकामा संशोधन तथा थपघट गर्न सक्नेछ ।

# अनुसुचि- १
## आन्तरिक प्राङ्गारिक मापदण्डको नमुना

१. प्राङ्गारिक कार्यक्रममा आबद्ध हुन चाहने कृषकले बाली लगाउनु भन्दा ३ महिना पहिले निवेदन दिनु पर्नेछ । आन्तरिक निरीक्षक समक्ष मुख्य बाली लगायत अन्य बालीमा रासायनिक कृषि सामग्री प्रयोग भए नभएको जानकारी दिनु पर्दछ । सबै नयाँ कृषक एवं नयाँ बारी (क्षेत्र) मा अस्वीकृत रासायनिक पदार्थ प्रयोग भए नभएको जाँच गरिन्छ । त्यस्तो सामग्री प्रयोग भएको भए अन्तिम प्रयोग पछिको ३ वर्षसम्म प्राङ्गारिक रूपान्तरण अवधिका रूपमा लिइनेछ ।

२. छुट्याईएको बारीको पूरै क्षेत्र र त्यस भित्रका सबै बालीमा कुनै पनि सामान्य (अप्राङ्गारिक) र अस्वीकृत पदार्थहरू जस्तै मल, बीउ, रोग कीरा र झारनासक विषादीहरूको प्रयोग गर्न पाईने छैन ।

३. सबै बिउ र बेर्नाहरू प्राङ्गारिक फार्मबाट ल्याउनु पर्दछ । नपाएको अवस्थामा सामान्य (अप्राङ्गारिक) श्रोतको बीउ, बेर्ना प्रयोग गर्न सकिन्छ तर रासायनिक विषादीले उपचार नगरेको हुनु पर्नेछ ।

४. माटोको उर्वराशक्ति कायम राख्न उपयुक्त खेती प्रविधिहरू जस्तै छापो राख्ने, कोशेवाली, हरियोमल, कम्पोष्ट आदिको प्रयोग गर्नु पर्नेछ ।

५ मलको रूपमा हरियो मल, गोबर मल, कम्पोष्ट, गाई बस्तुको गहूत र प्राङ्गारिक मललाई मात्र स्वीकारिनेछ । रोग तथा कीरानासक विषादीहरू स्थानीय बस्तुहरूसँग गाई बस्तुको गहुत मिलाएर वा नमिसाईकन बनाएको हुनु पर्दछ । कम्पोष्ट बनाउँदा व्यावसायिक कुखुरा पालन सामान्य (अप्राङ्गारिक) फार्मबाट ल्याईएको कुखुराको मल प्रयोग गर्नु हुदैन ।

६. रोग कीरा नियन्त्रणको लागि राष्ट्रिय मापदण्डमा उल्लेख भएका वाहेक कुनै पनि रासायनिक विषादी प्रयोग गर्न पाईदैन । स्थानीय जडिबुटी र अन्य सामग्रीहरू प्रयोग गरी बनाएको मल एवं विषादीहरूको मात्र प्रयोग गर्नु पर्नेछ ।

७. छिमेकीले प्रयोग गरेको रासायनिक पदार्थको छिटाको असर नपार्नका लागि राष्ट्रिय मापदण्डमा व्यवस्था भए अनुसारको मध्यवर्ति क्षेत्र हुनु पर्नेछ ।

९. किसानले कुनै पनि अस्वीकृत पदार्थहरू फार्ममा भण्डारण गर्नु हुदैन ।

१०. माटो बग्न वा भू-क्षय हुनबाट रोक्न आवश्यक परेमा कन्टुर बालीको व्यवस्था गर्नु पर्नेछ ।

११. पर्यावरण संरक्षणको लागि अनावश्यक रूपमा रुख बिरुवा काट्नु हुदैन, कुनै पनि प्राङ्गारिक पदार्थहरू एवं झारपात जलाउनु हुदैन, विषयुक्त सामग्रीहरू जस्तै ब्याट्री बारीमा फाल्न हुदैन र प्लाष्टिक जलाउनु हुदैन ।

१२. प्राङ्गारिक बालीको ओसार पसार गर्दा अप्राङ्गारिक तरिकाले उत्पादित बालीसँग नमिसिने कुराको पक्का गर्नु पर्नेछ ।

१३. यदि घरायसी उपयोगका लागि पशुपालन गरिएको भए, तिनको पालन पोषणमा आधारभूत प्राङ्गारिक सिद्धान्तहरूको पालना गरिएको हुनु पर्नेछ ।

# अनुसूचि- २
## कृषकको निवेदन

श्रीमान् अध्यक्षज्यू ,
आन्तरिक नियन्त्रण प्रणाली समिती
..........................

बिषय: प्राङ्गारिक प्रमाणिकरणको लागि आन्तरिक नियन्त्रण प्रणालीमा सहभागी गरि दिनु हुन ।

महोदय,
उपरोक्त सम्बन्धमा यस सहकारी/समूहले प्राङ्गारिक प्रमाणिकरणको लागि आन्तरिक नियन्त्रण प्रणाली संचालन गर्न लागि रहेकोले सो कार्यक्रममा मलाई पनि सहभागी गराई दिनु हुन अनुरोध गर्दछु ।

कृषकको नाम :
ठेगाना
दस्तखत

# अनुसूचि- ३
# कृषकहरुसँग लिखित करारनामा

## कृषक र समूह वा सहकारी बीचको सम्झौता

लिखितम ........................ जिल्ला ...................... गा.बि.स वडा नं. ..... बस्ने श्री .................................................................... (यसपछि "कृषक" भनिएको) तथा ............ समूह/सहकारी (यसपछि समूह/सहकारी भनिएको) का बीच भएको सम्झौता

कृषकले पालना गर्नुपर्ने शर्तहरु:

१) प्राङ्गारिक प्रविधिको नियम पालना गरी तोकिएको कृषि उपजको गुणस्तरीय उत्पादन गर्नेछु ।

२) कुनै पनि किसिमको रासायनिक मल तथा किटनाशक बिषादी खेतवारीमा प्रयोग गर्ने छैन ।

३) निम्न प्राङ्गारिक सिद्वान्तलाई पालना गरी बाली/तरकारी उत्पादन गर्नेछु :

   क) प्राङ्गारिक गुणस्तरयुक्त बीऊ, प्राङ्गारिक मल र प्राङ्गारिक तरिकाले रोग कीरा नियन्त्रण गरी उत्पादन गर्नेछु ।

   ख) माटोको उर्वराशक्ति बढाउन छापो, पराल, छ्वाली, भुस जस्ता बस्तुहरु नडढाई कुहाएर मलको रुपमा प्रयोग गर्नुका साथै हरियो मल प्रयोग गरी उत्पादन गर्नेछु ।

   ग) आवश्यकता अनुसार भू-क्षयको रोकथाम गर्नेछु ।

   घ) वातावरण प्रदुषित हुने कुराहरु जस्तै जथाभावी रुख बिरुवा नकाट्ने, डढेलो नलगाउने, प्लाष्टिक नबाल्ने तथा माटो अम्लीय हुने बस्तुहरु जथाभावी खेतबारीमा फाल्ने कार्य र तिनको प्रयोग पनि गर्ने छैन ।

४) छिमेकीको खेतवारीबाट कुनै पनि प्रकारको प्रदुषित पानी तथा अन्य वस्तुको प्रवेश हुन नदिन आवश्यक रोकथामको ब्यवस्था गर्नेछु ।

५) कथंकदाचित प्राङ्गारिक प्रविधियुक्त खेतवारीमा हानी नोक्सानी पुऱ्याउने खालका कुनै बस्तुहरु भेट्टाइएमा अविलम्व यस सहकारीलाई सूचना दिनेछु ।

६) प्राङ्गारिक प्रविधिवाट उत्पादन गर्न कबूल गरेको कुनै वा सबै बस्तु उत्पादन गर्दा हेलचेक्र्याई गरेमा, उत्पादन नै नगरेमा प्राङ्गारिक प्रविधि सम्वन्धी सिद्वान्तको विपरित कार्य गरेको ठहरिने र प्राङ्गारिक प्रविधिको मूल्य मान्यता विपरित कार्य भएको ठानी जुनसुकै सजायको भागी बनाएमा स्वीकार्न तयार छु ।

७) यस समूहका प्रतिनिधिले उत्पादन क्षेत्रमा कुनै पनि समय निरीक्षण तथा अनुगमन गर्न चाहेमा कुनै रोकतोक गर्ने छैन ।

<u>समूह/सहकारीले पालना गर्नुपर्ने शर्तहरु:</u>

१) प्राङ्गारिक प्रविधि अनुसार कृषि उपज उत्पादन गर्न कृषकलाई प्राङ्गारिक मापदण्ड प्रदान गरी सहयोग गर्नु पर्ने ।

२) प्राङ्गारिक प्रविधि अनुसार कृषि उपज उत्पादनको लागि खेतवारीको आन्तरिक निरीक्षण गराउनु पर्ने ।

३) आन्तरिक निरीक्षण प्रतिवेदनको आधारमा प्राङ्गारिक प्रमाणीकरणको लागि आन्तरिक निर्णय गर्ने ।

४) आन्तरिक नियन्त्रण प्रणालीमा सम्मिलित सबै कृषक सदस्यहरुको सम्पूर्ण विवरण राख्ने ।

५) कृषकलाई आवश्यक पर्ने सम्पूर्ण प्राविधिक सहयोग उपलब्ध गराउने ।

उपरोक्त शर्तहरु पढी बाँची त्यसको अर्थ र परिणाम समेत बुझी उपरोक्त वमोजिम शर्त बन्देजहरुको अधिनमा रहने गरि हामी दुवै पक्ष मन्जुर भएको हुँदा हामीहरुको मनोमानी राजीखुसीसँग निम्न साक्षीको उपस्थितिमा यो सम्झौतामा सहीछाप गरि एक-एक प्रति लियौं दियौं ।

कृषक | समूह/सहकारीको तर्फबाट
...................................................... | ..............................................................

साक्षी ..............................................................................................

ईति सम्वत् ............... साल  महिना  गते रोज  शुभम् .................

# अनुसूचि- ४
# प्रारम्भिक निरीक्षण फारम

फार्म विवरण (जग्गाको विवरण)

| जग्गाको विवरण | क्षेत्रफल | कैफियत |
|---|---|---|
| जम्मा जमीन (जग्गा) | ........... रोपनी | |
| खेत | ........... रोपनी | |
| बारी (पाखो) | ........... रोपनी | |
| चरन/खरबारी/जगंल | ........... रोपनी | |
| प्राङ्गारिक खेती गरेको क्षेत्रफल | ........... रोपनी | |
| प्राङ्गारिक जग्गामा रासायनिक पदार्थ प्रयोग गरेको अन्तिम मिति बर्ष .............. महिना .................... | | |

| कित्ता नं | क्षेत्रफल | खेत/ बारी | मोहडा पू/प/उ /द/उपू /उप/द पू/दप | प्रकार भिरालो/ भिरालो गह्रा/स मतल गह्रा | चार किल्ला | | | | भू क्षय समस्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पू | प | उ | द | छ / छैन |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

द्रष्टब्य : पू–पूर्व, प–पश्चिम, उ–उत्तर, द–दक्षिण,उ पू–उत्तर पूर्व, उ प–उत्तर पश्चिम, द पू–दक्षिण पूर्व, द प –दक्षिण पश्चिम

१. यदि कृषकले प्राङ्गारिक र अप्राङ्गारिक (रासायनिक विधि) दुवै प्रकारको खेती गरेको भएमा

| विवरण | हालको अवस्था | कैफियत |
|---|---|---|
| समबालीको उत्पादन | छ/छैन | |
| सिमा क्षेत्र | छ/छैन | |
| छुट्टै भण्डारण ब्यवस्था | छ/छैन | |

२. प्राङ्गारिक खेती गरिने क्षेत्रको पूर्ण विवरण

| कित्ता नं | कित्ताको नाम | कित्ताको क्षेत्रफल | प्रमुख बाली | अन्य बाली (अन्तर बाली) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३. प्राङ्गारिक कित्ता (जग्गा) नजिकै कुनै ठूलो उद्योग छ ? यदि छ भने कुन उद्योग छ ? उद्योगको नाम लेख्नुहोस् ।

४. जग्गाको विस्तृत विवरण

क.माटोको अवस्था

(माटो जाँचको रिर्पोट (नतिजा) अनुसार

| क्र स | माटोको गुणहरु | कित्ता १ | कित्ता २ | कित्ता ३ | कित्ता ४ | कित्ता ५ | कित्ता ६ | कित्ता ७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | माटोको प्रकार | | | | | | | |
| २ | माटोको अम्लियपना (पि एच) | | | | | | | |
| ३ | माटोमा प्राङ्गारिक पदार्थको मात्रा | | | | | | | |
| ४ | माटोमा नाइट्रोजनको मात्रा | | | | | | | |
| ५ | माटोमा फस्फोरसको मात्रा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | माटोमा पोटासको मात्रा | | | | | | | |
| ७ | माटोमा अन्य खाद्यतत्वको मात्रा | | | | | | | |
| ८ | अन्य | | | | | | | |

## ख. सिंचाई सुविधा (व्यवस्थापन)

| क स | सिचाईको स्रोत तरिका | कित्ता १ | कित्ता २ | कित्ता ३ | कित्ता ४ | कित्ता ५ |
|---|---|---|---|---|---|---|
| १ | परम्परागत कुलो | | | | | |
| २ | आकासे पानीको भर | | | | | |
| ३ | प्लाष्टिक पाइपबाट | | | | | |
| ४ | वर्षाको पानी संकलन गरे पछि सिंचाई गर्ने | | | | | |
| ५ | अन्य तरिका केही गरेको भए लेख्ने | | | | | |

## ग. आफ्नो घर वा फार्ममा उत्पादन हुने कृषि सामाग्रीहरु

| क.सं | घर फार्ममा उत्पादन हुने सामाग्रीहरु | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | गोठे मल ,कम्पोष्ट मल | | |
| २ | भेडा/ बाख्राको मल | | |
| ३ | कुखुरा, परेवाको मल | | |
| ४ | गोबर ग्यासको मल | | |
| ५ | गाई वस्तुको गहुँत | | |
| ६ | अन्य मलहरु केही भए | | |

## (घ) पशुपालनको विवरण

| गाई/गोरु (संख्या) | भैंसी/राँगो (संख्या) | भेंडा/बाख्रा (संख्या) | कुखुरा हाँस (संख्या) | अन्य (संख्या) | अन्य (संख्या) | अन्य (संख्या) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

५.	विशेष प्रकारको बाली केही छ भने लेख्नुहोस् ।
जस्तै : जडीबुटी खेती .....
सुगन्धित बाली.....

६.	अन्य कुनै सहायक पेशा छ भने उल्लेख गर्नुहोस् ।
सिकर्मी/डकर्मी, ज्यालादारी मजदुरी, दुध ब्यवसाय, कुखुरापालन, बाखापालन, मौरीपालन अन्य..........

७. उत्पादन योजना

| वर्ष/ सिजन | कित्ता नं | यस वर्ष खेती गरिने/ गरिएको क्षेत्रफल | | गत वर्षको उत्पादन | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा क्षेत्रफल (रोपनी) | प्राङ्गारिक खेतीको क्षेत्रफल | प्रमुख बाली | | अन्तरबाली | |
| | | | | बालीको नाम | बालीको उत्पादन | अन्तरबालीको नाम | अन्तरबालीको उत्पादन |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. जग्गाको नक्सा (हरेक कित्ता स्पष्टसँग देखिने गरी नक्सा बनाउने

# अनुसूचि- ५

## कृषक संकेत नं राख्ने प्रकृया

जस्तै : भ/२०६८/द ३/०१

- कृषकको बसोवास भएको जिल्ला (भक्तपुर = भ)
- आन्तरिक नियन्त्रण प्रणालीमा सहभागी भएको वर्ष (२०६८)
- कृषकको बसोवास भएको गा.वि.स र वडा नम्बर (दधिकोट–३= द३)
- आन्तरिक नियन्त्रण प्रणालीमा सहभागी भएका कृषकहरु दर्ताको क्रम संख्या

| | | | |
|---|---|---|---|
| भ | ०६८ | द ३ | ०१ |

०१ → आन्तरिक नियन्त्रण प्रणालीमा सहभागी भएका कृषकहरुको दर्ताको क्रम संख्या नं १ बाट शुरु गरिने

द ३ → कृषकको बसोवास भएको गा.वि.स र वडा नम्बर

०६८ = आन्तरिक नियन्त्रण प्रणालीमा प्रवेश भएको वर्ष

भ = भक्तपुर (कृषकको बसोवास भएको जिल्लाको नाम

<u>नोट:</u>

- पहिलेका कृषकहरूले पहिलो वर्षको संकेत नं नै पाउनेछन् ।
- नयाँ सदस्यले पहिलेकै पुरानो सदस्यको क्रमानुसार नै समूहगत रूपमा संकेत नं. पाउनेछन् ।

# अनुसूचि- ६
# गाउँको सामाजिक नक्सा

आन्तरिक नियन्त्रण प्रणालीको संचालनका लागि आन्तरिक नियन्त्रण प्रणाली लागू गरिएको गाउँको सामाजिक नक्सा अत्यावश्यक हुन्छ। उक्त नक्सामा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रममा संलग्न किसानको घरधुरी संकेत, सामाजिक संरचनाहरु, वाटोघाटो, खोलानाला, जंगल, मन्दिर, प्रमाणिकरणमा संलग्न घरहरु र प्रमाणिकरण नभएका किसानहरु, सामाजिक साँध सिमानाहरु स्पष्ट देखिने खालको हुनु पर्दछ भने उक्त नक्सा तयार गरिएको मिति पनि उल्लेख हुनु पर्दछ।

# अनुसूचि- ७
# आन्तरिक निरीक्षण प्रतिवेदन फाराम
# (प्राङ्गारिक कृषि निरीक्षण प्रतिवेदन)

| | |
|---|---|
| कृषकको नाम : | कोड नं.: |
| आन्तरिक निरिक्षकको नाम : | निरीक्षण मिति : |
| निरीक्षणको प्रकार<br>☐ आन्तरिक निरीक्षण<br>☐ आकस्मिक निरीक्षण | निरीक्षणको समय<br>शुरु : .............. बजे<br>अन्त : .............. बजे |
| निरीक्षणको समयमा उपस्थित ब्यक्तिहरु : | |

खेतबारीको अभिलेख

| | | |
|---|---|---|
| कृषकको निवेदन फारम तथा सम्झौता छ कि छैन | छ ☐<br>छैन ☐ | ☐ पूर्ण छ<br>☐पूर्ण छैन, किन |
| लगानीको अभिलेख राखेको छ कि छैन | छ ☐<br>छैन ☐ | ☐ पूर्ण छ<br>☐सुधार |
| रासायनिक र प्राङ्गारिक तरिकाले एउटै खालको बाली/तरकारी लगाएको छ कि छैन<br>(समानान्तर उत्पादन) | छ ☐<br>छैन ☐ | यदि छ भने कुन कुन बाली/तरकारी लगाएको छ नाम लेख्नुहोस् । |
| मिश्रीत खेती प्रणालीको अवस्था | | |
| अन्तरबाली/घुम्तीबालीमा कोशेबालीको प्रयोग भएको छ कि छैन | छ ☐<br>छैन ☐ | |

| वीउ बेर्नाको श्रोत | ☐ छिमेकीबाट<br>☐ आफ्नै<br>☐ किनेर<br>☐ सरकारी कार्यालयबाट |
|---|---|
| | |

## प्राङ्गारिक कृषिको विवरण

| कित्ता नं | उत्पादन क्षेत्र | | प्राङ्गारिक बालीको प्रकार | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खेती गरिएको क्षेत्रफल | प्राङ्गारिक बाली/ तरकारी खेतीको क्षेत्रफल | मुख्य बाली | अनुमानित उत्पादन | अन्तर बाली | अनुमानित उत्पादन | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## माटो सुधार र मलको प्रयोग (प्रत्येक प्लट)

| कित्ता नं. | प्रयोग गरेको मलको प्रकार र गुणस्तर | | | कैफियत |
|---|---|---|---|---|
| | मलको नाम | मलको प्रयोग मात्रा | मलको श्रोत | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## विरुवाको रोग कीरा व्यवस्थापन

| कित्ता नं. | रोग कीराको प्रकार | व्यवस्थापन तरिका (के के कसरी प्रयोग गरियो) |
|---|---|---|
| | | |
| | | |
| झारपातको व्यवस्थापन तरिका : | | |
| प्राङ्गारिक जग्गामा रासायनिक मल र विषादिहरुको प्रयोग गरेको अन्तिम मिति : | | |

## मध्यवर्ति क्षेत्र (मीटरमा)

| कित्ता नं. | उत्तर | | दक्षिण | | पूर्व | | पश्चिम | | रासायनिक र प्राङ्गारिक खेती बीचको दुरी |
|---|---|---|---|---|---|---|---|---|---|
| | चौडाई | उचाई | चौडाई | उचाई | चौडाई | उचाई | चौडाई | उचाई | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

## मिसावटको जोखिम

| | | | | |
|---|---|---|---|---|
| पानी, कुलोबाट | ☐ छैन | ☐ कम छ | ☐ बढी छ | कैफियत : |
| वहाव, तरङ्ग, छिटाबाट | ☐ छैन | ☐ कम छ | ☐ बढी छ | कैफियत : |
| औजार (कुटो, कोदालो स्प्रेयर आदि बाट) | ☐ छैन | ☐ कम छ | ☐ बढी छ | कैफियत : |
| यदि बढी खतरा छ भने, मिसावटको प्रकार, कारण र कित्ता नं. उल्लेख गर्नुहोस् : | | | | |

## बाली भित्र्याउने र बाली भित्र्याए पछिको व्यवस्थापन

| | |
|---|---|
| बाली भित्र्याउने तरिका | ☐ हातले ☐ मेशिनले (कृपया व्याख्या गर्नुहोस्) |
| बेच्नको लागि तयारी | कृपया व्याख्या गर्नुहोस् |
| प्याकिङ्ग तरिका | |
| बारी देखि बेच्ने ठाउँसम्म ढुवानी | |

**निरिक्षकको सुझावहरु/सल्लाह र सिफारिश (निम्न पक्षहरु लेख्नु होस् : कृषकको धारणा, सुधारको लागि सुझावहरु, विरुवा (बाली) को अवस्था, कृषकको प्राङ्गारिक कृषि प्रतिको विश्वस्तता, अनुमानित उत्पादन, परियोजनालाई बिक्री गरिने उत्पादनको परिणाम आदि)**

| | |
|---|---|
| निरीक्षकको हस्ताक्षर | अन्तरवार्ता दिनेको हस्ताक्षर<br>☐ कृषक ☐ कृषकको प्रतिनिधि |

# अनुसूचि- ८
## प्रमाणीकरण स्विकृती वा अस्विकृतीको निर्णय

| प्रमाणीकरण निर्णय | उत्पादन स्थिति | बालीको प्रकार | प्रमाणीकरणका सर्तहरु/ कारणहरु |
|---|---|---|---|
| ☐ स्वीकृत नभएको<br>☐ रुपान्तरण स्वीकृति<br>☐ प्राङ्गारिक स्वीकृति<br>☐ निर्णय स्थगित | ☐ स्वीकृत नभएको<br>☐ रुपान्तरण स्थीतिमा<br>☐ प्राङ्गारिक | | |

निर्णय भएको मितिः ............................ ..................................................

आन्तरिक स्विकृति समिति

स्विकृत तथा अस्विकृत कृषकहरुको नामावली

| संकेत नं | नाम र ठेगाना | प्राङ्गारिक कित्ता संख्या | क्षेत्रफल | अनुमानित उत्पादन | प्राङ्गारिक प्रमाणीकरण निर्णय (स्वीकृत वा अस्वीकृत) | अस्वीकृत भएको भए कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूचि- ९
## मापदण्ड उल्लंघन प्रतिवेदन

मिति :
संकेत नं:

मापदण्ड विपरित काम गर्ने कृषकको नाम :

मापदण्ड विपरितको निम्न कार्यहरु भएको पाइयो ।

मापदण्ड विपरितको काम गरे वापत निम्न बमोजिमको निर्णय लिनु हुन सिफारिश गर्दछु ।

ठाउँ र मितिः निरिक्षकको हस्ताक्षर.......................

मैले मापदण्ड विपरित गरेका कार्यहरु बारेको प्रतिवेदन प्राप्त गरें ।

मापदण्ड विपरितको काम गरे वापत निम्न बमोजिम निर्णय गरिएको छ ।

ठाउँ र मितिः ......................

हस्ताक्षर
आन्तरिक नियन्त्रण प्रणाली संयोजक

# अनुसूचि- १०

## मापदण्ड विपरितका व्यवहारहरु र दण्ड सजायको व्यवस्था

| समस्या/व्यवहार | दण्ड सजायका प्रकार र गर्नुपर्ने क्रियाकलापहरू |
|---|---|
| १. किसानले बारीमा रासायनिक मल तथा विषादिको प्रयोग गरेको पाइएमा । | • उत्पादन लिइ सके नसकेको जाँच गर्ने ।<br>• विषादि प्रयोग भएको कित्तालाई सामान्य ( अप्राङ्गारिक) भनी घोषणा गर्ने ।<br>• ३ वर्षसम्मका लागि प्रमाणीकरण गर्न नसकिने ।<br>• सम्भवत किसानलाई समूहबाट निष्कासन गर्न सकिने । |
| २. प्राङ्गारिक खेतीमा लगाइएको बाली र रासायनिक खेतीमा लगाइएको बाली एउटै भएमा | • प्राङ्गारिक उत्पादन भए पनि खरिद नगर्ने<br>• किसानलाई थप तालिम दिने । |
| ३. घरायसी प्रयोजनका लागि प्राङ्गारिक बालीसँग लगाइएको अन्तरवालीमा रासायनिक मल वा विषादि प्रयोग भएमा | • एक वर्षका लागि निलम्बन गर्ने ।<br>• प्रमाणीकरण ३ वर्षसम्मका लागि गर्न नसकिने,<br>• सम्भवत किसानलाई समूहबाट निष्कासन गर्न सकिने । |
| ४. किसानले आफ्नो जग्गाको बेवास्ता गरी माटो सुधारका कुनै पनि उपायहरू र कम्पोष्ट बनाउने काम पनि नगरेमा | • मौखिक वा लिखित चेतावनी दिने ।<br>• थप तालिम दिने ।<br>• यदि दोहोरिएमा, सदस्याता कायम राख्ने कि नराख्ने बारे छलफल गर्ने । |
| ५. छिमेकी/साथीले उत्पादन गरेको सामान्य (अप्राङ्गारिक) उत्पादन प्राङ्गारिक उत्पादनसँग मिसाएमा | • मौखिक वा लिखित चेतावनी दिने ।<br>• थप तालिम दिने ।<br>• एक वर्षका लागि निलम्बन गर्ने ।<br>• यदि दोहोरिएमा, सदस्यता कायम राख्ने कि नराख्ने बारे छलफल गर्ने । |

# प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि प्रमाणीकरण शुल्क अनुदान उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्यविधि, २०६९

(नेपाल सरकारबाट स्वीकृत मिति २०६९।११।०८)

| | |
|---|---|
| प्रस्तावना | १११ |
| संक्षित नाम र प्रारम्भ | १११ |
| परिभाषा | १११ |
| प्रमाणीकरण शुल्क अनुदान प्राप्त गर्न चाहने निर्यातकर्ता छनौटका आधारहरू | ११२ |
| प्रमाणीकरण शुल्क अनुदान उपलव्ध गराइने आधार तथा विधि | ११३ |
| प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान निर्देशन समिति सम्बन्धी ब्यवस्था | ११४ |
| विविध | ११६ |
| संशोधन, खारेजी तथा बचाउ | ११६ |

# प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि प्रमाणीकरण शुल्क अनुदान उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्यविधि, २०६९

**प्रस्तावना:**

राष्ट्रिय कृषि नीति २०६१ को दफा ३१ मा उल्लेखित प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न प्राङ्गारिक खेती गरी कृषि वस्तु निकासी गर्ने उत्पादन क्षेत्रमा उत्पादीत कृषि वस्तुहरुको गुणस्तर प्रमाणीकरणको लागी टेवा पुर्‍याउने उद्देश्यले नेपाल सरकारबाट आ.ब. २०६६/०६७ देखि हालसम्म प्राङ्गारिक कृषि उत्पादन निर्यात गर्नको लागि प्रमाणीकरण शुल्क अनुदान उपलव्ध गराउँदै आएकोले सो रकमको व्यवस्थित एवं पारदर्शि रुपमा सदुपयोग गरि त्यस्ता प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि अनुदान उपलब्ध गराउने प्रकृयालाई सहज बनाउन वाञ्छनीय भएकोले नेपाल सरकार, कृषि विकास मन्त्रालयले यो "प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि प्रमाणीकरण शुल्क अनुदान उपलब्ध गराउने ब्यवस्था सम्बन्धी कार्यविधि, २०६९" स्वीकृत गरी लागू गरेको छ ।

१. **संक्षित नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि प्रमाणीकरण शुल्क अनुदान उपलब्ध गराउने ब्यवस्था सम्बन्धी कार्यविधि, २०६९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्राङ्गारिक कृषि उत्पादन" भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालयद्धारा जारी गरिएको "प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्वन्धी निर्देशिका, २०६४" बमोजिम उत्पादित कृषि उत्पादन सम्झनुपर्छ । सो शब्दले प्राङ्गारिक प्रशोधित कृषि, बन, तथा पशुजन्य उपज समेतलाई जनाउनेछ ।

(ख) "प्राङ्गारिक प्रमाणीकरण" भन्नाले अग्रिम रुपमा पहिचान गरिएको एवं विश्वासिलो प्रक्रिया अपनाई कुनै प्राङ्गारिक कृषि उत्पादनको निर्धारित गुणस्तर कायम गर्नका लागि पुरा गर्नुपर्ने शर्तहरु पुरा गरिएको छ भनि प्रमाणीकरण निकायले दिने लिखित सुनिश्चितता सम्झनुपर्छ ।

(ग) "प्रमाणीकरण निकाय" भन्नाले प्राङ्गारिक कृषि उत्पादन भनी बजारीकरण कार्यका लागि उत्पादन, प्रशोधन, परिचालन, लेवलिङ्ग र आयात कार्यको मूल्याङ्कन गर्ने निकाय सम्झनुपर्छ ।

(घ) "प्रमाणीकरण शुल्क" भन्नाले प्रमाणीकरण निकायले प्राङ्गारिक प्रमाणीकरण गरे वापत लिने शुल्क सम्झनुपर्छ । सो शब्दले आन्तरिक नियन्त्रण प्रणालीमा लाग्ने खर्च समेत जनाउनेछ ।

(ङ) "निर्यातकर्ता" भन्नाले यस कार्यविधि बमोजिम प्रमाणीकरण शुल्क अनुदान प्राप्त गर्न चाहने प्राङ्गारिक कृषि उत्पादन निर्यात गर्ने व्यक्ति, संघ संस्था, सहकारी संस्था, कम्पनी एवं निजी फर्म सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा ५ को उपदफा १ बमोजिम गठीत प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान निर्देशन समिति सम्झनुपर्छ ।

३ **प्रमाणीकरण शुल्क अनुदान प्राप्त गर्न चाहने निर्यातकर्ता छनौटका आधारहरु** : (१) निर्यातकर्ता प्रचलित कानून बमोजिम सम्वन्धित निकायमा दर्ता एवं नविकरण भएको हुनु पर्नेछ । साथै आवेदनको साथ नियमित कर तिरेको प्रमाण समेत संलग्न गरेको हुनु पर्नेछ ।

(२) प्राङ्गारिक कृषि उत्पादन निर्यातकर्ताले प्रमाणीकरण शुल्क भुक्तानीका लागि आवेदन गर्दा प्राङ्गारिक कृषि उत्पादनको प्राङ्गारिक प्रमाणीकरण गरेको प्रमाण एवं निर्यातित बस्तुको परिमाण र मूल्य खुल्ने गरी भन्सार बिन्दुबाट निर्यात गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(३) अनुदान माग गर्ने निर्यातकर्ताले आफूले निर्यात गर्न चाहेको प्राङ्गारिक कृषि उत्पादन अनुमानित निर्यात परिमाण र मूल्य खुलेको लिखित विवरण अनुदान भुक्तानी गर्ने निकायमा

भुक्तानी माग गर्नु भन्दा कम्तिमा ६० दिन अगावै दर्ता गर्नु पर्नेछ । प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान माग गर्दा सम्पूर्ण प्रमाणहरु संलग्न राखी सोही आ.व. को जेष्ठ मसान्त भित्र अनुदान भुक्तानी गर्ने निकायमा आवेदन गरि सक्नु पर्नेछ । उपरोक्त विवरण अन्तर्गत निर्यात योग्य प्राङ्गारिक कृषि उत्पादन वा संकलन गरिने क्षेत्र र कृषक समूह सम्बन्धी विवरण समेत पेश गर्नु पर्नेछ ।

(४) निर्यातित प्राङ्गारिक कृषि उत्पादन नेपाल सरकारको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्वन्धी निर्देशिका, २०६४ मा व्यवस्था भए अनुसारको सम्बन्धन प्रदायक निकायबाट सम्वन्धन प्राप्त गर्ने कुनै अन्तर्राष्ट्रिय तथा स्थानीय प्रमाणीकरण निकायबाट प्रमाणित गरिएको हुनु पर्नेछ । राष्ट्रिय प्राङ्गारिक कृषि सम्वन्धन प्रदायक निकायवाट कार्यविधि तयार भई सम्वन्धन प्रदान गर्ने कार्य प्रारम्भ नहुँदा सम्म अन्तर्राष्ट्रिय सम्वन्धन प्राप्त प्रमाणीकरण निकायबाट भएको प्रमाणीकरणलाई नै मान्यता दिई कार्य संचालन गरिने छ ।

**४. प्रमाणीकरण शुल्क अनुदान उपलव्ध गराइने आधार तथा विधिः**

(१) प्राङ्गारिक कृषि उत्पादनको निर्यात प्रवर्द्धनका लागि निर्यातित प्राङ्गारिक कृषि उत्पादनको प्राङ्गारिक प्रमाणीकरणमा लागेको खर्च अनुदान स्वरुप भुक्तानी गरिने छ ।

(२) अनुदान प्राप्त गर्ने निर्यातकर्तालाई निर्यात परिमाण र मूल्यका आधारमा प्रति इकाई बस्तु निर्यातका लागि बजेटमा व्यवस्था भए बमोजिम पहिलो वर्षको लागि शत प्रतिशत, दोस्रो वर्ष पचहत्तर प्रतिशत र तेस्रो वर्ष देखि जतिसुकै वर्ष भएतापनि पचास प्रतिशत प्रमाणीकरण शुल्क अनुदान उपलव्ध गराईने छ । प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान दिई वचत हुन आउने रकम प्राङ्गारिक कृषक डायरी, फरमेट छपाई, आन्तरिक नियन्त्रण प्रणाली तालिम, आन्तरिक र वाह्य निरिक्षण आदिमा अनुदान उपलव्ध गराउन सकिनेछ ।

(३) प्रमाणीकरण शुल्क वापतको रकम भुक्तानी दिंदा निर्यातित प्राङ्गारिक कृषि उत्पादनको कृषक सहकारी मार्फत प्राङ्गारिक कृषि उत्पादन निर्यात भएमा सो आर्थिक वर्षमा भएको कूल निर्यात मूल्यको तीस प्रतिशत सम्म, सहकारी-निजी साझेदारी कार्यक्रम अन्तर्गत कृषक समूह/सहकारी मार्फत निर्यात भएमा बीस प्रतिशत सम्म, र निजी क्षेत्रबाट निर्यात भएमा दश प्रतिशतमा नवढने गरी अनुदान दिइने छ ।

(४) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि उपलब्ध बजेटको परिधि भित्र रही बजेट कमी भएका अवस्थामा प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान भुक्तानीका लागि रितपूर्वक पर्न आएका आवेदन अनुसार निर्यातित मूल्यको अनुपातको आधारमा रकम भुक्तानी गरिने छ ।

(५) कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रमले प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान निर्देशन समितिको सचिवालयको रुपमा प्राङ्गारिक प्रमाणीकरण वापतको शुल्क अनुदान स्वरुप प्रदान गर्न सूचना प्रकाशन गर्ने, रीतपूर्वक प्राप्त हुन आएका आवेदन दर्ता गर्ने, अङ्क विभाजन सहितको आवेदन मूल्याङ्कन गरी योग्यताक्रम तोकी प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान निर्देशन समितिमा पेश गर्ने समेतका कार्यहरु गर्ने छ ।

(६) प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान निर्देशन समितिको सचिवालयले प्रचलित आर्थिक ऐन, नियम बमोजिम भुक्तानी लेख्ने काम गर्नेछ ।

**५. प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान निर्देशन समिति सम्बन्धी व्यवस्था:**

(१) प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान उपलव्ध गराउने व्यवस्थालाई कार्यान्वयन तथा व्यवस्थापन गर्नको लागि कृषि विभाग अन्तर्गत देहाय बमोजिमको "प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान निर्देशन समिति" रहनेछ ।

| | | |
|---|---|---|
| (क) महानिर्देशक | कृषि विभाग | - संयोजक |
| (ख) कार्यक्रम निर्देशक | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय | - सदस्य |

| | | |
|---|---|---|
| (ग) प्रतिनिधि | पशु सेवा विभाग | - सदस्य |
| (घ) प्रतिनिधि | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | - सदस्य |
| (ङ) प्रतिनिधि | कृषि बस्तु निर्यात गर्ने संस्थाहरु मध्ये समितिले तोकेको एक जना | - सदस्य |
| (च) प्रतिनिधि | कृषि उद्यम केन्द्र | - सदस्य |
| (छ) प्रतिनिधि | व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र | - सदस्य |
| (ज) प्रतिनिधि | कृषि वातावरण तथा जैविक विविधता शाखा, कृषि विकास मन्त्रालय | - सदस्य |
| (झ) कार्यक्रम प्रमुख | कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, कृषि विभाग | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणलाई पारदर्शी, वैज्ञानिक र सरल बनाउन निजी क्षेत्रको परामर्श सेवा लिई कृषकबाट उत्पादित प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरण प्रकृयाको प्रारुप तयार गर्ने ।

(ख) प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान उपलव्ध गराउन निर्यातकर्ता छनौट गर्न अङ्क विभाजन सहितको मूल्याङ्कन फारम स्विकृत गर्ने ।

(ग) समितिको सचिवालयले मूल्याङ्कन गरी पेश गरेको योग्यताक्रम अनुसारको आवेदनहरु स्वीकृत गर्ने ।

(घ) यस कार्यविधिमा उल्लेख भएका कामहरु गर्ने, गराउने ।

(ङ) समितिले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी सो मार्फत कार्य सम्पादन गराउन सक्नेछ ।

(च) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सम्बन्धित संस्थाका प्रतिनिधिलाइ बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(छ) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको सचिवालय कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, कृषि विभागमा रहनेछ ।

६. **विविध** : (१) कृषि विकास मन्त्रालय अन्तर्गतका अन्य निकायहरुबाट प्राङ्गारिक प्रमाणीकरण शुल्क अनुदान दिनु पर्दा यसै कार्यविधि बमोजिम दिइने छ ।

(२) प्राङ्गारिक कृषि उत्पादनको प्रमाणीकरणको सम्वन्धमा यस कार्यविधिमा प्रष्ट नभएका विषयहरु प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्वन्धी निर्देशिका, २०६४ मा व्यवस्था भए बमोजिम हुने छ ।

(३) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा द्विविधा उत्पन्न भएमा कृषि विकास मन्त्रालयले गरेको ब्याख्या मान्य हुनेछ ।

७. **संशोधन, खारेजी तथा बचाउ**ः (१) नेपाल सरकारले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन तथा थपघट गर्न सक्नेछ ।

(२) प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रमाणपत्र निःशुल्क उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्यविधि, २०६६ खारेज गरिएको छ ।

(३) प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रमाणपत्र निःशुल्क उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्यविधि, २०६६ बमोजिम भए गरेका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

सम्पर्क ठेगाना:

**कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम**

हरिहरभवन, ललितपुर

फोन नं: ०१-५५५२९७१, ५०१०१०८

Email: mail@acepp.gov.np

Web page: www.acepp.gov.np